
# लेखापरीक्षण प्रतिवेदन

# वितर्मोड नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# विर्तामोड नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/65

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
विर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
झापा।

**कैफियतसहितको राय**

हामीले **विर्तामोड नगरपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३२ करोड २२ लाख ४६ हजार, गरिवसंग विश्वेश्वर कार्यक्रमको रु.७ लाख १० हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ८० लाख ७७ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ८६ लाख ९२ हजार, महामारी रोग नियन्त्रण कार्यक्रमको रु.२ लाख ६४ हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.२० लाख समेत गरी रु.३६ करोड १९ लाख ८९ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.३ अर्व २५ करोड ६८ लाख, २० हजार लेखापरीक्षण गरिएकोमा रू.११ करोड ५१ लाख ४८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.९६ लाख २० हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.७३ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५९ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.८ करोड ८६ लाख ८९ हजार र पेस्की बाँकी रु.३५ लाख ५६ हजार रहेको छ। गत वर्षसम्म रु.६९ करोड २५ लाख २५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.७२ करोड ५ लाख ३५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

४. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **विर्तामोड नगरपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत

आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभुतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **विर्तामोड नगरपालिका** व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्नु लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८४ | १०२ | ११,५१,४७,८८० | ० | १० | ९६,२०,२१७ | ० | ८४ | ९२ | १०,५५,२७,६६४ | ७३,६७,५९६ | ८,८६,८८,६२२ | ५९,१५,८८१ | ० | ० | ९,४६,०४,५०४ | ३५,५५,५६१ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | ६९,२५,२५,००० | ० | ७,७५,१७,७८९ | ६१,५०,०७,२११ | 0 | १०,५५,२७,६६४ | ७२,०५,३४,८७५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३१ | बसपार्कको आय बाँडफाँड | २१,०३,४१० |
| २ | २०८०/८१ | ६५.३ | फार्मेशी सञ्चालन | १९,६४,०९३ |
| ३ | २०८०/८१ | ८६ | नगर प्रशासकीय भवन | ३,३९,५५२ |
| ४ | २०८०/८१ | ९१ | कार्यसम्पादन जमानत | १,७२,०८२ |
| ५ | २०७९/८० | १२९ | सोझै खरिद : | १३,६६,४१९ |
| ६ | २०७९/८० | ७५ | शीर्षक फरक पारी खर्च : | २७,७७,२९८ |
| ७ | २०७९/८० | ७६ | वडा समिति मार्फत रकमान्तर : | १५,१७,२७७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | १४८ | नगर अस्पतालतर्फ : | ३०,३१,१७० |
| ९ | २०७९/८० | ५५ | क्याम्पसलाई अनुदान : | ८,००,००० |
| १० | २०७९/८० | ७९ | कार्यक्रम सञ्चालन : | १,९९,९५० |
| ११ | २०७९/८० | ६१ | उपभोक्ता समितिमार्फत खरिद तथा कार्यक्रम सञ्चालन : | ३५,५९,००० |
| १२ | २०७९/८० | १०८ | अमानतबाट सिमा भन्दा बढीको कार्य : | १,५२,६१० |
| १३ | २०७८/७९ | ६१.२ | स्यानिटरी प्याड | ९,८८,९७६ |
| १४ | २०७८/७९ | १०१ | सोझै खरिदः | २५,५९,०५८ |
| १५ | २०७८/७९ | ५० | सैनिक क्याम्प, द्रोण मार्गको कार्य | २,६२,५०० |
| १६ | २०७८/७९ | ४४ | विस्तृत नापाजाँच | २१,६७,३७७ |
| १७ | २०७८/७९ | ९२ | मंगलु मिया-बेलगाछी मन्दीरको कालोपत्रे गर्ने कार्य | १०,३०,०५४ |
| १८ | २०७८/७९ | ७३ | फरक शिर्षक | ७०,४८२ |
| १९ | २०७८/७९ | ३३ | पान विल जारी | ५१,००० |
| २० | २०७८/७९ | ३४ | नगरपालिकाको ५ वर्षे प्रगति विवरण पुस्तिका | ७१,४०० |
| २१ | २०७८/७९ | १२१.१ | गार्डेनिङ पेवर्स र ट्रष्ट निर्माण कार्य | १९,२६,४०३ |
| २२ | २०७८/७९ | ८४ | कृषि मेशिनरी मर्मत केन्द्र स्थापना | १,५०,००० |
| २३ | २०७८/७९ | ३९.२ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणमा वढी भुक्तानी | १९,४७,६६० |
| २४ | २०७८/७९ | १०७ | असम्बन्धित खर्चः | २२,४७,४६३ |
| २५ | २०७८/७९ | ५३ | Construction of black top road prabhulal marga-2 | ८५,८२७ |
| २६ | २०७७/७८ | ४७.१ | स्वास्थ्य सशर्ततर्फः | ४८,४५,९३७ |
| २७ | २०७७/७८ | ३३ | सोझै खरिदः | २९,३८,५०६ |
| २८ | २०७७/७८ | ४५.३ | सेवा परामर्श खर्चतर्फः | ९,३७,५०० |
| २९ | २०७७/७८ | ३८ | बिधुत महशुलः | २६,७३७ |
| ३० | २०७७/७८ | ६४ | थप भुक्तानी | ६९,२४,४५० |
| ३१ | २०७७/७८ | ३०.२ | ठेक्का व्यवस्थापन र भुक्तानी प्रकृया | ३४,३०,९४८ |
| ३२ | २०७७/७८ | ४३ | खर्चको अवस्थाः | २५,०१,२८८ |
| ३३ | २०७७/७८ | ३५.१ | खरिद प्रकृयाको पालना स्थितिः | १७,६७,०३७ |
| ३४ | २०७७/७८ | ६३.२ | आ.ले.प. प्रतिवेदनको अवस्था | ४,७६,०१६ |
| ३५ | २०८०/८१ | ३१.१ | पेश्की | ५०,४१,०८० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | २०७८/७९ | २० | गत वर्षको भुक्तानी | १,१९,७३० |
| ३७ | २०७८/७९ | २२ | औषधी खरीद | १४,०९,०८३ |
| ३८ | २०७७/७८ | १६ | राजस्व रकम फिर्ता | १३,२१,४७८ |
| | | | सिस्टम लागू हुनुभन्दा अगाडीको आर्थिक बर्षकोः | |
| ३९ | २०७४/७५ | १७ | सीमा भन्दा वढीको उपभोक्ता समितिबाट कार्य गराएको | ७४,२०,०५० |
| ४० | २०७४/७५ | २० | उपभोक्ता समिति मार्फत सामान खरिद | २७,७४,१६३ |
| ४१ | २०७५/७६ | ४२ | उपभोक्ता समिति मार्फत सामान खरिद | ३१,९७,२५० |
| ४२ | २०७५/७६ | ४३ | नापी किताव वेगर भुक्तानी | ४,९८,८१८ |
| ४३ | २०७५/७६ | ४४ | वितरणमुखी कार्यक्रममा खर्च | १६,६१,१३० |
| ४४ | २०७६/७७ | १६.३ | राजस्व छुट | १३,२३,४२१ |
| ४५ | २०७६/७७ | ३४ | रकमान्तर | २४,३६,७०० |
| ४६ | २०७६/७७ | ४१ | सम्झौता वेगरको खर्च | २,००,००० |
| ४७ | २०७६/७७ | ४३ | सोधभर्ना नगरेको | २२,७९,२२२ |
| ४८ | २०७६/७७ | ५२.१४ | बोलपत्र आह्वान नगरी खरिद | २०,६६,४०० |
| जम्मा | | | | ८,७१,३८,००६ |

# (८०११२४०५३०० - विर्तामोड नगरपालिका, झापा)

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले विर्तामोड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । विर्तामोड नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, ७८.२४ वर्ग किलोमिटर क्षेत्रफल तथा १,१६,१९२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।१२ देखि २०८१।९।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.३,२५,६८,१९,८४२।०६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको **रु.३२,१०,४५५।३६** असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | छात्रावृत्ती बढी निकासा भएको रकम असूली | ३,००,२००.०० |
| २ | शिक्षकको ग्रेड बढी भुक्तानी असूली | १६,५६०.०० |
| ३ | बढी भुक्तानी भएको अनुगमन भत्ता असूली | ३,९१०.०० |
| ४ | बढी भुक्तानी भएको दैनिक भ्रमण भत्ता असूली | १,०००.०० |
| ५ | नगर अस्पतालमा कार्यरत डक्टरको पारिश्रमिक कर छुट भएको कट्टी गरी दाखिला | २,१६,७५९.०० |
| ६ | विभिन्न कर्मचारीहरुको पारीश्रमिक कर छुट भएको दाखिला | ९९,१२०.३६ |
| ७ | वढी निमित्त भत्ता भुक्तानी भएको रकम असूल भई दाखिला | १४,४९८.०० |
| ८ | वाँडफाँट नगरेको विज्ञापन कर र मनोरञ्जन कर प्रदेश पठाएको विवरण पेश | १३,७७,४५९.०० |
| ९ | ठेक्का नं.२८-०७८।७९ को उठ्न वाँकी जडीवुटी कवाडी कर दाखिला भएको भौचर पेश | १,६१,०६२.०० |
| १० | ठेक्का नं. २६- ०७८।७९ को उठ्न वाँकी टेक वहादुर गिरी बसपार्क पार्किङ तथा पूर्वाधार उपयोग शुल्क दाखिला | ६,७२,८९४.०० |
| ११ | ठेक्का नं. २७- ०७९।८० को वहाल विरौटी शुल्क दाखिला | ५२,९२१.०० |
| १२ | ठेक्का नं. ४१- ०७८।७९ को विज्ञापन कर दाखिला | २,९४,०७२.०० |
| | **जम्माः** | **३२,१०,४५५.३६** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

एकिकृत आर्थिक विवरण

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | रकम | | विवरण | | रकम |
| १ | गतवर्षको जिम्मेवारी | | ३१,९९,१९,१०६.३२ | १ | चालु खर्च | | ५५,४१,१६,३३१.३५ |
| | क ) सञ्चित कोष खाता | २५,७१,४९,८१७.५२ | | | आन्तरिक | १३,५५,०४,०६१.५७ | |
| | ख) विभाज्य कोष | ३५,३४,८२९.०० | | | राजश्व बांडफांड | १२,७४,३४,९०४.१५ | |
| | ग) धरौटी खाता | ४,०८,११,३८२.८५ | | | संघीय समानीकरण | १,३८,१८,००८.०० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | ३३,७५,७३७.६८ | | | संघीय सशर्त | २७,१४,३७,१०७.६३ | |
| | ङ) विविध खर्च खाता | १,००,९२,७३९.८० | | | प्रदेश सशर्त | ५९,२२,२५०.०० | |
| | च) विविध कोष खाता | ४९,५४,५९९.४७ | | २ | पूँजीगत खर्च | | ४६,००,१३,७८६.९७ |
| २ | राजस्व (आन्तरिक आय) बांडफांड | | ३९,३९,९२,१५५.५२ | | आन्तरिक | ३,७१,१९,८८९.०० | |
| | क) आन्तरिक राजस्व | १८,२१,५३,४२३.३९ | | | राजश्व बांडफांड | ५,३५,७२,५८५.०० | |
| | ख) संघीय राजस्व बाँडफाँड | ११,१६,६४,२५०.९४ | | | विशेष अनुदान | १,४७,०८,७३४.०० | |
| | ग) प्रदेश सवारी साधन कर | १,२३,६८,२६१.७३ | | | समपुरक अनुदान | १,२९,५५,४४१.०० | |
| | घ) अन्य आय + (घरजग्गा रजिष्ट्रेशन दस्तुर) | ८,७८,०६,२१९.४६ | | | संघीय समानीकरण | १४,१८,०१,४१७.०० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ७४,९१,७०,०००.०० | | प्रदेश समानीकरण | १,२१,५६,९७३.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | १८,९३,४८,०००.०० | | | संघीय सशर्त | १५,६७,०४,३०२.९७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | ५३,३३,२२,०००.०० | | | संघीय सशर्त | ४१,७५,०००.०० | |
| | ग) समपूरक अनुदान | ६५,००,०००.०० | | | जनसहभागिता | २,६८,१९,४४५.०० | |
| | घ) विशेष अनुदान | २,००,००,०००.०० | | ३ | वित्तिय खर्च | | १,३४,०१,५९४.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३,३२,५३,०१४.०० | ४ | लगानी | | ०.०० |
| | क) वित्तिय समानीकरण अनुदान | १,३४,०४,०००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १,०७,००,०००.०० | | ५ | विभिन्न कोषतर्फको खर्च | | ५,३६,०१,६२७.१० |
| | ग) समपुरक अनुदान | ९१,४९,०१४.०० | | | क) विविध खर्च खाता | ५,००,६४,१४९.१० | |
| ५ | अन्तर सरकारी अख्तियारी | | ३६,१९,८८,६५५.५० | | ख) विविध कोष खाता | १५,१६,४४२.०० | |
| | क) सामाजिक सुरक्षा | ३२,२२,४५,८२५.०० | | | ग) प्रकोप व्यवस्थापन कोष | २०,२१,०३६.०० | |
| | ख) गरिवसंग विश्वेश्वर | ७,१०,०००.०० | | ६ | धरौटी फिर्ता/ सदरस्याहा | | २,०५,२६,९०५.०० |
| | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | १,८०,७७,०००.०० | | | क) फिर्ता | ५८,२७,०६४.०० | |
| | घ) महामारी रोग नियन्त्रण कार्यक्रम | २,६४,०००.०० | | | ख) सदरस्याहा | १,४६,९९,८४१.०० | |
| | ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १,८६,९१,८३०.५० | | ७ | विभाज्य कोष खर्च | | ४९,९०,३१७.४३ |
| | च) स्थानीय तह प्रशासकीय | २०,००,०००.०० | | ८ | अनुदान फिर्ता | | ११,३७,६८,१७८.४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भवन पुर्वाधार विकास | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | ९,९५,४६,२३७.९८ | | क) संघीय सरकारतर्फ फिर्ता | ११,२५,६५,६१८.४० | |
| | क) विविध खर्च खाता | ५,१९,०५,३५०.९८ | | | ख) प्रदेश सरकारतर्फ फिर्ता | १२,०२,५६०.०० | |
| | ख) विविध कोष खाता | २,८८,०८,७७०.०० | | ९ | अन्तर सरकारी अख्तियारी | | ३६,१९,८८,६५५.५० |
| | ग) प्रकोप व्यवस्थापन कोष | ५,०००.०० | | | क) सामाजिक सुरक्षा | ३२,२२,४५,८२५.०० | |
| | घ) धरौटी आय | १,८८,२७,११७.०० | | | ख) गरिवसंग विश्वेश्वर | ७,१०,०००.०० | |
| ७ | विभाज्य कोष | | ६३,७१,००५.०० | | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | १,८०,७७,०००.०० | |
| ८ | जनसहभागिता (नगद) | | ३,००,९१,३७८.३१ | | घ) महामारी रोग नियन्त्रण कार्यक्रम | २,६४,०००.०० | |
| | | | | | ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १,८६,९१,८३०.५० | |
| | | | | | च) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास | २०,००,०००.०० | |
| | | | | १० | मौज्दात | | ४१,१९,२४,१५६.८८ |
| | | | | | क ) सञ्चित कोष खाता | ३१,९४,३९,११४.६३ | |
| | | | | | ख) विभाज्य कोष | ७८,३२,८७६.५७ | |
| | | | | | ग) धरौटी खाता | ३,९१,११,५९४.८५ | |
| | | | | | घ) प्रकोप | १३,५९,७०१.६८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापन कोष | | |
| | | | | | ङ) विविध खर्च खाता | १,१९,३३,९४१.६८ | |
| | | | | | च) विविध कोष खाता | ३,२२,४६,९२७.४७ | |
| जम्मा | | | १९९,४३,३१,५५२.६३ | | जम्मा | | १९९,४३,३१,५५२.६ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **आन्तरिक नियन्त्रण प्रणाली**

आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार नगरेको छैन,

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण अभिलेख खाता राख्ने नगरेको,

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्वेश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको,

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण रुपमा कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित नभएको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको आदी।

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वियन हुनुपर्दछ । यस पालिकाको नगरसभाबाट आ.व.२०८०।८१ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वियन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन्।

**राजश्व परिचालन नीति**

• बहाल करको दायरा फराकिलो पार्दै आवासीय प्रयोजनको लागि लागेका घर कोठाहरुको वहाल कर संकलन गर्न सम्बन्धित टोल विकास संस्था परिचालनको नीति अवलम्वन गरिनेछ । सोको कार्यान्वियनको लागी कानून तथा कार्यविधि तर्जुमा गरी कर संकलन व्यवस्थित गर्ने र टोल विकास संस्थाबाट संकलित रकमको लगत राखी उठेको रकमको केही हिस्सा सोही क्षेत्रको विकास निर्माण कार्यमा वडाको समन्वयमा खर्च गर्ने व्यवस्था मिलाइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• कृषिक्षेत्रमा वर्गिकरण गरिएको जग्गाहरुमा मालपोत तथा आवासीय, व्यापारिक तथा औधोगिक क्षेत्रमा वर्गीकृत जग्गाहरुमा सम्पतिकर लगाइने व्यवस्था आ. व. ०८०।८१ बाटै शुरु गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• नगर क्षेत्रभित्र उद्योग बाणिज्य तथा सेवा क्षेत्रमा कार्यरत भारतीय श्रमिकलाई नगरपालिकामा सूचिकरण गरी तथ्याङ्क संकलन गरी करको दायरामा ल्याउने व्यवस्था मिलाइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• करदाता प्रोत्साहित गर्न धेरै कर तिर्ने र नियमित कर तिर्ने करदाताहरुलाई पुरस्कृत गरिनेछ । समयमा नतिर्ने तथा दर्ता हुन नआउने करदातालाई दण्ड तथा जरिवानाको व्यवस्था गरी कडाइका साथ कार्यान्वियन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

**शिक्षा नीति**

• शिक्षाको गुणस्तर बढाउन अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइ थप प्रभावकारी बनाइनेछ । समुदाय परिचालन मार्फत सुलभ रुपमा अंग्रेजी माध्यमको पठनपाठनलाई प्रोत्साहित गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• विद्यालय स्तरीकरण मापदण्ड तयार गरी संस्थागत विद्यालयहरुमा कार्यान्वियन गरिनेछ र सोही अनुसार विद्यार्थी शुल्कलाई समायोजन गर्दै लगिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• शिक्षण संस्थाको २०० मिटर वरपर मदिरा तथा सूर्तिजन्य वस्तु विक्री वितरण तथा प्रयोग गर्न निषेध गरिएको छ भनिएकोमा कार्यान्वियन नभएको ।

**स्वास्थ्य नीति**

• विद्यालय परिसर (२०० मिटरको क्षेत्र) लाई पूर्णत सूर्तिजन्य तथा मदिराजन्य बस्तु बिक्री वितरण तथा सेवन निषेध्धित क्षेत्र घोषणा गर्दै क्रमकशः बिर्तामोड नगरभित्र सूर्तिजन्य पदार्थ (चुरोट, खैनी, गुट्का आदी) को विक्री वितरणमा पूर्णरुपमा रोक लगाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• बिर्तामोड नगर अस्पतालमा २४ घण्टे आकस्मिक सेवा सञ्चालन गरिनुका साथै डायलासिस सेवा सुचारु गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

**कृषि विकास नीति**

• ठुला कृषि यन्त्रहरु संचालनका लागि कष्टमहेयरिङ सेन्टर स्थापना गरि संचालनमा ल्याईनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन नीति**

• टोल विकास संसथाहरुसँग सहकार्य गरी फोहोरमैलाको वर्गीकरण र कुहिने प्लाष्टिकजन्य र सिसाजन्य फोहोर छुट्याएर राख्ने 3 महिने जागरण अभियान संचालन गरिनेछ तथा सवैलाई अनिवार्य सरसफाई कार्ड लिई तोकिएको संस्थालाई फोहोर उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाइनेछ । शहरी क्षेत्रमा सरसफाई कार्डलाई नगरपालिकाबाट प्रवाह हुने सेवा, सुविधासँग आवद्ध गराइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• नगर क्षेत्र भित्रका खोला र पैनीको जमिनको साँध सिमाना नक्सांकन गर्ने र नगर क्षेत्रको ऐलानी पर्ति जमिनको नापजाँच गरी जमिनको क्षेत्रफल एकिन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

**उद्योग, व्यापार व्यवसाय, श्रम तथा रोजगार र सहकारी नीति**

• नगर भित्र रहेका कल कारखाना, उद्योग लगायतका क्षेत्रमा कार्यरत नेपाली एवम् विदेशी श्रमिकहरुको तथ्याङ्क संकलन गरी नेपाली श्रमिकहरुलाई नै क्षमतावान बनाई ती क्षेत्रमा कार्य गर्न सक्ने गरी कार्यक्रम ल्याइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

**यातायात तथा पूर्वाधार निर्माण नीति**

• नयाँ निर्माण हुने भवनमा कम्तीमा 2 वटा रुखका विरुवा रोप्ने र हुर्काउने शर्त राखिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

**विविध नीति**

• तिनै तहका सरकारको समन्वयमा युटिलिटी करिडोरको संम्भाव्यता अध्ययन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• भारतीय नागरिकले व्यापार व्यवसाय तथा कार्य गर्न नगरपालिकाको स्वीकृती लिने व्यवस्था मिलाउने तथा नगर क्षेत्र भित्रका घरहरुमा भाडामा लिई बसोबास गर्ने परिवारहरुले सम्बन्धित वडामा लगत दर्ता गर्न आवश्यक कार्यविधि बनाई कार्यान्वियन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

५ **स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

६ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले आवधिक विकास योजना २०७९/८०-२०८३/८४ तयार गरेको छ । पालिकाले स्थानीय तहको समग्र विकासका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सालवसाली विषयहरुलाई भन्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई समावेश गरी तयार गर्नुपर्ने देखिन्छ ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.१ अर्ब ४० करोड ९५ लाख ५० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

## ८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ३६० योजनामा रु.६६ करोड ४ लाख वजेट विनियोजन गरेको छ।

| रु. ५ लाख सम्म | | रु. ५ लाख देखि २० लाख सम्म | | रु. २० लाख भन्दा बढीको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २७१ | १०४६७५ | ४३ | ५३१४८ | ४६ | ५०२६१७ | ३६० | ६६०४४० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३५० योजनामात्र कार्यान्वयन भई १० योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ९ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ३५० | २८ | ५ | १२ | १७ |

प्राप्त विवरण अनुसार पालिकाको आर्थिक वर्ष २०८०।८१ को जम्मा ३५० पूँजीगत तर्फको कार्यक्रम मध्ये २८ मा शुन्य, ५ मा २५ प्रतिशत भन्दा कम, १२ मा ५० प्रतिशत भन्दा कम र १७ कार्यक्रममा ७५ प्रतिशत भन्दा कम प्रगति भएको देखिन्छ। वार्षिक कार्यक्रम वमोजिम प्रगति हाँसिल गर्ने तर्फ कार्यालयले पहल गर्नुपर्दछ ।

## १० वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४६ लाख १४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई

खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ११ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र. सं . | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७७०० | २०१८३ | १.९६ |
| २ | सामाजिक विकास | ३७९९९६ | ३४४८५७ | ३३.५७ |
| ३ | पूर्वाधार विकास | ६३६६२४ | ४४०९५८ | ४२.९१ |
| ४ | सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्र | ५८४५ | २२०६ | ०.२१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २६७२८६ | २१९३२७ | २१.३५ |
| | जम्माः | १३१७४५१ | १०२७५३१ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४२.९१ प्रतिशत र सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.२१ प्रतिशत रहेको छ ।

## १२ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१७ करोड ५२ लाख ११ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.८८ करोड २० लाख ७० हजार समेत रु.१ अर्व ५ करोड ७२ लाख ८१ हजार आम्दानी भएकोमा चालु तर्फ रु.५५ करोड ४१ लाख १६ हजार र पूँजिगत तर्फ रु.४६ करोड १४ हजार समेत रु.१ अर्व १ करोड ४१ लाख ३० हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १७.२७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.९७ लाख १५ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५.५४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.४१ प्रतिशत चालु र ४३.५१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## १३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ४६००१४ | २०६२५ | ११९१२५ | १३२६७२ | १८७५९२ | ४८७७५ |
| प्रतिशत | १०० | ४.४८ | २५.८९ | २८.८५ | ४०.७८ | १०.६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.४६ करोड १४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ६ लाख २५ हजार (४.४८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.११ करोड ९१ लाख २५ हजार (२५.८९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१३ करोड २६ लाख ७२ हजार (२८.८५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१८ करोड ७५ लाख ९२ हजार (४०.७८ प्रतिशत) खर्च गरेको

देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ८७ लाख ७५ हजार (१०.६० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ ।वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ ऐन, ५ नियमावली, ४८ कार्यविधि ६ निर्देशिका र १ नर्म्स लगायत ७९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। पालिकाल सवै कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको जानकारी दिएको छ। तसर्थ पालिकाबाट निर्माण गरिने सवै कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३१ र यो वर्ष दर्ता भएको १०१ समेत १३२ विवादमा १०२ वटा मात्र फर्स्यौट भई २० बाँकी देखिन्छ। वाँकी २० आर्थिक वर्ष २०८१।८२ को लागि जिम्मेवारी सारेको जनाएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१६ **राजस्व सुधार कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७६ तयार गरे बमोजिम पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई राजस्व सुधार कार्ययोजना २०७८ तयार गरेको छ । पालिकाको आन्तरिक राजस्वमा सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजनामा उल्लखित रणनीति तथा कार्यनीति लगायतका विषय वस्तुको अनुशरण गरी आन्तरिक आय बृद्धिका लागि थप पहल गर्नुपर्दछ ।

१७ **सेवा प्रवाह**

कार्यालयको मुख्य उद्देश्य हाँसिल गर्न सेवाग्राहीलाई सरल सहज र समयमै प्रभावकारी सेवा उपलव्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, सामाजिक, पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ देहाय वमोजिमको सेवा प्रवाह गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझ सरल, सहज, मितव्ययी, गुणस्तरिय र प्रभावकारी वनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सि. नं . | सेवाको विवरण | निवेदन | सम्पन्न |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ४२०० | ४१२५ |
| २ | घरबाटो सिफारिस | ३२५३ | ३१७५ |
| ३ | नाता प्रमाणित | २२८८ | २०७५ |
| ४ | जन्म दर्ता | १४०४ | १३९० |
| ५ | मृत्यु दर्ता | ४६४ | ४५९ |
| ६ | सम्वन्ध विच्छेद | ११५ | ११४ |

१८ **धरौटी मौज्दात**

कार्यालयबाट प्राप्त धरौटीको २०८१ असार मसान्तको बैंक स्टेटमेन्ट अनुसार रु. ३,९१,५०,५९४।८५ मौज्दात रहेकोमा सोही अवधिको श्रेस्ताको मौज्दात रु. ३,९१,११,५९४।८५ भई श्रेस्तामा भन्दा बैंकमा रु. ३५,०००।०० बढी देखिएकोले श्रेस्तामा घटी भएको रकम आम्दानी बाँधी हिसाव मिलान गर्नुपर्दछ ।

१९ **जफत गरिएको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ मा नियम ६५ बमोजिम जफत गरिएको धरौटी रकम राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षमा बीमा औषधी फार्मेसी सञ्चालनका लगि भएको बोलपत्रमा छनौट भएको आर. देवी गंगा फर्म सम्झौता गर्न नआएकोले धरौटी वापत राखेको रकम रु. ८,००,०००।०० जफत गर्ने निर्णय भएकोमा उक्त रकम निज फार्मेसीकै नाममा धरौटी खातामा रहेकोले नियमानुसार राजस्वमा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

२० **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम समिति गठन गरी जिन्सी निरीक्षण गरेको देखएन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नभएकोले पालिकाको जिन्सी मालसामान बारे थप विश्लेषण गर्न सकिएन । तसर्थ पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन लिई सो प्रतिवेदनका आधारमा सोहि नियमको अन्य उपनियममा भएको व्यवस्था अनुसार जिन्सी मालसामानको व्यवस्थापन गर्नुपर्दछ ।

२१ **निजी नम्बर प्लेट**

पालिकाबाट प्राप्त सवारी साधनको विवरण अनुसार देहाय बमोजिमका सवरी साधनहरु निजी नम्बर प्लेट राखी सञ्चालनमा रहेको देखियो । सार्बजनिक निकायका सवारी साधनहरु निजी नम्बर प्लेट राखी सञ्चालन गर्दा सरकारी सम्पत्तिको दुरुपयोग हुने जोखिम रहेकोले पालिकाले अविलम्ब सरकारी नम्बर प्लेटका लागि प्रक्रिया अपनाई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सञ्चालन गर्नुपर्ने देखियो । साथै मुल्य नखुलेका सवारी साधनको मुल्य समेत कायम गरी सवारी साधनको व्यवस्थापन गर्नुपर्ने देखिएको रु.

| क्र स | सवारी चलाउने | पद | सवारी नंबर | सवारी विवरण | मुल्य |
|---|---|---|---|---|---|
| १ | मदन आचार्य | सवारी चालक | मे ९ प ७३४ | मोटर साइकल | २५९१५० |
| 2 | लोचन संग्रौला | स-इन्जिनियर | मे ७ प १७९८ | मोटर साइकल | २५९१५० |
| 3 | टिकाराम खतिवडा | स. क . अपरेटर | मे ७ प ७६१९ | मोटर साइकल | नखुलेको |
| 4 | ढलकबहादुर पाण्डे | न. प्र . कमाण्डर | मे ६ प ३३४१ | मोटर साइकल | नखुलेको |
| 5 | सुजित शाह | ना.प्रा.स. चौथो | मे ६ प ६१३१ | मोटर साइकल | २१०००० |
| 6 | सडकलाल राजवंशी | सव-इन्जिनियर | मे ३ प ८६१४ | मोटर साइकल | नखुलेको |
| 7 | मो मुजेवुर खान राइन | सव-इन्जिनियर | मे ६ प २१४० | मोटर साइकल | नखुलेको |
| 8 | बिपुल साप्कोटा | सव-इन्जिनियर | मे ७ प १५७३ | मोटर साइकल | नखुलेको |
| 9 | खेमराज नेपाल | सवारी चालक | मे ७ प १०५९ | स्कुटर | नखुलेको |
| जम्मा | | | | | ७२८३०० |

| | |
|---|---|
| अनियमित भएको | ७,२८,३०० |

## २२ संगठन तथा व्यवस्थापन सर्भेक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । साथै सोहि ऐनको दफा ८३( ४) मा कर्मचारीको दरवन्दी प्रस्ताव गर्दा सेवा सुबिधाका लागि लाग्ने खर्च श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी २७१ जनाको दरवन्दी सभाबाट स्वीकृत गरेको देखियो । यसरी थप दरवन्दी प्रस्ताव गर्दा सेवा सुबिधाका लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन साथै प्रस्तावित नयाँ दरवन्दी स्वीकृतिका लागि प्रदेश मुख्यमन्त्रीको कार्यालयमा पठाएको भएपनि स्वीकृत भएर आएको देखिएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २५० दरबन्दी स्वीकृत रहेकोमा कार्यालयले पेश गरेको विवरण अनुसार स्थायी पदपूर्ति ७५ करारमा १४६ जना गरी २२१ जना पदपूर्ति भएको देखिन्छ । बिभिन्न १३ पद रिक्त रहेका छन भने केहि पद स्थायी पूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाएको पत्र पेश भएको छ। त्यस्तै बिर्तामोड नगर अस्पतालका लागि व्यवस्थापन सर्भेक्षण गरी ४८ दरवन्दी प्रस्ताव गरेकोमा ३१ जना कर्मचारीको पदपूर्ति भएको छ भने बाँकि १६ पद रिक्त रहेको देखिन्छ । यसरी दरबन्दी बमोजिम जनशक्तिको स्थायी पदपूर्ति नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु समयै पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

## २३ तलबी प्रतिवेदन

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २९ कर्मचारीको रु.२,१०,८२,३४७।०० र पालिकाका ४८ कर्मचारीको रु.३,५४,३९,७७४।०० समेत रु.५,६५,२२,१२१।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २४ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले २०७६ श्रावणपछि नियुक्त कर्मचारीको हकमा निजको तलवबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरेतापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकाश कोषमा जम्मा गर्ने गरेको पाइएन।पालिकाले गत वर्षको मौज्दात रु.४७,६८,१००।४७ र यस वर्षको भौ. नं. ०२।०८१।३।२३ बाट रु.५०,००,०००।०० ट्रान्सफर गरेको समेत गरी कर्मचारी कल्याण कोषमा रु.९७,६८,१००।४७ मौज्दात बाँकी देखिन्छ। पालिकाले कोषको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परिचालन सम्बन्धि कानूनी व्यवस्था गरेको देखिएन। कानूनको व्यवस्था नगरी नेपाल सरकारबाट प्राप्त अनुदानबाट कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकोले यस्तो कार्य कानूनद्धारा व्यवस्थापन गर्नुपर्दछ ।

## २५ महिला स्वयंसेविका प्रोत्साहन

नेपाल सरकार संघीय शसर्त चालु कार्यक्रमबाट महिला स्वयं सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च उपलब्ध गराउदै आएकोमा स्थानीय सरकारले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी थप प्रोत्साहन सम्बन्धि कार्यक्रम गर्नु पर्दछ। पालिकाले महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संघीय शर्शतबाट उपलब्ध गराउदै आएको सुबिधाका अतिरिक्त पालिकाबाट समेत थप गरी मासिक रु.३,०००।०० दरले ३० जनालाई रु.१०,८०,०००।०० र चाडपर्व खर्च वापत रु.१०,०००।०० का दरले रु.३,००,०००।०० समेत गरी

रु.१३,८०,०००।०० भुक्तानी गरेको छ । अतः आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्दछ ।

२६ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले यसवर्ष पूँजिगत शीर्षकमा रु.३ करोड ७९ लाख १० र चालु शीर्षकमा रु.१ करोड ४९ लाख ४८ हजार समेत रु. ५ करोड २८ लाख ५८ रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेट रु.१ अर्व ४० करोड ९५ लाख ५० हजारको तुलनामा ३.७५ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्चगर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२७ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७१ (२) मा बजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययकोअनुमानित विवरण माथि छलफल गरी सभाबाट पारित हुने बजेट विनियोजन नगरी एकमुष्ठ राख्नु मिल्ने देखिदैन। यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम ८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामि आर्थिक वर्षमा कार्यान्वियन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नुपर्ने व्यवस्थाबाट पनि योजनागत तथा क्रियाकलापगत वजेट व्यवस्था नगरी एकमुष्ठ वजेट राख्न मिल्ने देखिदैन। पालिकाले यसवर्ष पालिका तथा वडागत रुपमा सञ्चालन गरिने कार्यक्रमहरु उल्लेख नगरी देहाय बमोजिमका शीर्षकमा रु. ८ करोड ८० लाख अबण्डा बजेट राखी पटके निर्णयबाट बिभिन्न योजना तथा कार्यक्रममा रकम बाँडफाँड गरेर रु. ५ करोड ४१ लाख १ हजार खर्च गरेको विवरण पेश भएको छ । पालिकाले शुरु बजेटको तुलनामा ६.२ प्रतिशत रकम एकमुष्ठ राखी पटके निर्णयबाट खर्च गरेको पाइयो । सभाबाट बजेट स्वीकृत भैसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटकको कार्पालिकाको निर्णयको आधारमा बजेट बाँडफाँड गर्नाले ऐन तथा नियममा भएको व्यवस्थाको पालना भएको देखिएन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित हुनेगरी सुधार हुनुपर्छ।

| अबण्डा शीर्षक | बजेट रकम | खर्च रकम | योजना/ कार्यक्रम संख्या |
|---|---|---|---|
| मर्मत संभार कोष | १९०००००० | १८९८५९९० | ७६ |
| रिभल्विङ्ग फण्ड | ४०००००००० | १३९९८७२५ | ४६ |
| विपद वयवसथापन कोष | ५०००००० | ३३४६४३४ | १३ |
| युवा तथा खेलकुद | ४०००००० | ३४२०२०० | २३ |
| समपुरक कोष | २०००००००० | १४३४९९१२ | १० |
| जम्मा | ८८०००००० | ५४१०१२६१ | |

२८ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका केहि कार्यक्रम अनुत्पादक तथा वितरणमुखी कार्यक्रमहरु रहेकाले यस्ता कार्यक्रम नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च आवश्यकतामा आधारित रहि यस्तो खर्चमा नियन्त्रण गर्दै जानुपर्ने र सुबिधा प्राप्त गर्ने लाभग्राहीको नामनामेशी सहितको विवरण सार्वजनिक गर्नु पर्दछ।यस किसिमका वितरणमुखी खर्चका केही उदाहरणहरु देहाय बमोजिम छनः

| गो भौ नं | कार्यक्रम | वितरण संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ११४१।०८०।११।६ | वडा नं ८ मा जेष्ठ नागरिकलाई ज्याकेट/ स्वीटर वितरण | ११३ थान | ९९००० |
| १२३३।०८०।१२।२ | वडा नं ८ अन्तर्गत शुक्रराज आ वि का विद्यार्थिहरुलाई जुत्ता मोझा वितरण | २३७ जोर | ९८५०० |
| १२३२।०८०।१२।२ | वडा नं ८ अन्तर्गत पूर्ण अपाङ्ग नागरिकलाई ज्याकेट/ स्वीटर विरतण | ४५ | ५०००० |
| ३९१।०८०।७।३ | दुर्गा शक्ति पिठ गरामुनी नवरात्र पूजाँ | - | १००००० |
| ९०४।०८०।९।२२ | प्यावसन झापालाई सास्कृतिक कार्यक्रम गर्न | - | ५०००० |
| १६११।०८१।१।९ | होटल व्यवसायी संघ झापालाई सडक फुड फेस्टिबल महोत्सव | - | ६०००० |
| १९४७।०८१।२।२१ | जन प्रतिनिधि र कर्मचारीको अवलोकन भ्रमण वडा नं ५ को | - | २००००० |
| २६९९।०८१।३।२४ | वडा नं २ मा वडा स्तरीय सुवा तथा खेलकुद विकास समिति अन्तर्गत खेलकुद सामाग्री वितरण | - | ९३६०० |
| ६६१।०८०।१०।३ | महिला तीज कार्यक्रम वडा नं ८ मा महिला समितिलाई भुक्तानी | | २००००० |

### २९ आर्थिक सहायता वितरण

पालिकाले आफ्नो क्षेत्रभित्रका गरिब, असहाय, विपन्न वर्गलाई निश्चित मापदण्ड, कार्यबिधि तयार गरी अन्य सामाजिक सुरक्षाका कर्यक्रम सञ्चालन गर्नुपर्दछ ।पालिकाले बिभिन्न ९३ जनालाई वर्षभरी रु.६८८०००।०० आर्थिक सहायता वितरणमा खर्च गरेको छ । गरिब तथा विपन्न वर्गलाई आर्थिक सहायता वितरण सम्वन्धमा कुनै मापदण्ड तथा कार्यविधी तयार गरेको देखिएन । नगर प्रमुखको तोक आदेश, वडा समितिको सिफारिस तथा कार्यपालिकाको निर्णयका आधारमा वितरण गर्ने गरेको देखिन्छ ।यसरी आर्थिक साहयता वितरण गर्दा निश्चित कार्यबिधि तथा मापदण्ड तयार गरी वास्तविक गरिब तथा विपन्न वर्गको पहिचान गरी आन्तरिक आयको परिधिभित्र सहायता वितरण गर्नुपर्दछ।

### ३० स्वास्थ्य बीमा कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष बजेटमा व्यवस्था गरी वडा समितिको निर्णय तथा सिफारिसको आधारमा एकल पुरुष, महिला, अपाङ्ग र विपन्न नागरिकको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट २०० का दरले २००० लक्षित वर्गको २० प्रतिशत लागत सहभागितामा स्वास्थ्य बीमा तथा नविकरण शुल्क वापतको रकम स्वास्थ्य बीमा बोर्डलाई रु.५६,००,०००।०० भुक्तानी गरेको देखियो। यस्ता वर्षेनी सञ्चालन हुने स्वास्थ्य बीमा कार्यक्रमबाट लाभान्वितहरुको एकीकृत विवरण तयार गरी पालिकाबाट वितरण हुने अन्य सेवा सुबिधामा दोहोरो परे नपरेको एकिन गर्नुपर्दछ ।

### ३१ पेश्की

३१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले यस बर्ष निम्न संस्था तथा उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१,६०,९७,००१।०० बाँकी रहेकोमा प्रतिक्रियाबाट रु.५०,४१,०८०।०० फर्स्यौट भई रु१,१०,५५,९२१।०० बाँकी देखिन्छ। सो मध्ये म्याद नाघेको पेश्की रु.३५,५५,५६१।०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु...

| सि. नः | पेश्की लिने व्यक्ति वा फर्मको नाम | विवरण | म्याद ननाघेको पेश्की रु . | म्याद नाघेको पेश्की रु. |
|---|---|---|---|---|
| १ | ओम कुमारी गुरुङ्ग | निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | ० | १०००००. |
| २ | अनिल वास्कोटा | सभा सञ्चालन खर्च | ० | १५००००. |
| ३ | राजुमान लिम्वु | सवारी साधन मर्मत खर्च | ० | १३०००. |
| 4 | रेनुका खनाल | विविध खर्च | ० | १५०००. |
| 5 | निमेश थापा | कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम | ० | १०००००. |
| 6 | अनिल वास्कोटा | वीमा तथा नविकरण खर्च | ० | १३०००००. |
| 7 | आरपी- साप - समता जे . भी . | वुट्टावारी देखि प्याकुरेल चोक सडक स्तरोन्नती | ७५००३६०. | ० |
| 8 | नेपाल विद्युत प्राधिकरण | विद्युत विस्तार तथा व्यवस्थापन | ० | ७२३२०६. |
| 9 | विभिन्न सडक ग्राभेल उपभोक्ता समिति | विभिन्न सडक ग्राभेलिङ तथा मर्मत | ० | २५००००. |
| १0 | पञ्चकन्या टोलको बाटोमा पेवर्स जडान उपभोक्ता समिति | पञ्चकन्या टोलको बाटोमा पेवर्स जडान | ० | १३००००. |
| १1 | पारिजात टोल रोड नं १ नाला निर्माण उपभोक्ता समिति | पारिजात टोल रोड नं १ नाला निर्माण | ० | १३००००. |
| १2 | गौरी टोल नाला निर्माण उपभोक्ता समिति | गौरी टोल नाला निर्माण | ० | १२४५७३. |
| १3 | मंगल एकता टोल बम बहादुर कार्कीको घर अगाडी पेवर्स जडान निर्माण उपभोक्ता समिति | मंगल एकता टोल बम बहादुर कार्कीको घर अगाडी पेवर्स जडान निर्माण | ० | १२००००. |
| 14 | हरियाली सामुदायिक वन उपभोक्ता समिति | वडा नं ६ को देवनिया खोला आसपासमा डम्पिङ गर्ने स्थानमा तटवन्ध निर्माण | ० | १६००००. |
| 15 | वर्मेली टोल सडक निर्माण उपभोक्ता समिति | वर्मेली टोल सडकमा पेवर्स निर्माण | ० | १०००००. |
| 16 | लोकतान्त्रिक मार्ग पेवर्स तथा क्रस ड्रेन निर्माण उपभोक्ता समिति | लोकतान्त्रिक मार्ग पेवर्स तथा क्रस ड्रेन निर्माण | ० | ५००००. |
| 17 | नेपाल विद्युत प्राधिकरण अनारमनी | विद्युत व्यवस्थापन | ० | ८९७८२. |
| | जम्माः | | ७५००३६०. | ३५५५५६१. |
| | कुल जम्माः | | | ११०५५९२१. |

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३२३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४,२१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४०,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३५,५५,५६१ |

३१.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न कार्यक्रममा विभिन्न व्यक्ती, संस्था तथा उपभोक्ता समितिलाई रु.१,६०,९७,००१।०० पेश्की दिएकोमा प्रतिक्रियाबाट रु.५०,४१,०८०।०० फस्र्यौट भई रु.१,१०,५५,९२१।०० बाँकी देखिन्छ। यस वर्ष उपर्युक्त वमोजिम म्याद कायम रहेको ठेक्का सम्झौतामा रु.७५,००,३६०।०० पेश्की दिएकोमा आर्थिक वर्षको अन्तसम्म पेश्कीको म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

३२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६३६६०४ | १७५२११ | २७.५२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २७.५२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३३ **अभिलेखिकरण नगरेको**

नगरपालिकाले हरेक वर्षको आर्थिक ऐनमा घर नक्शा अभिलेखिकरण सम्बन्धी व्यवस्था गरेको हुन्छ । बिर्तामोड नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ मा घर नक्शा अभिलेखिकरण सम्बन्धी व्यवस्था छ । यस पालिकाको कार्यक्षेत्रमा रहेका करदाता मध्ये नमूना छनोटको आधारमा केही करदाताको घर नक्शा अभिलेखिकरण सम्बन्धी फाइल परीक्षण गर्दा बिर्तमोड नगरपालिका वडा नंबर ४ मा अवस्थित करदाता श्री लिटल फ्लावर शैक्षिक प्रतिष्ठान प्रा. लि. रहेको घर जग्गा श्री राजेश खड्का समेतको नाममा रहेको र साविक अनारमनी नगर विकास समितिमा मिति २०६०।३।३१ मा क्षेत्रफल २१९४६.०४२ वर्गफिट को आर.सि.सि. स्ट्रक्चरको तेस्रो तला सम्मको घरनक्शा दर्ता गरेको सम्म देखिन्छ । तत्पश्चात उक्त विद्यालयका लागि बनेका थप संरचना समेतको नक्शा पास तथा अभिलेखिकरणका लागि पालिकामा पेश गरेको देखिएन । यसरी नक्शा पास तथा अभिलेखिकरण नगराउँदा उक्त विद्यालयले पलिकालाई हरेक वर्ष तिर्नुपर्ने सम्पत्ती करमा समेत असर पर्दछ । आर्थिक वर्ष २०८०।८१ मा उक्त विद्यालयले रु. ४,५००।०० व्यवसाय कर तिरेको देखिन्छ भने राजेश खड्काको नाममा रहेको ४ विगाह १५ कट्ठा जग्गाको रु. २०,०००।०० मात्र सम्पत्ती कर तिरेको देखिन्छ । राजेश खड्को नाममा रहेको जग्गा मध्ये वडा नम्वर ४ मा रहेको १ विगाह ५ कट्ठा १४ धुर जग्गा भएकै स्थानमा उक्त विद्यालय रहेको र सो जग्गा तथा विद्यालय बिर्तामोड-भद्रपुर सडकले छोएको देखिन्छ । पालिकाको आर्थिक ऐन,२०८० मा तोकेको दर अनुसार उक्त सडकले छोएको जग्गा प्रति कट्ठा रु.२४,००,०००।०० दरले मूल्याङ्कन गर्दा सो जग्गाको मात्र पनि रु.६,०३,३६,०००।०० मूल्याङ्कन हुने तथा पालिकाको आर्थिक ऐन, २०८० अनुसार रु. ५ करोड भन्दा माथि प्रति हजार रु. २।०० का दरले उक्त जग्गाको मात्र पनि वार्षिक रु. १,२०,६७२।०० सम्पत्ती कर लाग्ने देखिन्छ । विद्यालयले जग्गा तथा विद्यालयका भवनहरुको समेत मूल्याङ्कन गरी सम्पत्ती कर बुझाउनु पर्नेमा बुझाएको छैन । त्यसैगरी उक्त विद्यालयले चर्चेको अन्य घर जग्गा समेत क-कसको नाममा

रहेको छ सो समेत एकिन गरी पालिकाले सम्पत्ती कर असुल गर्नुपर्नेमा गरेको नदेखिएकोले उक्त करदाता लगायत यस प्रकारका थप करदाताको खोजी तथा एकिन गरी सम्पत्ती कर, व्यवसाय कर तथा घर नक्शा अभिलेखिकरण दस्तुर असुल गर्नेतर्फ पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्दछ ।

### ३४ आन्तरिक राजस्व प्रक्षेपण तथा असूली

स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०७९।८० र २०८०।८१ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ ।

| आन्तरीक आय प्रक्षेपण सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न | राजश्व संकेत | शिर्षक | आ.व.०७९/८० को बार्षिक आन्तरिक आय अनुमान | ०७९/८० को यथार्थ | आ.व.०८०/८१ को बार्षिक आन्तरिक आय अनुमान | 0८०/८१ यर्थाथ आम्दानी | आ.व. ०८०/८१ को प्रगति प्रतिशत |
| १ | ११३१३ | सम्पत्ती कर | ४७०००००० | ४६६४२७२२ | ६५०००००० | ४४०९४७१५.७१ | ६७.८४ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १०००००. | १७७४७६.५ | २००००० | ५३३५८७.२५ | २६६.७९ |
| ३ | ११३२१ | घर बहाल कर | २८४०००००. | ३२३९८०१८.८१ | ४००००००० | ३३११७०७०.६५ | ८२.७९ |
| ४ | ११३२२ | बहाल विटौरी शुल्क | २७००००० | ७३६११४ | ५००००० | ४३४८०० | ८६.९६ |
| ५ | ११४५१ | सवारी साधन कर (टाँगा रिक्सा अटोरिक्सा इरिक्सा) | १००००० | १९७० | १५००० | १०० | ०.६७ |
| ६ | ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४५००००० | २०००००० | ५०००००० | ३३९४६९६ | ६७.८९ |
| ७ | ११६३२ | जरीबुटी कबाडी तथा जीवजन्तु कर | | १४००००० | | १८३९२२५ | |
| ८ | ११६९१ | अन्य कर | १००००० | | | २६४८७१७.३१ | |
| ९ | १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | | ४९१८१९ | |
| १० | १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | | | २९८७४२३ | |
| ११ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय सम्पत्ती भाडा | ५००००००. | १९६३४३९. | २०००००० | २२३०५०० | १११.५३ |
| १२ | १४१९० | अन्य शुल्क | | | ५०००० | | ०.०० |
| १३ | १४२११ | कृषी उत्पादनको बिक्रीबाट प्राप्त आय | | | | २२४७० | |
| १४ | १४२१२ | सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त आय | | | २०००० | १४५०० | ७२.५० |
| १५ | १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम (राजपत्र पुस्तक नक्सा आदी) | | १५०७६५ | ४००००० | ३२७०० | ८.१८ |
| १६ | १४२१९ | अन्य सेवा शुल्क | | १०९६४०६ | १५००००० | ३३५७०२ | २२.३८ |
| १७ | १४२२१ | न्यायीक दस्तुर | १०००० | ३०२२० | ५०००० | ८८५८० | १७७.१६ |
| १८ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | २३०००० | २००००० | १२१५०० | ६०.७५ |
| १९ | १४२२४ | परिक्षा शुल्क | | ६५२०० | १५०००० | १५० | ०.१० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | १४२२९ | अन्य प्रशासनिक शुल्क (बोलपत्र फारम विक्री समेत) | ५००००० | ५६९२७३ | ७००००० | २७१९७३६ | ३८८.५३ |
| २१ | १४२४१ | पार्किङ शुल्क | २०००००० | १४०००० | ३५०००० | २९४५००० | ८४१.४३ |
| २२ | १४२४२ | नक्सा पास दस्तुर | २००००००0. | ५०५४४३३३.६८ | २४०००००० | २७९९२१५१.३ | ११६.६३ |
| २३ | १४२४३ | सिफारिस दस्तुर | १६००००००. | १२०३५३३२. | २०००००००० | १४२३०७१४.३१ | ७१.१५ |
| २४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | १२४७९०५ | १५००००० | १६८२९६० | ११२.२० |
| २५ | १४२४५ | नाता प्रमाणित दस्तुर | १०००००० | ११७०४४९ | १५००००० | ११६४७९०.५० | ७७.६५ |
| २६ | १४२४९ | अन्य दस्तुर | १०००००० | १८७६२८६ | २५००००० | १८३९८५०.२२ | ७३.५९ |
| २७ | १४२५३ | व्यवसाय रजिष्ट्रेश दस्तुर | ५००००० | ८४७०० | २००००० | ७२१५० | ३६.०८ |
| २८ | १४२५४ | रेडियो/ एफ.एम संचालन दस्तुर | ५०००० | | | | |
| २९ | १४२६५ | अन्य क्षेत्रको आय () | ५००००० | ६४६०० | १००००० | ७९२४४८५ | ७९२४.४९ |
| ३० | १४३११ | न्यायीक दण्ड जरिवाना | १०००० | | ५००० | १३०० | २६ |
| ३१ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | २००००० | १२०६०० | ५००००० | १०१४५० | २०.२९ |
| ३२ | १४५२९ | अन्य राजश्व (माथिका अन्य शिर्षकमा नपरेका) | १००००००. | १९२५१. | १०००० | १६७६५६४.७२ | १६७६५.६५ |
| ३३ | १४६११ | व्यवसाय कर | २५००००००. | २११४४८२५. | ३०००००००० | २४०५०९७१.०२ | ८०.१७ |
| ३४ | १५१११ | वेरुजु असुल भई प्राप्त आय | | | | १७३९०८२ | |
| ३५ | ३३३६६ | दहत्तरबहतर शुल्क | १००००० | | | | |
| ३६ | ३३३४३ | विज्ञापन कर | १५००००० | २३२२६०० | २५५०००० | २५५४३६५ | १००.१७ |
| ३७ | ३३३४२ | मनोरञ्जन कर | ९३०००० | ५७४०७९ | १०००००० | ११८१५५५ | ११८.१६ |
| | | खुद आन्तरिक आय जम्मा | १५९०००००० | १७८८०६५६४.९ | २००००००००० | १८४२६५३८०.९९ | ९२.१३ |

उपर्युक्त तालिका अनुसार पालिकाले आ.ब. २०७९।८० मा कुल आन्तरिक आय रु. १५ करोड ९० लाख अनुमान गरेकोमा रु. १७ करोड ८८ लाख अर्थात लक्ष्यको तुलनामा ११२.४५ प्रतिशत असुली गरेको देखिन्छ भने आ.ब. २०८०।८१ मा रु. २० करोड अनुमान गरेकोमा रु.१८ करोड ४२ लाख ६५ हजार अर्थात लक्ष्यको तुलनामा ९२.१३ प्रतिशत असुली गरेको देखिन्छ । शीर्षकगत रुपमा हेर्दा आ.ब. २०८०।८१ मा सम्पत्ती कर रु.६ करोड ५० लाख अनुमान गरेकोमा रु.४ करोड ४० लाख ९५ हजार (६७.८४ प्रतिशत), सिफारिस दस्तुर रु. २ करोड अनुमान गरेकोमा रु. १ करोड ४२ लाख ३१ हजार (७१.१५ प्रतिशत), व्यवसाय कर रु. ३ करोड अनुमान गरेकोमा रु. रु. २ करोड ४० लाख ५१ हजार (८०.१७ प्रतिशत), सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त आय रु. २०

हजार अनुमान गरेकोमा रु. १४.५ हजार (७२.५० प्रतिशत), व्यवसाय रजिष्ट्रेन दस्तुर रु.२ लाख अनुमान गरेकोमा रु. ७२ हजार (३६.०८ प्रतिशत) असुली भएको देखिन्छ भने भूमिकर/मालपोत रु. २ लाख अनुमान गरेकोमा रु. ५ लाख ३४ हजार (२६७ प्रतिशत), अन्य क्षेत्रको आय रु. १ लाख अनुमान गरेकोमा रु.७९ लाख २४ हजार (७९२४ प्रतिशत) पार्किङ्ग शुल्क रु.३ लाख ५० हजार अनुमान गरेकोमा रु. २९ लाख ४५ हजार (८४१.४३ प्रतिशत), एवं अन्य राजस्व रु. १० हजार अनुमान गरेकोमा रु.१६ लाख ७६ हजार (१६७६० प्रतिशत) असुली भएको देखिएकोले पालिकाको आन्तरिक आय अनुमान र असुली यथार्थपरक देखिएन । तसर्थ पालिकाले आन्तरिक आय अनुमान गर्दा प्राप्त हुनसक्ने राजस्वका स्रोतहरुको विस्तृत अध्ययन गरी यथार्थपरक रुपमा गर्नुपर्ने एवं राजस्वको दायरा बढाई आन्तरिक आय वृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

## ३५ सम्पत्ती कर

बिर्तामोड नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २(१) मा नगरपालिका क्षेत्रभित्र वनेका भौतिक संरचना र सोले चर्चेका जग्गामा सम्पत्ती कर लगाइने र असुल उपर गरिने व्यवस्था छ । पालिकाले यसवर्ष सम्पत्ती कर वापत रु.६ करोड ५० लाख उठाउने लक्ष्य राखेकोमा रु. ४ करोड ५० लाख असुल गरेको छ । पालिकाले सम्पत्ती कर तिर्न/बुझाउन आउने करदाताहरुबाट मात्र कर असुल गरेको र तिर्न/बुझाउन नआउने करदाताको खोजि गरी असुल गर्ने गरेको देखिएन । नमूना छनौटको आधारमा केही करदाताको अभिलेख (सफ्टटेक आईपिटि) परीक्षण गर्दा देहाय बमोजिमका करदाताले आर्थिक वर्ष २०८०।८१ सम्मको देहाय बमोजिमको सम्पत्ती कर बुझाएको देखिएन । त्यसैगरी देहायका करदाता मध्येका वि एण्ड सि मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. बिर्तामोड महेन्द्र राजमर्गसँगै जोडिएको छ तर सम्पत्ती कर प्रयोजनका लागि पालिकामा जग्गा अभिलेख गर्दा अन्य साना सडकले छोएको भनि सोही अनुसार जग्गाको मूल्याङ्कन गरिएकोले सम्पत्ती कर समेत घटी गणना भएको देखिन्छ । तसर्थ पालिकाले यस प्रकारका कर नतिर्ने तथा जग्गाको गलत मूल्याङ्कन विवरण पेश गर्ने अन्य करदाताहरु समेत खोजी गरी करको दायरामा ल्याई सम्पत्ती कर असुल गर्नेतर्फ विशेष पहल गर्नुपर्दछ ।

| सि.नं. | करदाताको नाम | २०८०।८१ सम्मको तिर्न बाँकी सम्पत्ती कर |
|---|---|---|
| १ | खाद्य सुरक्षा तथा व्यापfर कम्पनी प्रा. लि . | ३६,६६,११९।०७ |
| २ | वि एण्ड सि मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि ., बिर्तामोड | ३,१३,५७८।०९ |
| ३ | पूर्वाञ्चल क्यान्सर हस्पिटल, बिर्तामोड | २,९६,७८६।९४ |
| ४ | कञ्चन्जङ्गा हस्पिटल प्रा. लि . | २,१६,०००।०० |
| ५ | छत्र बहादुर राजबंशी, वडा नं . ४ | २,१६,०००।०० |

## ३६ व्यवसाय कर

विर्तामोड नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने व्यवस्था छ । पालिकाले यसवर्ष व्यावसाय कर वापत रु.३ करोड उठाउने लक्ष्य राखेकोमा रु.२ करोड ४० लाख ५१ हजार असुल गरेको छ । पालिकाले व्यवसाय कर नबुझाउने व्यासायीहरुको अभिलेख राखी कर बुझाउन ताकेता नगरी बुझाउन ल्याउनेहरुको मात्र असुल गर्ने गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा केही व्यवसायीहरुको अभिलेख (सफ्टटेक आईपिटि) परीक्षण गर्दा देहाय बमोजिमका व्यवसायीबाट आर्थिक वर्ष २०८०।८१ को व्यवसाय कर असुल भएको देखिएन । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार देहाय बमोजिमका व्यवसायी लगायत कर नतिर्ने यस प्रकारका अन्य व्यवसायीहरुको समेत खोजिगरी कारोबारको आधारमा हुने व्यवसाय कर यकिन गरी असुल गर्नेतर्फ विशेष पहल गर्नुपर्दछ ।

| क्र. सं . | व्यासायीको नाम | पछिल्लो पटक कर तिरेको |
|---|---|---|
| १ | वि एण्ड सि अस्पताल विर्तामोड | आर्थिक वर्ष २०७४।७५ |
| २ | कन्काई अस्पताल विर्तामोड | आर्थिक वर्ष २०७९।८० |
| ३ | विरटज्योती आवासिय मा. वि . | आर्थिक वर्ष २०७७।७८ |
| ४ | न्युटनस एजुकेशन एकेडेमी | आर्थिक वर्ष २०७४।७५ |
| ५ | होटल द किङ्सबरी प्रा. ली . | आर्थिक वर्ष २०७८।७९ |

३७ **अभिलेखिकरण**

विर्तामोड नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ अनुसार आवासिय प्रयोजनको लागि निर्माण भएको आर.सि.सि. स्ट्रक्चरको घरको नक्शा अभिलेखिकरण गर्दा प्रति वर्गफिट रु.८।०० का दरले तेब्बर दस्तुर लाग्ने उल्लेख भए अनुसार प्रेम कुमार अग्रवालको १५२२८.२३ वर्गफिट क्षेत्रफल भएको घर अभिलेखिकरण गर्दा नक्शा फाराम दस्तुर रु.१०००।०० समेत रु.३,६६,४७७।०० दस्तुर लाग्नेमा रु.३,६४,७३६।८० मात्र असुल गरेकोले नपुग रु.१,७४१।०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७४१ |

३८ **नक्सापास दस्तुर**

विर्तामोड नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ मा नगरपालिकाबाट उपलब्ध गराइएको वस्तु वा सेवामा अनुसुची -१२ अनुसार दस्तुर लगाइने व्यवस्था छ । जस अनुसार व्यापारिक प्रयोजनको ५००१ वर्गफिट देखि २०००० वर्गफिट सम्मको आर.सि.सि. स्ट्रक्चर भएको घरको नक्शापास वापत प्रति वर्गफिट रु.१०।०० का दरले दस्तुर लाग्ने उल्लेख छ । कुशुमदेवी मित्तल अग्रवाल समेतको संसोधित नक्शा अनुसार (शुरु नक्शा १२३७३.६८ बर्ग फिट रहेकोमा संसोधित १३५७९.२३ बर्ग फिट) १२०५.५५ बर्ग फिट थप भएकोमा सो वापत हुने रु.१२,०५५।५० असुल गर्नुपर्नेमा नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,०५५.५ |

३९ **बसपार्कको आय बाँडफाँड**

प्रमाण पेश भई सम्परीक्षण ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,१०३,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४० **ग्रेडर भाडा**

विर्तामोड नगरकार्यपालिको २०८०।१०।१२ मा बसेको बैठकको निर्णयबाट पालिकामा रहेका मेशिन उपकरणहरुको भाडादर तोकेको छ । जस अनुसार ग्रेडरको भाडादर इन्धन बाहेक प्रति घण्टा रु.२०००।०० तोकेको छ । पालिकाको ग्रेडर मेशिन देहाय बमोजिम भाडामा लगाएको लगबुक बाट देखिएकोमा उक्त भाडा वापतको रकम पालिकामा दाखिला भएको नदेखिएकोले ग्रेडर चालक श्री शशी भट्टराईलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| भाडामा लगाएको मिति | स्थान | घण्टा | रकम |
|---|---|---|---|
| २०८१।३।१० | वडा नं ५ | ३ | ६००० |
| २०८१।३।१० | वडा नं १ | १ | २००० |
| जम्मा | | | ८००० |

| असुल गर्नुपर्ने | ८,००० |
|---|---|

४१ **करार कर्मचारी सञ्चयकोष**

नेपालको संविधान, २०७२ को धारा २२७ मा पालिकाको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । पालिकाले विर्तामोड नगरपालिकाको कर्मचारीहरुको सेवा शर्त र सुबिधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ को दफा ८( ३ ) मा नगरपालिकामा कार्यरत सबै अस्थायी एंव करार कर्मचारीहरुको सञ्चय कोष कट्टा गरिने व्यवस्था गरेको छ। जसमा कर्मचारीको शुरु मासिक तलवबाट १० प्रतिशत कट्टा गरी सोहि वरावरको रकम पालिकाबाट थप गरी सञ्चयकोषमा रकम जम्मा गर्ने व्यवस्था बमोजिम पालिकाको सशर्तबाट तलव खाने कर्मचारी समेत १३५ जना करार तथा अस्थायी कर्मचारीको मासिक तलवबाट १० प्रतिशत बराबरको रकम मासिक कट्टी गरी पालिकाले सोहि बराबर थप गरी श्रावणदेखि चैत्र महिना सम्मको रु.३४,९६,४७८/- खर्च भुक्तानी गरेकोछ ।यसरी संघीय तथा प्रदेश कानूनमा व्यवस्था नभएको सेवा सुबिधा थप गरी ऐन बनाएकोले थप व्ययभार परेको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३४,९६,४७८ |
|---|---|

४२ **पदाधिकारी अनुगमन**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा नगरपालिका प्रमुख, उप प्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूचि १ (ख) मा उल्लेख भए बमोजिमको सुविधा पाउने व्यवस्था छ । उक्त व्यवस्था अनुसार नगरप्रमुखले रु.११,०००।००, उपप्रमुखले रु.११,०००।००, वडा अध्यक्षले रु.४,५००।०० र कार्यपालिका सदस्यले रु.२,०००।०० का दरले मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ। अनुसूचिको द्रष्टव्यमा नगरपालिकाका पदाधिकारीले मासिक रुपमा अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले पदाधिकारीको मासिक सुबिधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न नगरी अनुगमन भत्ता भुक्तानी भएको देखिएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | जम्मा महिना | भुक्तानी रकम |
|---|---|---|---|---|
| नगर प्रमुख | १ | ११००० | १२ | १३२००० |
| उप प्रमुख | १ | ११००० | १२ | १३२००० |
| वडा अध्यक्ष | १० | ४५०० | १२ | ५४०००० |
| कार्यपालिका सदस्य | ८ | २००० | १२ | १९२००० |
| जम्मा रु. | | | | ९९६०००।०० |

| प्रमाण पेश नगरेको | ९,९६,००० |
|---|---|

४३ **दोहोरो भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ ( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाको गो.भौ.नं. १६०१।०८१।१।७ बाट विद्यालयहरुको शैक्षिक क्यालेण्डर निर्माण छपाई कार्यमा रु.१,३०,०००।०० खर्च भएकोमा क्यालेण्डर निर्माण समितिको तयारीका लागि बसेको २ वटा बैठकको बैठक भत्ता भुक्तानी गरेको र तयारी कार्यमा खटिने केहिलाई पूनः पारिश्रमिक समेत भुक्तानी गरेको देखिएकोले यसरी नियमित कामका लागि समेत दोहोरो सुबिधा भुक्तानी भएको नियम सम्मत देखिएन । अतः यसरी एउटै कामको लागि पारिश्रमिक र बैठक भत्ता दोहोरो लिएका देहायका कर्मचारीहरुबाट बैठक भत्ता वापतको रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| नाम थर | भुक्तानी भएको रकम | कर कट्टा पछिको रकम |
|---|---|---|
| तिलचन भण्डारी | ३००० | २५५० |
| केशर बहादुर खवास | ३००० | २५५० |
| शेर बहादुर श्रेष्ठ | ३००० | २५५० |
| टिका पोख्रेल | ३००० | २५५० |
| दिनेश प्रसाद आचार्य | ३००० | २५५० |
| जम्मा रु. | | १२७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,७५० |

४४ **करार कर्मचारीको तलव भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न पदमा १७७ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.६,५४,१२,२६०/- खर्च लेखेको छ ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार बाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक ईन्जिनियर-१, बाली संरक्षण अधिकृत-१, सहायक बाली संरक्षण अधिकृत-१, सहायक प्राविधिक चौथौ कृषि प्रसार-१, सहायकस्तर पाचौ कृषि-१, सहायकस्तर चौथौ-१ र सहायकस्तर चौथौ प्रशासन-४ जना लोक सेवा आयोगमा पदपूर्तिका लागि माग गरेको पत्र पेश भएको छ। उपरोक्त पद बाहेक शिक्षा अधिकृत-१, सूचना प्रबिधि अधिकृत-१ , सब ईन्जिनियर-४, असिस्टेन्ट सव ईन्जिनियर-१, सहायक चौथौ अमिन-१, सहायक तेस्रो-११ समेत जम्मा १९ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.८३,४८,८४२/- भुक्तानी गरेको छ। यसरी सभाद्धारा दरबन्दी स्वीकृत गरेतापनि किताबखानामा स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८३,४८,८४२ |

४५ **खाजा भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र सोहि दफाको उपदफा (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नगरपालिकाको दोस्रो नगर सभा तेस्रो अधिवेशनको दोस्रो बैठकको निर्णय नं १४ मा कोशी प्रदेश सरकारले प्रदेश कर्मचारीहरुको लागि पारित गरेको थप एक महिनाको पारिश्रमिक, खाजा खर्च तथा अन्य सेवा सुबिधा अनुरुप यस नगरपालिकाका कर्मचारीहरुलाई पारिश्रमिक र खाजा खर्च उपलब्ध गराउने निर्णय गरेको पाइयो । गत वर्ष पौष महिनादेखि रु.२५००/- का दरले उपलब्ध गराउदै आएकोमा यस वर्ष श्रावणदेखि मासिक रु.५०००/- का दरले भुक्तानी गरेको छ। जस अनुसार संघीय सर्शत र पालिकाका स्थायी समेत गरी जम्मा २२४ कर्मचारीहरुलाई खाजा भत्ता बापत रु.१,३४,२७,२०५/- भुक्तानी गरेको छ । पालिकाले आन्तरिक कार्यविधि तर्जुमा नगरी प्रचलित संघीय कानूनमा व्यवस्था भएको सेवा सुबिधाका अतिरिक्त सभाको निर्णयका आधारमा खाजा भत्ता भुक्तानी गरेको नियम सम्मत देखिएन । प्रदेश कानूनमा खाजा खर्च उपस्थित भएको दिनलाई आधार मानेर उपलब्ध गराउने व्यवस्था भएको सन्दर्भमा पालिकाले मासिक एकमुष्ठ उपलब्ध गराउने निर्णयले कर्मचारीको उनुपस्थित दिन तथा लामो बिदा बसेको अवस्थामा समेत खाजा खर्च भुक्तानी हुने देखियो । तसर्थ कर्मचारीको डिजिटल हाजिरीलाई आधारमानी कार्यालय समयमा उपस्थित दिनकोमात्र खाजा खर्च भुक्तानी हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,३४,२७,२०५ |

४६ **प्रोत्साहन भत्ता भुक्तानी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, र सोहि दफाको उपदफा (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नगरपालिकाको दोस्रो नगर सभा तेस्रो अधिवेशनको दोस्रो बैठकको निर्णय नं १४ मा कोशी प्रदेश सरकारले प्रदेश कर्मचारीहरुको लागि पारित गरेको थप एक महिनाको पारिश्रमिक, खाजा खर्च तथा अन्य सेवा सुबिधा अनुरुप यस नगरपालिकाका कर्मचारीहरुलाई पारिश्रमिक र खाजा खर्च उपलब्ध गराउने निर्णय गरेको पाइयो ।सोहि निर्णयका आधारमा पालिका अन्तर्गतका स्थायी ४५ र संधिय शर्सतबाट तलव भुक्तानी हुने स्वास्थ्य तर्फ कार्यरत २९ समेत गरी जम्मा ७४ जनाको शुरु तलव स्केलको एक महिना बराबरको प्रोत्साहन भत्ता वापत रु.२९,९५,९३६।०० भुक्तानी गरी खर्च लेखेको छ।पालिकाले प्रोत्साहन भत्ता भुक्तानी सम्बन्धमा कुनै मापदण्ड तयार नगरी प्रदेश सरकारले खारेज गरिसकेको व्यवस्थालाई आधारमानी निर्णयका आधारमा भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | २९,९५,९३६ |

४७ **अनुगमन खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाबाट सञ्चालन गरिएका विभिन्न तालिम, गोष्ठी लगायतका कार्यक्रमहरुको अनुगमन गरेको भनि देहायका कर्मचारीहरुलाई अनुगमन भत्ता भुक्तानी गरेको देखयो। कानूनमा कर्चारीलाई अनुगमन भत्ता उपलब्ध गराउने व्यवस्था भए सो प्रमाण सहित अनुगमन गरेको प्रतिवेदन समेत पेश हुनुपर्ने अन्यथा सम्बन्धित कर्मचारीहरुबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | नाम थर | कार्यक्रम | अनुगमन भत्ता भुक्तानी कर कटी पछिको |
|---|---|---|---|
| २१६७।०८१।३।६ | राधाकृष्ण खतिवडा | IEMISसम्बन्धि अभिमुखिकरण तालिम | १७०० |
| २१६७।०८१।३।६ | तेजिन्द्र तामाङ | IEMISसम्बन्धि अभिमुखिकरण तालिम | १७०० |
| २१६७।०८१।३।६ | सोमराज थापा | IEMISसम्बन्धि अभिमुखिकरण तालिम | १७०० |
| २१६७।०८१।३।६ | केशर बहादुर खवास | IEMISसम्बन्धि अभिमुखिकरण तालिम | १७०० |
| १३१०।०८०।१२।५ | बिनोद कुमार न्यौपाने | प्रारम्भिक वाल विकास सहजकर्ताको पूनःताजगी क्षमता विकास | ३४०० |
| ,, ,, | तिलचन भण्डारी | ,, ,, ,, | ३४०० |
| ,, ,, | दिनेश आचार्य | ,, ,, ,, | ३४०० |
| ,, ,, | तेजिन्द्र तामाङ | ,, ,, ,, | ३४०० |
| ,, ,, | जानुका रेग्मी | ,, ,, ,, | ३४०० |
| | | जम्मा रु. | २३८००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,८०० |

४८ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी विल भर्पाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ।पालिकाले यो वर्ष अनुगमन मूल्याङ्कन र भ्रमण खर्च शीर्षकमा रु.३५,३५,१३५।०० खर्च गरेको छ । भ्रमण आदेश र संलग्न भएका विल भर्पाई परीक्षण गर्दा सबै भ्रमण आदेश भ्रमण अभिलेख खातामा दर्ता नभएको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश हुने नगरेको लगायतका कैफियत व्यहोरा देखिएकोले अति आवश्यक बाहेकका उद्देश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी भ्रमण खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

४९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान, आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाको सुत्रको विवरण अनुसार विविध खर्च शीर्षकमा कुल रु.६०,३९,८१३।०० खर्च गरेको छ। यस मध्ये पालिकाले कार्यपालिका तथा कर्मचारीका बिभिन्न बैठक, फिल्ड अनुगमन, कार्यालय समय अघिपछी बसी कार्य गरेको, अथिति सत्कारमा हुने चिया, खाजा, खाना लगायतमा रु.३९,८३,२००।०० खर्च भएको देखिन्छ । यस बाहेक बिबिध शीर्षकबाट कतिपय कार्यक्रम खर्च तथा मसलन्द, जिन्सी समान मर्मत लगायतका खर्चहरु यसबाट भएको देखिन्छ। पालिकाले विविध खर्च आफ्नो आन्तरिक आयको परिधिभित्र रही तथा प्रयोजन खुलाएर मात्र खर्च गरी यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

५० **अन्य निकायको खर्च**

पालिकाले आफ्नो क्षेत्रमा रहेका सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका अन्य सार्वजनिक निकाय/कार्यालयहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरेपछी मात्र खर्च व्यहोर्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयहरुलाई भवन निर्माण तथा मर्मत कार्यका लागि भुक्तानी गरेकोमा तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरेको देखिएन । छुट्टै वजेट व्यवस्थापन हुने अन्य निकाय/कार्यालयको खर्च भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| भौ नं/ मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ५२।२०८०।७।१ | सशस्त्र प्रहरी वल नेपाल वेस क्याम्प भवन निर्माण अर्जुनधारा - ६ | १०००००० |
| ३४९।२०८०।१२।२५ | बिर्ता बजार प्रहरी चौकी मर्मत तथा मोटर साइकल स्टेण्ड निर्माण | ४६८८८९ |
| ६६७।२०८१।३।११ | बुट्टाबारी अस्थायी प्रहरी चौकी घेराबार तथा मर्मत कार्य | ५६६९२० |
| जम्मा | | २०३५८०९ |

| अनियमित भएको | २०,३५,८०९ |
|---|---|

५१ **वडास्तरीय योजना तथा कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यसवर्ष देहायका वडा कार्यलयहरुको विभिन्न योजना तथा कार्यक्रमका लागि विनियोजन गरेको बजेट मध्ये देहाय बमोजिमको रकम एकमुष्ठ बजेट विनियोजन गरी विभिन्न साना साना टुक्रे योजना बनाई खर्च गर्ने गरेको पाइयो । पालिकाले साना र वितरणमुखी योजना तथा कार्यक्रम सञ्चालन गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने देखिन्छ । तसर्थ यसरी एमुष्ठ बजेट विनियोजन गरी टुक्रे योजना बनाई खर्चगर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| वडा कार्यालय | योजनाको नाम | विनियोजित रकम | खर्च रकम | टुक्रा संख्या |
|---|---|---|---|---|
| वडा नं – १ | सानातिना योजना सञ्चालन तथा मर्मत | ७००००० | ६७८००० | ६ |
| वडा नं – २ | स– सा ना योजना तथा इन्धन खरिद | ७००००० | ६८०२५१ | १३ |
| वडा नं – ३ | वडाका सानातिना योजना | ६७५००० | ६६१२३२ | १४ |
| वडा नं – ४ | सानातिना योजना तथा कार्यक्रम सञ्चालन | ६००००० | ५७२१४६ | २३ |
| वडा नं – ५ | मर्मत सम्भार तथा साना योजना र विपद | ९००००० | ८८१८१० | ३२ |
| वडा नं – ६ | सानातिना कामका लागि संरक्षण सम्वर्द्धन | ८५०००० | ७०९७०० | २० |
| वडा नं – ७ | वडाका स– सा ना योजना तथा सडक मर्मत | १२००००० | १२००००० | ८ |
| वडा नं – ८ | विभिन्न सडकमा ग्राभेलिङ्ग | ५००००० | ४८५१९९ | ९ |
| वडा नं – १० | सानातिना योजना मर्मत सम्भार | ९००००० | ९००००० | ९ |

५२ **महशुलमा हर्जना भुक्तानी**

प्रदेश सरकारबाट जारी भएको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नम्बर २९(३) मा पानी, बिजुली, सञ्चार, महशुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता र किफायती अपनाउनु पर्ने व्यवस्था छ।पालिकाले नेपाल बिद्युत प्राधिकरण तथा खानेपानी कार्यालयलाई देहायका गोश्वरा भौचरबाट बिद्युत तथा खानेपानी महशुल भुक्तानी गर्दा थप हर्जना समेत भुक्तानी गर्ने गरेको र समयै बिल भुक्तानी नगर्दा थप दायित्व श्रृजना भएको खर्च अनियमित देखिएकोले समयमै बिल भुक्तानी गर्नुपर्ने रु.

| गो भौ नं मिति | बिल रकम | थप हर्जना रकम |
|---|---|---|
| ३४।०८०।५।२७ | ९४९६०.८२ | २२३८५.३८ |
| ४८।०८०।५।२७ | ५०००० | १२२७९ |
| ४०७।०८०।७।१४ | ४०००० | ६३८६ |
| ५०४।०८०।७।२२ | ६२७४ | १५८८ |
| ५२७।०८०।८।६ | ७१८२५ | १७९५६ |
| ९६७।०८०।१०।१० | १३४४२ | ३३६० |
| ९७७।०८०।१०।११ | ४५१८७.६३ | १०३६६.५६ |
| ९७७।०८०।१०।११ | २१५५३४.४ | ४४३९२ |
| ९६७।०८०।१०।१० | १७७४२२.२९ | ३५७७.५७ |
| १४११।०८०।१२।१५ | ९५७४ | १९२० |
| १४११।०८०।१२।१५ | २५८१ | ४७५ |
| ७५३।०८०।९।११ | १४२५२ | २६७६.७५ |
| जम्मा रु. | | १२७३६२.२६ |

| अनियमित भएको | १,२७,३६२ |
|---|---|

५३ **इन्धन तथा सवारी साधन मर्मत खर्च**

अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालन निर्देशिका,२०७७ को आठौं सस्करणको बुदा नं ७.१.५ मा सवारी साधन वापत सुविधा प्राप्त गर्ने सरकारी पदाधिकारीलाई तोकिएको मापदण्ड बमोजिमको सवारी चालक, इन्धन र मर्मत वापत एकमुष्ट रकम उपलब्ध गराइने र सो बाहेक थप सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध नगराउने उल्लेख छ।पालिका अन्तर्गत महेन्द्रा पिकअप-२, टाटा सफारी-१, दमकल-१, जे.सी. बी.-२, मिनि ट्रिपर-१, ग्रेडर-१, रोलर-१, टिप्पर-३, पानी ट्याङकर-१, सव बाहन-१ ट्याक्टर-५, मोटरसाइकल-२७ र स्कुटर-४ रहेका छन। पालिकाले सवारी साधन मर्मत तथा ईन्धन प्रयोगका सम्बन्धमा निश्चित मापदण्ड तयार गरी लागु गरेको देखिएन। पालिकाले यस वर्ष मेशिनरी औजार तथा सवारी साधन मर्मतमा रु.६३,१७,५७४।०० र इन्धनमा रु.७७,००,०८१।०० खर्च गरेको छ। मेशिनरी औजार उपयोगका सम्बन्धमा मेशिनबाट गराएको कामको लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन तयार गर्ने गरेको पाइयो । पालिकाले सवारी साधन अनुसार पदाधिकारी तथा कर्मचारीलाई वार्षिक मर्मत र इन्धन खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ।साथै मेशिनरी औजार तथा सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

५४ **बिल भरपाई पेश**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियामवली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्याक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक बिल , भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने व्यावस्था छ । पालिकाले स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत भौ. नं. १०४ तथा १०५ मिति २०८१।३।११ बाट कम्प्यूटर सोलुसन सेल्स एण्ड सर्भिसलाई विल अनुसारको भुक्तानी भनि बैंक नगदी किताबमा क्रमश: रु. ३८,८००।०० तथा रु. ९९,४००।०० समेत रु. १,३८,२००।०० भुक्तानी गरेकोमा के वापत भुक्तानी भएको हो सोको विल भरपाई लगायतका कागजात पेश नभएकोले खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३८,२०० |

५५ **भरपाईभन्दा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ ( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाले देहायका वडाहरुमा लक्षित वर्गलाई बिभिन्न जिन्सी सामाग्री वितरण गरेको विल भुक्तानी गरेकोमा वितरण गरिएको भरपाई परीक्षण गर्दा केहि व्यक्तिको भरपाईमा दस्तखत नभएको अवस्थामा समेत खर्च भुक्तानी भएको देखिएकोले कार्यक्रम सञ्चालन गर्ने व्यक्तिबाट उक्त रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | कार्यक्रम | खर्च भुक्तानी लिने | भरपाई पेश | भरपाई पेश नभएको संख्या | दर | असुल हुने रकम |
|---|---|---|---|---|---|---|
| ११४१ | वडा नं ८ मा जेष्ठ नागरिकलाई ज्याकेट स्वीटर वितरण | वेद प्रकाश अधिकारी सचिव | १०५ थान | ८ थान | ९८४।२३ | ७८७३।८४ |
| १२३२ | वडा नं ८ मा पूर्ण अपाङ्ग भएका व्यक्तिलाई ज्याकेट स्वीटर वितरण | वेद प्रकाश अधिकारी सचिव | ४४ थान | १ थान | ११११ | ११११ |
| | | जम्मा रु | | | | ८९८४।८४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९८४.८४ |

५६ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम गर्न सकिने व्यवस्था गरेको छ ।पालिकाले निम्नानुसारका गोश्वरा भौचरबाट बिभिन्न

सामाग्रि खरिद वापत रकम भुक्तानी गरेकोमा उक्त समानहरु प्रयोग गरेको वा जडान भएको प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएको नदेखिएकोले जडान भएको प्राबिधिक प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.

| गो भौ नं | कार्यक्रम | खर्च रकम |
|---|---|---|
| २०२०।०८१।२।२८ | वडा नं ३ का १३ विपन्न परिवारलाई पिउने पानीका लागि कल तथा जडान सामाग्रि वितरण | ९८८०७ |
| १९७४।०८१।२।२३ | वडा नं ३ विर्तामोड भद्रपुर सडक खण्डको दायाबाया जालीको घेराबार कार्य | ७५१२२ |
| २६३५।०८१।३।२३ | हरियाली तथा बृक्षारोपण कार्यक्रम वडा नं ३ मा जाली १८ बण्डल खरिद | ९९६६६ |
| | जम्मा रु. | २७३५८५।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७३,५८५ |

## ५७ बिल भरपाई नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ ( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले देहाय बमोजिमको कार्यक्रम तर्फको भुक्तानी गर्दा बिल भरपाई वेगर भुक्तानी गरेको देखिएकोले आवश्यक पुष्याइ सहित बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो भौ नं | कार्यकर्म | भुक्तानी लग्नेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २३२९।०८१।३।१६ | दलित जनजातीको क्षमता विकास | बहुभाषिक साहित्य संगित कला केन्द्र ,झापा | ४०००० |
| १९८७।०८१।२।२३ | सचेतना कार्यक्रम | युवा केन्द्र नेपाल | ६०००० |
| | जम्मा रु | | १०००००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

## ५८ बढी भुक्तानी

अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका,२०७७ को बुदा नं ७.१.१५ को सि.नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक निर्धारण गरेको छ ।जस अनुसार नगरपालिका स्तरको तालिममा बाह्य प्रशिक्षकले कार्यपत्र वापत रु.१,०००।०० र प्रवचन वापत रु.६००।०० र आन्तरिक प्रस्तुतकर्तालाई प्रवचन/ कार्यपत्र बापत रु.१,०००।०० मात्र भुक्तानी गर्न सकिने उल्लेख गरेको छ । त्यस्तै एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेटको र कार्यपत्र भन्नाले कम्तिमा ७५० शब्दको हुनुपर्ने व्यवस्था छ। सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको पाउने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाबाट सञ्चालन भएका देहायका तालिमहरुमा श्रोत व्यक्ति आन्तरिक रहेको अवस्थामा कार्यपत्र वापतको तोकिएको दरले भुक्तानी गर्नुपर्नेमा बढी दरले भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | कर्मचारीको नाम | तालिमको नाम | प्रति कार्यपत्र भुक्तानी रकम | भुक्तानी हुनु पर्ने | सेसन संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १३१०।०८०। १२।५ | केशर बहादुर खवास | प्रारम्भिक वाल विकास शिक्षकको क्षमता विकास | १५०० | १००० | ६ | २५५० |
| २१६७।०८१।३। ६ | तिलचन भण्डारी | IEMISसम्बन्धि अभिमुखिकरण तालिम | १५०० | १००० | ३ | १२७५ |
| | मित्रलाल ओली | ,, ,, | १५०० | १००० | ९ | ३८२५ |
| २४०२।०८१।३। १७ | राजेन्द्र प्रसाद कडरिया | व्यवसायिक तरकारी उत्पादन तालिम | १५०० | १००० | ८ | ३४०० |
| | अनु मोते | | १५०० | १००० | २ | ८५० |
| | सुजित शाह | | १५०० | १००० | २ | ८५० |
| | | जम्मा रु | | | | १२७५० |
| | | | | | असुल गर्नुपर्ने | १२,७५० |

५९ **खर्चको पुष्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ ( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण, कागजात संलग्न नगरी खर्च लेखेको देखियो । यसरी खर्च लेख्दा कार्यक्रम, उद्देश्य, प्रयोजन तथा कार्यक्रम सञ्चालन भएको प्रतिवेदन समेतका आवश्यक प्रमाण कागजात संलग्न गरेर मात्र खर्च भुक्तानी गर्नुपर्दछ।देहायका खर्चहरुलाई आवश्यक पुष्ट्याई सहित नियमित गर्नुपर्ने रु.

| भौ नं | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २०८ | उदघोषण कला तालिम | चनिमाया तामाङ | १००००० | कार्यक्रम सञ्चालन भएको कार्यतालिका नभएको |
| २१४ | खेलकुद सामाग्रि वितरण | खेलकुद विकास समिति विर्तामोड १ | २२८००० | प्रयोजन खुलाएको देखिएन |
| ४२१ | बृक्षारोपण कार्यक्रम | भिम अधिकारी वडा सचिव | ९५००० | प्रतिवेदन पेश नभएको |
| ५०८ | बक्सिङ अभ्यास | गरामुनी युवा बक्सिङ क्लब | ५०००० | प्रतिवेदन पेश नभएको |
| ७०५ | खेलकुद सामाग्री खरिद | खेलकुद विकास समिति विर्तामोड ३ | ६६००० | प्रयोजन नखुलाएको |
| २३२८ | खेलकुद सामाग्री खरिद | खेलकुद विकास समिति विर्तामोड ५ | २००००० | प्रयोजन नखुलाएको |
| २१३७ | खेलकुद सामाग्री खरिद | खेलकुद विकास समिति विर्तामोड ९ | ७०००० | प्रयोजन नखुलाएको |
| १६२४ | निशुल्क संगित प्रशिक्षण | सप्तक संगित विद्यालय | ७०००० | सहभागीको विवरण हाजिरी नभएको |
| १५८९ | पर्यटन महोत्सव मनाउन | नेपाल आदिवासी जनजाति महासंघ नगर समिति | २००००० | महोत्सव सम्पन्न प्रतिवेदन नभएको |
| ८१७ | विद्यार्थि प्रोत्साहन तथा सम्मान | केशर बहादुर भुजेल | १८०००० | सम्मान कार्यक्रमको प्रतिवेदन पेश नभएको |
| | | जम्मा रु | १२५९०००।०० | |

| अनियमित भएको | १२,५९,००० |
|---|---|

६० **निर्देशिका भन्दा बढी भुक्तानी**

अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका,२०७७ को बुदा नं ७.१.१५ मा सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सञ्चालन सम्बन्धि खर्चको मापदण्ड निर्धारण गरेको छ ।उक्त बुदाको सि.न.१५ मा प्रतिवेदकको पारिश्रमिक एक दिनको तालिमको रु.१,०००।०० र एक दिनभन्दा बढीको कार्यक्रम भएमा अतिरिक्त ५००।०० का दरले थप उपलब्ध गराउने तथा एउटा कार्यक्रमको अधिकतम रु.३,०००।०० भन्दा बढी हुन नहुने उल्लेख छ।पालिकाले गो.भौ.नं २१६७।०८१।३।६ बाट सामुदायिक तथा संस्थागत विद्यालयका IEMIS सञ्चालन गर्ने शिक्षकहरुलाई दुई दिने अभिमुखिकरण तालिम सञ्चालन गरेकोमा तालिमको प्रतिवेदन तयारी वापत प्रा.स. जानुका रेग्मीलाई रु.३,५००।०० भुक्तानी गरेको पाइयो । कार्यसञ्चालन निर्देशिका अनुसार दुई दिने तालिमको रु.१,५००।०० मात्र भुक्तानी गर्न मिल्ने देखिएकोले बढी भुक्तानी भएको रु.२,०००।०० असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,००० |
|---|---|

६१ **स्वास्थ्य बीमा**

संबिधानमा मौलिक हकको रुपमा व्यवस्था भए अनुरुप जनताले स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई कार्यान्वयनमा ल्याई जनतालाई सर्वसुलभ गुणस्तरीय र सस्तो मूल्यमा स्वास्थ्य सेवा प्रदान गर्ने तथा आधारभुत स्वास्थ्य सेवामा सबैको पहुंच बढाउने उद्देश्यले नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागु गरे अनुरुप यस पालिकाले पालिका अन्तर्गतको बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागु गरेको छ । अस्पतालले बीमित बिरामीहरुलाई स्वास्थ्य सेवा र फार्मेसी उपलब्ध गराए वापत लाग्ने रकम आवश्यक कागजपत्र समेत सोधभर्नाका लागी स्वास्थ्य बीमा बोर्डमा सफ्टवेयर मार्फत अनुरोध गरेपछि सोधभर्ना प्राप्त हुने गरेको छ । २०८१ अषाढ मसान्त सम्मको बीमित उपचार खर्च वापत अस्पतालले रु.८,९१,१२,१४७।०० मागदाबी गरेकोमा स्वास्थ्य बीमा बोर्डबाट हालसम्म रु.५,९३,०७,८३१।०० प्राप्त भई रु.२,९८,०४,३१६।०० स्वास्थ्य बीमा बोर्डबाट सोधभर्ना हुन बाँकी देखिन्छ । अतः उक्त रकम समयमै सोधभर्ना लिनेतर्फ पहल हुनुपर्दछ ।

६२ **प्रोत्साहन भत्ता**

स्वास्थ्य बीमा कार्यक्रम अनतर्गत नगर प्रमुखको अध्यक्षतामा बस्ने नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको २०८०।३।१५ मा बसेको बैठकको निर्णय अनुसार स्वास्थ्य बीमा वोर्डले तोके बमोजिमको १० प्रतिशत प्रोत्साहन भत्ता वितरण गर्दा कार्यालय सञ्चालनमा भएको दैनिक खर्च कटाई बाँकी रकम सेवा प्रदायक कर्मचारीलाई वितरण गर्ने भनिएको छ । तर सो निर्णयमा कुन तहको कर्मचारीलाई कति प्रतिशत वितरण गर्ने उल्लेख भएको देखिएन । पालिकाले मे.सु. सुनिल अधिकारीलाई भौ.नं. ७।२०८०।६।२८ बाट २०८० आश्विन सम्मको प्रोत्साहन भत्ता वापतको रु. ५२०२७३।०० मा १५ प्रतिशत कर कट्टा गरी रु. ४४२२३२।०० उपलब्ध गराएकोमा भौ.नं. ३६।२०८०।१०।३ बाट विभिन्न ३६ जना सेवा प्रदायक कर्मचारीलाई नर्सिङ्ग तर्फ ४.५ प्रतिशत देखी पारामेडिक तर्फ ४० प्रतिशतका दरले वितरण गरेको भरपाई पेश गरी पेश्की फछर्यौट गरेको छ । तर उक्त प्रतिशतका आधारमा वितरण गर्ने सम्बन्धमा कुनै मापदण्ड, कार्यविधि तथा निर्णय पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४२,२३२ |

६३ **औषधी उपचार खर्च**

मृगौला प्रत्यारोपण गरेका, डाइलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वपत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ मा लाभ ग्रहीको सूचि प्रत्येक वडा कार्यालयले नविकरण गर्नुपर्ने, दफा ७ मा लभग्रहीको अनुसूचि-४ बमोजिम अभिलेख अद्यावधिक गर्नुपर्ने एवं दफा १० बमोजिम लाभग्राहीलाई भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय, सम्बन्धित वडा कार्यालय र वेभसाइटमा सार्बजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २०८० श्रावण देखी पौषसम्मको विभिन्न २०५ जना र २०८० माघ देखी २०८१ असारसम्मको विभिन्न २४० जना लाभग्राहीलाई रु.१,२२,०७,६४६।०० भुक्तानी गरेकोमा कार्यविधिले भने बमोजिम अभिलेखहरु अद्यावधिक गरेको देखिएन । तोकिए वमोजिम अभिलेख अद्यावधिक नगर्दा र खर्च सार्वजनिक नगर्दा लाभग्रहिले दोहोरो सुविधा लिनसक्ने जोखिम रहने हुँदा कार्यविधिले तोके वमोजिमका अभिलेखहरु व्यवस्थित गर्नुपर्दछ ।

६४ **ल्याब सामाग्री खरिद**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१क) अनुसार सवर्बजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु. ५० लाख सम्मको औषधीजन्य मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आब्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यसवर्ष स्वस्थ्य विमा कार्यक्रम तर्फबाट अस्पतालका लागि आवस्यक पर्ने विभिन्न केमिकल लगायतका ल्याव सामाग्री खरिद गर्दा २०८० श्रावणदेखि २०८० फल्गुणसम्म पटक पटक गरी रु. ४९,८३,१६९।०० को खुला कोटेशन मागगरी खरिद गरेको छ भने २०८१ वैसाख १३ मा बोलपत्रको माध्यामबाट प्रयोगशाला ल्याव सामाग्री खरिदका लागि सुचना प्रकाशन गरी २०८१ असारमा बोलपत्रको माध्यामबाट रु. ५३,९९,८६०।०० मुल्यका विभिन्न १३३ प्रकारका प्रयोगशाला ल्याव सामाग्री खरिद गरेको छ । आर्थिक वर्षको शुरुमानै खरिद योजना बनाई प्रतिस्पर्धात्मक विधि अपनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्याबाट खरिद गरी खरिद कार्यलाई मितव्ययी एवं पारदर्शी बनाउने तर्फ पालिकाले ध्यानदिनु पर्ने देखिन्छ ।

६५ **फार्मेशी सञ्चालन**

६५.१ यस पालिका अन्तर्गत सञ्चालित नगर अस्पतालबाट स्वास्थ्य विमा गरेका विमित बिरामीहरुको लागि स्वस्थ्य विमा वोर्डले निर्धारण गरेको मूल्यमा औषधीहरु उपलब्ध गराउने कार्यका लागि फार्मेशी सञ्चालन गर्न पालिका र वि एण्ड सि हस्पिटल फार्मेसीविच २०७९।१२।१७ मा ३ वर्षका लागि एक सम्झौता भएको देखिन्छ । सो सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन् ।

६५.२ **नगदै दाखिला** – सम्झौताको बुँदा नम्बर २ मा कवोल गरेको रकम सम्झौता गर्दानै नगद जम्माको सक्कल भौचर अथवा बैंक जमानत अनिवर्य रुपमा पेश गर्नुपर्ने उल्लेख छ भने बुँदा नम्बर २३ मा फर्मेसीको घरभाडा बापतको रकम मासिक वा त्रैमासिक रुपमा बुझाउनु पर्नेछ भनि उल्लेख गरेको छ । यसरी बुँदा नम्बर २ मा कवोल गरेको रकम सम्झौता गर्दानै नगद जम्मा गरेको सक्कल बैंक भौचर अथवा

बैंक जमानत अनिवर्य रुपमा पेश गर्नुपर्ने भनिएकोमा पुन: बुदा नंबर २३ मा हस्त लिखित रुपमा घरभाडा वापतको रकम मासिक वा त्रैमासिक रुपमा बुझाउनु पर्नेछ भनि बुँदा थप गरेको र यसरी थप गरेको स्थानमा दोस्रो पक्षका मार्विन देवानको मात्र हस्ताक्षर रहेकोले यसमा सम्बन्धमा पालिकाले स्पष्ट गर्नुपर्दछ । सम्झौता अनुसार उक्त फार्मेसीले पहिलो वर्षको कवोल अंक मु.अ.कर समेत रु. १,३६,५८,०००।०० सम्झौता गर्दाकै बखत २०७९।१२।१४ मा नगदै दाखिला गरेको छ । त्यसैगरी दोस्रो वर्षका लागि त्रैमासिक रुपमा पहिलो किस्ता वापत २०८०।३।५ मा रु. ३४,१४,५००।०० दाखिला गरेको छ भने दोस्रो किस्ता वापतको रु. ३४,१४,५००।०० २०८१।९।३ मा दाखिला गरेको छ । बुँदा नम्बर २ मा भनिए बमोजिम दोस्रो वर्षका लागि वार्षिक एकमुष्ट रकम दाखिला नगरी बुँदा २३ मा थप गरेको बुँदा बमोजिम त्रैमासिक रुपमा दाखिला गरेको र बैंक ग्यारेण्टी पनि राखेको छैन । लेखापरीक्षणको क्रममा यस सम्बन्धमा छलफल गर्दा स्वास्थ्य विमा वापत प्राप्तहुने रकम शुरुमा पालिकाकै खातामा जम्मा हुने र सो पश्चात पालिकाले नै निज फार्मेसीलाई औषधी तर्फको रकम हिसाव गरी फिर्ता दिनुपर्नेहुँदा कुनै जोखिम नरहेको जनाएको छ ।

६५.३ **मुल्य अभिबृद्धि कर**

प्रमाण पेश भई सम्परीक्षण ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,९६४,०९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६५.४ **सम्झौताका शर्तको पालना** – सम्झौताको बुँदा नम्बर १३ मा नगर अस्पताल व्यवस्थापन समितिले तोके बमोजिमको स्थानमा २४ घण्टा फार्मेसी खोल्नुपर्ने र अनिवर्य रुपमा फार्मेसी एसिस्टेण्ट गरेको व्यक्ति बस्नुपर्ने, बुँदा नम्बर १६ मा WHO वा GMP Certified हुनुपर्ने, बुँदा नम्बर १७ मा औषधीको नियमित आपूर्ति हुनुपर्ने लगायतका प्रावधान रहेकोले सम्झौता अनुसारका सर्तहरु दोस्रो पक्षले पूर्ण रुपमा पालना गरे नगरेको सम्बन्धमा पालिकाले निरन्तर अनुगमन गरी विमित विरामीहरुको औषधी उपचार शुलभ र प्रभावकारी रुपमा भएको सुनिश्चित गर्नुपर्दछ ।

६६ **हेमाटोलोजी एनालाइजर मेशिन**

पालिकाले पालिका अन्तर्गत सञ्चालनमा रहेको नगर अस्पतालका लागि आवस्यक हेमाटोलोजी एनालाइजर हेमेक्स 530 AL मेशिन खरिद वापत स्वास्थ्य विमा कार्यक्रम अन्तर्गतको बजेटबाट मेशिन आपुर्तक हिम शिखर वायोमेडिकल्स प्रा. ली. लाई रु. ९,८५,३६०।०० भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन् ।

६६.१ **लागत अनुमान** – सवर्बजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्बजनिक निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपर्युक्त बमोजिमको हेमाटोलोजी एनालाइजर हेमेक्स 530 AL मेशिन खरिदको लागि लागत अनुमान तयार गर्ने प्रयोजनका लागि वायो मेडिकल ईन्जिनियरले तयार गरेको स्पेशिफिकेशन संलग्न गरी ३ वटा फर्मसँग उक्त मेशिन उपलब्ध गराउन सकिने दररेट माग गरेको र ति फर्मले उपलव्ध गराएको दररेटलाई औषत लिई सोमा २० प्रतिशत घटाई मुल्य अभिबृद्धि कर समेत रु. ११,०४,९८९।३४ को लागत अनुमान तयार गरेको देखिन्छ । तर यसरी २० प्रतिशत घटाई लागत अनुमान तयार गर्नाको कारण उल्लेख गरेको छैन । लागत अनुमान तयार पश्चात पुन: सुचिकृत ३ वटा फर्मसँग उक्त मेशिन खरिदका लागि कोटेशन माग गरेकोमा सबैभन्दा घटी दररेट पेश गर्ने हिम शिखर वायोमेडिकल्स प्रा. ली. ले मुल्य अभिबृद्धि कर समेत रु. ९,८५,३६०।०० मा दिन कवोल गरे बमोजिम सोही फर्मसँग सम्झौता गरी खरिद गरेको छ । दोस्रो घटी कबोल गर्ने विर्ता सर्जिकल सप्लायर्सले मुल्य अभिबृद्धि कर समेत रु. ९,८६,७१६।०० कवोल गरेको छ भने तेस्रो घटी कवोल गर्ने श्री श्री सर्जिकल बिराटनगरले मुल्य अभिबृद्धि कर समेत रु. ९,८७,९५९।०० कवोल गरेको देखिन्छ । सोहि सर्जिकलले लागत अनुमान तयार गर्ने प्रयोजनका लागि दररेट पठाउँदा सो मेशिनको मुल्य मुल्य अभिबृद्धि कर समेत रु. १२,७६,९००।०० उल्लेख गरेकोमा विक्रि प्रयोजनका लागि कोटेशन पेश गर्दा रु. २,८८,९४१।०० घटाई पेश गर्नुले लागत अनुमान तयारी प्रयोजनार्थ उपलब्ध गराएको दररेट यथार्थपरक नदेखिएको र

सोहि दररेटलाई आधार लिई तयार गरेको लागत अनुमान समेत यथार्थपरक नदेखिएकोले पालिकाले यस किसिमका मेशिनको लागत अनुमान तयार गर्दा थप विधि र विश्लेषण गरी यथार्थपरक बनाउनु पर्दछ ।

६६.२ **प्रतिस्पर्धा नभएको** – सर्बजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आब्हान गरी खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लागत अनुमान रु.११,०८,९८९।०० भएको हेमाटोलोजी एनालाइजर हेमेक्स 530 AL मेशिन खुला कोटेशन मागगरी रु.९,८५,३६०।०० खरिद गरेकोले प्रतिस्पर्धा सिमित भएको देखियो । यसरी नियमावलीमा भएको व्यवस्था विपरित खुला कोटेशनबाट खरिद गरेको कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,८५,३६० |

६७ **औषधी खरिद**

पालिकाले अस्पताललाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त चालु र पालिका चालु समेतवाट औषधी खरिद गर्न रु. ३९,९९,९९८।७७ को लागत अनुमान बनाई बोलपत्र आव्हान गरेकोमा सवैभन्दा कम मूल्यमा प्रस्ताब पेश गर्ने सप्लायर्स 'हेल्पिङ हेल्थ पोलिक्लिनिक डिल्लिवजार काठमाण्डौ' ( पान नं.३०२०९८०७७) ले मू.अ.कर सहित रु.३०,४८,०१४।७० (२३.८० प्रतिशत कम) मार्फत औषधीहरु खरिद गरेको देखिन्छ। यसरी खरिद भएको औषधी तोकिएको स्पेसिफिकेशन र गुणस्तर अनुसारकै भए नभएको सम्बन्धमा सम्बन्धित क्षेत्रको विज्ञ टोलीबाट निरीक्षण गराई प्रतिवेदन समावेश गरेकोमा विभिन्न ८ वटा औषधी स्पेसिफिकेशन र गुणस्तर बमोजिम नभएको भनि सो औषधीको मूल्य रु.१,४८,७७५। रकम कट्टी गरी उक्त फर्मलाई भुक्तानी गरेको देखियो। यसरी पालिकाई आवश्यक पर्ने औषधी सप्लायर्सले उपलब्ध नगराउदा प्रत्यक्ष रुपमा सेवाप्रवाहमा असर पर्ने देखिन्छ। पालिकाले सम्झौता बमोजिमका औषधी उपलब्ध गराउन सप्लायर्सलाई ताकेता गरी औषधीको वितरण र सेवाप्रवाहलाई सरल र सहज वनाउने तर्फ पहल गर्नुपर्ने देखिन्छ।

६८ **आमा सुरक्षा कार्यक्रम**

नेपालको संविधानले आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभुत गरेको छ। यसका साथै संविधानले प्रजनन् स्वास्थ्यको हकको समेत सुनिस्चितता गरेको छ।संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्वन्धी हकको सम्मान,संरक्षण र परिपूर्ति गर्नको लागि नेपाल सरकाबाट "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन,२०७५" जनस्वास्थ्य नियमावली,२०७७ र आमा तथा नवजात शिशु शुरक्षा कार्यक्रम निर्देशिका २०७८ जारी गरेको छ।

आमा तथा नवजात शिशु शुरक्षा कार्यक्रम निर्देशिकाको अनुसूची -२ मा प्रशुती सेवा लिएवापत सेवाग्राही महिलालाई संस्थागत प्रसूति सेवा लिएवापत हिमाली जिल्लाहरुका लागि रु.३ हजार,पहाडी जिल्लाहरुका लागि रु.२ हजार र तराईका जिल्लाहरुका लागि रु.१ हजार दिने साथै अनुसूची -२(ख) मा महिलाले प्रसूती सेवा लिन आउँदा प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराएको कार्ड पेश गरेमा रु.८००।– उत्पेरणावापत भत्ता उपलब्ध गराउने, र अनुसूची-२(ग)मा आमा सुरक्षा कार्यक्रम सञ्चालन गरेवापत स्वास्थ्य संस्थाले प्राप्त गर्ने इकाई मूल्य अन्तर्गत सामान्य प्रशुती सेवा वापत रु.२५००।- जटिल प्रशुती सेवा वापत रु.४०००।–र शल्यकृया विधिद्वारा प्रशुती सेवा वापत रु.१००००।– Anti-D औषधी दिनुपर्ने अवस्थामा थप रु.५०००। र Molar Pregnancy सेवा प्रदान गरेवापत थप रु.७०००। प्राप्त गर्ने प्रावधान देखिन्छ।

आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न अन्जली हस्पिटल प्रा.लि.विर्तामोड १, झापालाई सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय,कोशी प्रदेशले मिति २०७७।०९।२२ संञ्चालन स्वकृती दिएको देखियो। साथै विर्तामोड नगरपालिकाले उक्त कार्यक्रम सञ्चालन गर्न अन्जली हस्पिटल प्रा.लि.सँग प्रथम पटक मिति २०७७।११।३० गते २ वर्षको लागि र पुनः मिति २०८०।०२।२४ को निर्णयले २०७९।१२।३० देखि २०८०।१२।३० सम्मका लागि लागु हुने गरी सम्झौता गरेको देखियो।

अन्जली हस्पिटल प्रा.लि.विर्तामोड-१ यस आर्थिक वर्षमा दावी भएको रकम मध्ये श्रावण देखि मंसिर महिना सम्मको जम्मा रु. रु.२६,७७,९००।भुक्तानी भएको देखियो।
नगरपालिकाले हालसम्म उक्त कार्यको लागि भुक्तानी दिएको विवरण निम्नानुसार छः

| सि. न . | आ. ब . | सेवाको प्रकार | लाभग्रहीको संख्या | सेवा शुल्क दर रु. | भुक्तानी गरिएको रकम रु. |
|---|---|---|---|---|---|
| | ०७७।७८ वैसाख, जजेठ र असार | नर्मल प्रसुती गराएको(Normal deivery) | २ | १५०० | ३००० |
| १ | | (Complicated Delivery) जटिल | ० | ३००० | ० |
| | | एल. एस . सि . एस (LSCS) | ९ | ७००० | ६३००० |
| | | यातायात खर्च | ११ | १००० | ११००० |
| | | ४ पटकगर्भ जाँच (ANC as per Protocal ) | २ | ८०० | १६०० |
| | | Anti D | ० | ५००० | ० |
| | | पेश भएका सेवाग्राही संख्या | ११ | | ७८६०० |
| | ०७८।७९ | नर्मल प्रसुती गराएको (Normal Delivery ) | ८७ | १५०० | १३०५०० |
| २ | | जटिल (Complicated Delivery) | १२ | ३००० | ३६००० |
| | | एल.एस.सि.एस. (LSCS) | ४१२ | ७००० | २८८४००० |
| | | यातायात खर्च | ५११ | १००० | ५११००० |
| | | ४ पटकगर्भ जाँच (ANC as per Protocal ) | ९ | ८०० | ७२०० |
| | | Anti D | ४ | ५००० | २०००० |
| | | पेश भएका सेवाग्राही संख्या | ५११ | | ३५८८७०० |
| ३ | ०७९।८० | नर्मल प्रशुती गराएको (Normal Delivery ) | ७० | २५०० | १७५००० |
| | | जटिल (Complicated Delivery) | २ | ५००० | १०००० |
| | | एल.एस.सि.एस. (LSCS) | ४४५ | १०००० | ४४५०००० |
| | | यातायात खर्च | ५१७ | १००० | ५१७००० |
| | | ४ पटक गर्भ जाँच (ANC as per Protocal ) | ५१ | ८०० | ४०८०० |
| | | Anti D | ४ | ५००० | २०००० |
| | | पेश भएका सेवाग्राहीको संख्या | ५१७ | | ५२१२८०० |
| ४ | ०८०।८१ मंसिर मशान्तसम्म | नर्मल प्रशुती गराएको (Normal Delivery ) | २९ | २५०० | ७२५०० |
| | | जटिल (Complicated Delivery) | ० | ५००० | ० |
| | | एल.एस.सि.एस. (LSCS) | २२९ | १०००० | २२९०००० |
| | | यातायात खर्च | २५८ | १००० | २५८००० |
| | | ४ पटक गर्भजाँच(ANC as per Protocal ) | ५३ | ८०० | ४२४०० |
| | | Anti D | २ | ५००० | १०००० |
| | | पेश भएका सेवाग्राही संख्या | २५८ | | २६७२९०० |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | हालसम्म भुक्तानी गरिएको रकम रु | १२९७ | ११५५३००० |

नगरपालिका र उक्त अस्पताल बिचमा सेवा प्रवाह गरेवापतको रकम सोधभर्ना दिने सम्वन्धमा सहमती भए तापनि अस्पतालल लिने अन्य शुल्क तथा सेवा प्रवाहको सम्वन्धमा कुनै सम्झौता गरेको देखिएन। साथै अस्पतालले उपलब्ध गराएको सेवा सुविधाको विषयमा अनुगमन समेत गरेको देखिएन।अस्पतालले सुत्केरी सेवा प्रदान गरेवापत चर्को शुल्क असुलेको भनि अख्तियारमा मुद्दा विचारधिन अवस्थामा रहेको पाईयो।सो सम्वन्धमा पालिकाले अनुगमन तथा यथास्थितिको पहिचान गरी सोको नियन्त्रण, जन गुनासोको सम्वोधन एवं सम्झौतामा आवस्यक पुनरावलोकन गरी सेवा प्रवाहलाई गुणात्मक वनाउने तर्फ पहल गर्नुपर्दछ।

६९ **सेनिटरी प्याड वितरण**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष आफु अन्तर्गतको सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि निशुल्क प्याड वितरणका लागि अप्सरा ट्रेड लिंक (प्यान नं३०५२६१२०७) बिल नं. ५ मिति २०८०।११।२१ वाट प्रतिगोटा मूल्य रु.४१।८१ (भ्याट सहित)का दरले रु.२२,५७,७४०।–को ५४००० थान प्याड सोझै खरिद गरेको देखियो। पालिकाले हालसम्म विद्यालयलाई जम्मा ३७२०० थान निकासा दिए पस्चात पालिकाको स्टोरमा १६८०० थान स्टक रहेको देखियो। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको, गत वर्षको वाँकी मौज्दात वेवास्ता गरेको साथै भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। अतः पालिकाले प्याड खरिद गर्दा आवश्यकताको पहिचान गरी सोही परिमाणमा मात्र प्याड खरिद गर्ने, गुणस्तर सुनिस्चित गर्ने, प्याड वितरण प्रणालीलाई व्यवस्थित वनाउने, साथै मौज्दात व्यवस्थापनलाई व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

७० **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १८ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | मौजुदा दरबन्दी | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रावि | | | निमावि | | | | मावि | | | | उमावि | | | | | कूल जम्मा | विद्यार्थी संख्या | |
| | | दर बन्दी | राहत | जम्मा | दर बन्दी | राहत | स. प्रशिक्षक | जम्मा | दर बन्दी | राहत | प्रशिक्षक | जम्मा | दर बन्दी | राहत | प्रा धार अनुदान | प्रशिक्षक | जम्मा | | | अनुपात |
| १ | Saraswati Ma V | १० | ० | १० | ० | ३ | | ३ | १ | ० | | १ | ० | ० | | | ० | १४ | ५६३ | ४० |
| २ | Debi Ma V | २८ | १ | २९ | ३ | ६ | | ९ | २ | ३ | | ५ | ० | २ | | | २ | ४५ | ३४०३ | ७६ |
| ३ | Mahendra Ratna Ma V | २३ | २ | २५ | ७ | १ | | ८ | ९ | १ | | १० | २ | ० | | | २ | ४५ | २१०१ | ४७ |
| ४ | Anarmani Adharbhut V | ७ | १ | ८ | ० | ० | | ० | ० | ० | | ० | ० | ० | | | ० | ८ | २७९ | ३५ |
| ५ | Mohan Maya Ma V | १३ | ४ | १७ | २ | ३ | | ५ | १ | ० | | १ | ० | ० | | | ० | २३ | १६७७ | ७३ |
| ६ | Sangbed Sanskrit Ma V | ६ | ० | ६ | १ | १ | | २ | ४ | ० | | ४ | ० | ० | | | ० | १२ | २९० | २४ |
| ७ | Bir Amar Sing Ma V | ७ | २ | ९ | २ | १ | २ | ५ | ३ | १ | २ | ६ | ० | २ | २ | २ | ६ | २६ | ७०५ | २७ |
| ८ | Pancha Ratna Ma V | ७ | ० | ७ | ३ | ० | | ३ | १ | २ | | ३ | ० | ० | | | ० | १३ | २५६ | २० |
| ९ | Mahendra Jyoti Ma V | ७ | ० | ७ | ३ | ० | | ३ | ५ | ० | | ५ | ० | २ | | | २ | १७ | ३७९ | २२ |
| १० | Chamardhap Pra V | २ | ० | २ | ० | ० | | ० | ० | ० | | ० | ० | ० | | | ० | २ | ७१ | ३६ |
| ११ | Sahid Laxmi Pra V | ४ | ० | ४ | ० | ० | | ० | ० | ० | | ० | ० | ० | | | ० | ४ | ११३ | २८ |
| १२ | Durga Ma V | १० | ६ | १६ | ५ | २ | | ७ | ५ | ० | | ५ | ० | २ | | | २ | ३० | ८८० | २९ |
| १३ | Sukraraj Adharbhut Vidyalaya | ७ | ० | ७ | ० | ३ | | ३ | ० | ० | | ० | ० | ० | | | ० | १० | २२० | २२ |
| १४ | Janata Pra V | ५ | १ | ६ | ० | ० | | ० | ० | ० | | ० | ० | ० | | | ० | ६ | १४८ | २५ |
| १५ | Devkota Adharbhut Vidyalaya | ६ | १ | ७ | ० | १ | | १ | ० | ० | | ० | ० | ० | | | ० | ८ | १६० | २० |
| १६ | Birat Adharbhut Vidyalaya | १० | २ | १२ | ० | ० | | ० | ० | ० | | ० | ० | ० | | | ० | १२ | २९८ | २५ |
| १७ | Laxmi Adharbhut Vidyalaya | ८ | ० | ८ | ३ | ० | | ३ | ० | ० | | ० | ० | ० | | | ० | ११ | २३२ | २१ |
| १८ | Laxmi Narayan Pra V | ४ | १ | ५ | ० | ० | | ० | ० | ० | | ० | ० | ० | | | ० | ५ | १५५ | ३१ |
| Total | | १६४ | २१ | १८५ | २९ | २१ | २ | ५२ | ३१ | ७ | २ | ४० | २ | ८ | २ | २ | १४ | २९१ | ११९३० | |

उपर्युक्त तालिका अनुसार पालिका भित्र १८ विद्यालय रहेकोमा कुल शिक्षकको दरवन्दी २९१ र विद्यार्थी संख्या ११९३० रहेको देखिन्छ । सो मध्ये चमरधाप प्रा. वि. ७१ जना विद्यार्थी मात्र रहेकोमा २ शिक्षक दरवन्दी रही शिक्षक विद्यार्थी अनुपात १:३५.५ रहेको,

त्यसै गरी श्री देवी माध्यमिक विद्यालयमा सवै भन्दा वढी विद्यार्थी ३४०३ रहेको र शिक्षक दरवन्दी ४५ जना रही शिक्षक विद्यार्थी अनुपात १:७५.६२ रहेको छ । तसर्थ पालिकाले नेपाल सरकारको नीति वमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान हुनेगरी विद्यालयहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

७१ **शैक्षिक क्षतिको परिपुरण**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को कृयाकलाप नं.२.७.१३.४९ मा कोभिड-१९ वाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद् समयमा सिकाई निरन्तरता कार्यक्रमका लागि कृयाकलाप नं. २.७.१३.४९ को बुँदा नं. क(अ१-१३) देखि बुँदा नं. उ सम्म सिकाई आपूरण तथा द्रुत सिकाइ योजना क्रियाकलाप र कार्यान्वियन प्रकृया सम्बन्धमा व्यवस्था गरेको छ। पालिकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको ई-लर्निङ पोर्टल(https://learning.cehrd.edu.np/home) मा रहेको Diagnostics Tools Assessment Result सिटमा आधारीत भई परिक्षा सञ्चालन गरी सो नतिजाको विवरणलाई IEMIS मा Base line Entry गर्ने र ७ देखि १० हप्ता पछाडी पुनः परिक्षा गरी सोको नतिजा End line Entry गर्नु पर्ने उल्लेख गरेको छ। पालिकाले शैक्षिक क्षतिको परिपुणका लागि आफू अन्तर्गतका १८ विद्यालयलाई रु.५.००,०००।- निकासा दिएको देखियो। तर विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गरेको भनि बिल भरपाई पेश भएको देखियो। निर्देशिका बमोजिम परिक्षा सञ्चालन गरी सो नतिजाको विवरणलाई IEMIS मा Base line Entry र End line Entry अपलोड गरेको देखिएन। यसरी कार्यन्वयन पुस्तिकामा भएको व्यवस्था विपरीत अन्य कृयाकलापमा भएको खर्चलाई नियमित मान्न नसकिने रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

७२ **वालमैत्री विद्यालय**

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको च.नं.१६०३ मिति २०८१।२।२२ को पत्रसाथ प्राप्त वालमैत्री विद्यालय सञ्चालन अनुदान कार्यक्रममा न्यूनतम १५ प्रतिशत रकम साँझेदारी गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। यस वर्ष जनता प्राथमिक विद्यालयको लागि रु.८ लाख बजेट अनुदान प्राप्त भएकोमा विद्यालयले दुई आपूर्तिकर्ताबाट रु.५,२९,८५३।५१ वरावरको बालमैत्री सामग्री जस्तै Outdoor Play station, Swing set, Desk bench, Smart TV लगायत खरिद गरेको र रु.२,७५,७७४।४९ को फलसिलिङ, रंगरोगनको काम गरेको देखियो। विद्यालयलाई वालमैत्री वनाउन खरिद तथा आपूर्तिमा जम्मा रु.८,०५,६२८। खर्च भएको देखिएकोले मन्त्रालयको परिपत्र अनुसार कुल खर्चको न्यूनतम १५ प्रतिशत विद्यालयले साँझेदारी गरी वाँकी भुक्तानी गर्नु पर्ने देखिन्छ। यसरी हेर्दा वास्तविक कामको १५ प्रतिशतले हुने रु.१,२०,८४४।२० विद्यालयले साँझेदारी गरी वाँकी रु.६,८४,७८३।८० मात्र भुक्तानी दिनु पर्दछ। तर पालिकाले सम्पूर्ण अनुदान रकम रु.८,००,०००। नै विद्यालयलाई भुक्तानी दिएको देखिएकोले लागत साँझेदारी वेगर भुक्तानी मात्र वढी भएको रकम विद्यालयबाट असूल गर्नुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१५,२१६ |

७३ **प्राविधिक विल र कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ। यसका केही उदाहरणहरु देहाय वमोजिम रहेका छन्।

| सि. नं . | उपभोक्ता सिमितिको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १ | खगेन्द्र काष्ठ फर्निचरबाट दक्षिण कुमार वुढाथोकीको घर जाने वाटोमा पेवर्स निर्माण उपभोक्ता समिति | २४३०२४२.६३ | विलमा सम्झौता मिति, कार्यादेश , कार्यसम्पन्न मिति लगायत उल्लेख नगरेको |
| २ | चौतुवारी तथा सोमवारे खेल मैदान निर्माण उपभोक्ता समिति | ३१०८२५०.५१ | लागत अनुमान नै मुल्याङ्कन भएको |
| ३ | विद्युत विस्तार तथा व्यवस्थापन उपभोक्ता समिति | ४१०७८४.८३ | लागत अनुमान नै मुल्याङ्कन भएको |

७४ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायबमोजिम विद्युत विस्तार तथा व्यवस्थापन जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको तथा कतिपय उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गराएको विजक संलग्न गरेको देखियो। पालिकाबाट लाभग्राही समुदायले निर्माण कार्य गर्न नसक्ने प्रकृतिको कार्यको लागि उपभोक्ता समिति गठनगरी निर्माण कार्य गराई भुक्तानी दिएको देखिन्छ। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

| भौ. नं ./ मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५६०- २०८१।२।१३ | चिस्यान केन्द्र व्यवस्थापन निर्माण उपभोक्ता समिति | चिस्यान केन्द्रमा विद्युत विस्तार | १३९७९३४.०१ |
| २७४- २०८०।११।१७ | विद्युत विस्तार तथा मर्मत उपभोक्ता समिति | वडामा विद्युत विस्तार | ९७३२२९.५१ |
| ६२१- २०८१।२।३२ | विद्युत विस्तार तथा मर्मत उपभोक्ता समिति | विद्युत विस्तारको काम | ४१०७८४.८३ |
| ६५- २०८१।२।२३ | विराट भरत विश्रान्ती | विराट भरत विश्रान्ती भवन तथा उद्यान निर्माण | ९९४५६६१.२५ |

७५ **लागत साँझेदारी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत वडा नं १,३,४ र ५ मा नाला निर्माण कार्यको लागि ४०% र अन्य निर्माण कार्य तथा अन्य वडाहरुमा गरिने सम्पूर्ण कार्यको लागि २०% लागत सहभागिता गर्नुपर्ने व्यवस्था गरेकोमा निम्नानुसार उपभोक्ता समितिले घटी लागत साझेदारी गरेको पाइयो। सम्झौतामा उल्लेख भएको लागत साझेदारी घटी भएको रकम असुल गर्नुपर्ने रु..

| भौ. नं ./ मिति | उपभोक्ता समिति | भुक्तानी रकम | लागत साँझेदारी गर्नुपर्ने | लागत साँझेदारी गरेको | घटी लागत साँझेदारी |
|---|---|---|---|---|---|
| ५६०- २०८१।२।२३ | चिस्यान केन्द्र व्यवस्थापन निर्माण उपभोक्ता समिति | १३९७९३४.०१ | २९७५८६.८ | ० | २९७५८६.८ |
| १६४- २०८०।१०।३ | वडा भरीका आवश्यक सडक स्तरोन्तीका लागि ग्राभेल खरिद उपभोक्ता समिति | ७०२८६५. | १४०५७३. | ० | १४०५७३. |
| ५८६- २०८१।२।२७ | वडा कार्यालय घेरावारा उपभोक्ता समिति | ६५४५८४.८ | १७१०४५.०३ | १६६९२०.८३ | ४१२४.२ |
| ८०८- २०८१।३।२४ | वाह्रघरे झोलुङ्गे पुल छेउमा सवदाहस्थल निर्माण उपभोक्ता समिति | १२२०४९३.२२ | २५२३५२.४२ | २५०४९३.२२ | १८५९.२ |
| | जम्माः | ३९७५८७७.०३ | ८६१५५७.२५ | ४१७४१४.०५ | ४४४१४३.२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४४,१४३ |

७६ **सीमा भन्दा वढीको काम उपभोक्ता समितिलाई**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने र सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश हुने उल्लेख छ। पालिकाले मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी बाहेक रु.९९,४५,६६१। लागत अनुमान भएको विराट भरत विश्रान्ती ज्येष्ठ नागरिक भवन तथा उद्यान निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरी सोही वमोजिम भुक्तानी दिएको देखियो। यस योजनामा तराई मधेश समृद्धि कार्यक्रमबाट प्राप्त रु.७० लाख वजेटमा नगरपालिकाको लागत थप गरी भुक्तानी भएको छ। नियमावलीमा भएको व्यवस्था बमोजिम कन्टिन्जेन्सी बाहेक मूल्य अभिवृद्धि कर र ओभरहेड समेत हिसाब गर्दा उक्त निर्माण कार्यको लागत अनुमान रु.१,२४,६१,६४६।० कायम हुने देखिएकोले उपभोक्ता समिति मार्फत गर्न मिल्ने देखिंदैन। खरिद नियमावलीले तोकेको सीमा भन्दा वढीको कार्य उपभोक्ता समिति मार्फत गराइ भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ९९,४५,६६१ |

७७ **बढी दरमा भुक्तानी** (२६-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले नेत्रपार्क खेल मैदान निर्माण उपभोक्ता समितिसँग रु.२२,७३,२२२।४२ मा सम्झौता गर्दा आइटम नम्वर १० मा रहेको मेशिनबाट वुनेको हेभी जिङ्क कोटेड १० SWG ग्याविन वायर मेस Netting गर्ने कार्यको लागत अनुमान प्रति वर्गमिटर रु.३०५।१० ले गर्ने गरी उल्लेख गरेको देखिन्छ। अन्तिम विल तथा कार्य स्वीकार प्रतिवेदन परीक्षण गर्दा लागत अनुमान स्वीकृत गर्दाको दर भन्दा फरक हुने गरी यस आइटममा प्रति वर्गमिटर रु.५९५।६९ ले भुक्तानी भएको छ। सम्झौताको दर भन्दा प्रति वर्गमिटर रु.२९०।५९ ले वढी हुने गरी ६५५.५६ वर्गमिटरको वढी भुक्तानी भएको रु.१,९०,४९९।१८ मा २० प्रतिशत लागत सहभागिता रु.३८,०९९।८३ घटाई रु.१,५२,३९९।३५ सम्वन्धित उपभोक्ता समितिबाट असूल हुनु पर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५२,३९९ |

७८ **वढी भुक्तानी** (८०८-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वाह्रघरे झोलुङ्गे पुल छेउ सवदाह स्थल निर्माणको काममा MS स्क्वायर पाइपको दर फरक पारी वढी भुक्तानी गरेको देखियो। आर्थिक वर्ष २०८०।८१ को जिल्ला दररेट अनुसार प्रति के.जि.रु.११४।७८ ले भुक्तानी दिनुपर्नेमा रु.११६।७६ ले भुक्तानी भएकोले प्रति के.जि.रु.१।९८ ले १४५०.९४ के.जि.को जम्मा रु.२,८७२।८६ वढी भुक्तानी भएको सम्वन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु…

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८७३ |

७९ **अमानतबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा रु.१ लाख रुपैया सम्मको काम एक तह माथिको अधिकारीबाट स्विकृती लिई अमानतबाट कार्य गर्न सकिने व्यवस्था छ। पालिकाले वडा मार्फत सञ्चालित विभिन्न कार्यक्रम सञ्चालन गर्न वडाअध्यक्षद्वारा अमानतमा कार्य गर्ने गरी वडा सचिवलाई कार्यादेश दिने गरेको पाइयो । अमानतबाट कार्य गर्न एक तहमाथिको अधिकारीबाट स्वीकृत गर्ने गरेको पाइएन। आर्थिक अख्तियारी प्राप्त नभएको वडाध्यक्षमार्फत कार्यादेश दिई कार्यक्रम सञ्चालन तथा खरिद गर्ने कार्य नियमसम्मत देखिएन। पालिकाले वडा अन्तर्गतको कार्यक्रम सञ्चालन गर्दा प्रचलित ऐन नियमको परिपालना गर्नुपर्दछ ।

८० **सबबेस** (५६-२०८०-७-२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्चसँग सम्बन्धित बिल, भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले कोटेशन माध्यममा टेरिसा कन्स्ट्रक्सनबाट प्रति घनमिटर रु.१,०९६।१० को दरले ८८० घनमिटर सब-बेस सामग्री खरिद गरी स्टकमा राखेको देखियो। उक्त सब-बेस प्रयोगको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६४,५६८ |

८१ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले संघ र प्रदेशको सशर्त अनुदान समेत कृषि तर्फ रु.६९ लाख ८२ हजार तथा पशु कार्यक्रम तर्फ रु.८ लाख ९ हजार समेत रु.७७ लाख ९१ हजार कृषक तथा कृषक समुहलाई अनुदान खर्च लेखेको छ, जसमा रु.२३ लाख ४८ हजार लागत सहभागिता रहेको देखिन्छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरेकोले यस प्रकारको अनुदान सार्वजनिकीकरण गर्नु पर्दछ। अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | कार्यक्रम | परिमाण | अनुदान रकम | लागत सहभागिता |
|---|---|---|---|---|
| | **कृषि तर्फः** | | | |
| १ | खायन आलु उत्पादन | ५००० के.जि. | २४४१२५ | २४४१२५ |
| २ | चिस्यान केन्द्र व्यवस्थापन | १ | १३३४००० | ० |
| ३ | कृषि प्रयोगशाला व्यवस्थापन | १ | ५००००० | ५००००० |
| ४ | कृषि चुन वितरण | ५१ हजार के.जि. | २२९००० | २३०००० |
| ५ | इलेक्ट्रिक स्प्रेयर | ४३ | १९९९०० | ० |
| ६ | तरकारीका विउहरु | ४३ सेट | ३३८५०० | ० |
| ७ | Vermi seed and mother culture | ४३ | २७९५०० | ० |
| ८ | प्लाष्टिक मल्चिङ | ४३ | १७९९५५ | ० |
| ९ | सिल्पोलिन प्लाष्टिक | ४३ | २९९९८८ | ० |
| १० | प्रांगरिक मलखाद वितरण | १२००० के.जि. | २४०००० | २४०००० |
| ११ | च्याउको विउ वितरण | ९००० पोका | १४८७५० | १४८७५० |
| १२ | हिउदे तरकारी विउ | ५६ | ३४०००० | ० |
| १३ | धान वाली संरक्षण | ३७४० कृषक | ४९९९३५ | ० |
| १४ | मकै वाली संरक्षण | ४१२३ कृषक | ६४८३५० | ० |
| १५ | विक्री केन्द्र व्यवस्थापन | ६ | ९००००० | २१८३०० |
| १६ | संकलन केन्द्र व्यवस्थापन | ४ | ६००००० | १४५५३३ |
| | **कृषि तर्फको जम्माः** | | ६९८२००३ | १७२६७०८ |
| | **पशु तर्फः** | | | |
| १७ | चिलिङ भ्याट | २ थान | २५०००० | २५०००० |
| १८ | मिल्क चेन वितरण | २० थान | ७११९० | ७११९० |
| १९ | काउम्याट वितरण | ६३ थान | २००००० | २००००० |
| २० | पशु वीमा कार्यक्रम | २०० पशुको | १८७७२७ | ० |
| २१ | दाना पिसाउने मेशिन | ५ थान | १००००० | १००००० |
| | **पशु तर्फ जम्माः** | | ८०८९१७ | ६२११९० |
| | **कुल जम्माः** | | ७७९०९२० | २३४७८९८ |

८२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु.१० लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारका

रु.८९,५८,८८३।०० वरावरका निर्माण कार्य गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन। यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| क्र.सं. | फर्मको नाम | योजनाको नाम | ईष्टीमेट रकम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | श्री टेरिसा कन्स्ट्रक्सन , शिवसताक्षी- 8, झापा | ग्राभेल तथा सब बेस खरिद कार्य | ९७९३७४ | ९६८०६८ | ९६८०६८ |
| २ | श्री एभरग्रिन कन्स्ट्रक्सन , विर्तामोड , झापा | वडा नं ७ वडा कार्यालयमा सुरक्षा गार्ड घर निर्माण | ४९०३९५ | ४८५५३९ | ४८५५३९ |
| ३ | श्री एभरग्रिन कन्स्ट्रक्सन , विर्तामोड , झापा | वडा नं ७ वडाको फोहोर फ्याल्न जाने सडकको मर्मत गर्ने काम | ४११८०७ | ४०६७५४ | ४०६७५४ |
| ४ | श्री मैनाचुली ह्युमपाईप , भद्रपुर | विभिन्न स्थानमा आवश्यक पर्ने ह्युमपाईप खरिद गर्ने कार्य | १०१३६१० | १०१३६१० | १०१३६१० |
| ५ | श्री एक्सन एक्टिभ ईर्नजी प्रा लि , काठमाण्डौ | नगर अस्पताल ईमरजेन्सी भवन मर्मत | ९७२२३७ | ९६५६३९ | ९६४६३६ |
| ६ | श्री निहारिका कन्स्ट्रक्सन एण्ड विल्डर्स , विर्तामोड , झापा। | ३ नं वडा कार्यालय भवन मर्मत तथा पार्टीसन कार्य गर्न | ९२३२५० | ९१८८०० | ९१०१९५ |
| ७ | श्री योशिका निर्माण सेवा प्रा लि | २ नं वडा कार्यालय भवन मर्मत तथा पार्टीसन कार्य गर्न | ९६६७७३ | ९६३८४६ | ८४८४९४ |
| ८ | श्री अभ्युदय बिल्डर्स प्रा लि | Expansion Joint treatment works of Nagar Ashpatal | ७२८९०७ | ७२३२०० | ७२३२०० |
| ९ | स्काईरुफ इन्जिनियरिङ्ग ग्रुप प्रा लि | Dialysis Room Partation work at Nagar Ashpatal | ५४५९६३ | ५४१०२५ | ५४१०२५ |
| १० | शान्तिचौर निर्माण एण्ड सप्लायर्स प्रा लि | देउनीया खोला तटबन्धन | २६८५६२ | २६३४८७ | २६३४८७ |
| ११ | शान्तिचौर निर्माण एण्ड सप्लायर्स प्रा लि | १ नं वडा परिसरको अपुरो भवनको झ्याल , ढोका , रंगरोगन , फल्स सिलिङ्ग , वायरिङ्ग र नालीमा ढक्कन लगाउने कार्य | ३७५५६० | ३६९८८० | ३६९६८७ |
| १२ | माइपोखरी निर्माण सेवा | पुरानो भद्रपुर रोड बिर्तबजार पूर्व आनन्दगज जाने बाटो अनुप राजवंशीको घर जाने बाटोमा कल्भर्ट पूर्व हादै न्यू श्री गणेश राइस मिलसम्म नाला निर्माण | २९४४०८ | २८८३२३ | २८८३२३ |
| १३ | श्री मैनाचुली ह्युमपाईप , भद्रपुर | नगरपालिकाका लागि आवश्यक ह्युमपाईप खरिद | ५४९७९० | ५४२३१५ | ५४२३१५ |
| १४ | सुर्यदिप इलेक्ट्रोनिक्स | मुक्ती चौक आसपास सोलार बत्ती मर्मत तथा वडा नं. ७ र ८ मा सोलार बत्ती जडान गर्ने काम | ६६३६३७ | ६४५०७० | ६३३५५० |
| १५ | ठाकुर ब्रर्दश निमार्ण सेवा | सैनिक क्याम्प - पथरभित्ता - तोरीबारी-कट्टरडागीँ सडकमा विद्युत लाईन र ट्रान्सफमर स्थान्तरण कार्य | ३५४८२५ | ३५०६८५ | ३५०६८५ |
| | जम्मा | | | ९४४६२४१ | ८९५८८८३ |

८३ **खरिद सम्झौता**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको देखिन्छ। यस बर्ष

यस्ता योजना लागत अनुमान भन्दा ३८.५१ प्रतिशत सम्म घटीमा गर्ने गरी कवोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्विकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कवोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भए तापनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेको कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरिय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कवोल तथा सम्झौता भएका केही योजनाका विवरण देहायमा उल्लेख छ।

| खरिद सम्झौता नं | कामको विवरण | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| BTMMUN/WORKS/NCB-05/080/81 | सैनिक क्याम्प -पथरभित्ता-तोरीबारी-कट्टरडागीँ कालोपत्रे रोड निर्माण , बिर्तामोड-१० | 13,067,807 | 8,812,474 | 32.56% |
| BTMMUN/WORKS/NCB-08/080-81 | मण्डा मार्ग पारिजात टोल (विराट ज्योति जाने बाटो) नाला निर्माण | 4,301,400 | 2,644,724 | 38.51% |
| BTMMUN/WORKS/NCB-07/080-81 | Construction of premix carpeting blacktop road works of different ward om Birtamode municipality , 07,08 | 6,014,730 | 4,637,967 | 22.89% |
| BTMMUN/WORKS/NCB-06/080-81 | Construction of asphalt concrete road works on different ward of Birtamod municipality, 06,07,09 | 10,878,645 | 7,633,574 | 29.83% |
| BTMMUN/WORKS/NCB-04/080/81 | construction and upgrading of Gokuljoshi marga blacktopped road works btm-02 | 28,035,101 | 18,673,977 | 33.39% |
| BTMMUN/WORKS/NCB-13/2080-81 | MAINTENANCE OF VARIOUS BRIDGE AND CULVERT MAINTENANCE WORKS AT WARD NO:-07 AND WARD NO:-08 OF BIRTAMODE MUNICIPALITY OF BIRTAMODE MUNICIPALITY | 2,985,341 | 2,220,686 | 25.61% |
| BTMMUN/WORKS/NCB-14/2080/81 | Construction maintenance and upgrading of Roadside Plum wall and Blacktopped Asphalt concrete road works at different ward of Birtamode municipality | 4,688,418 | 3,655,932 | 22.02% |
| BTMMUN/WORKS/NCB-11/080/81 | Constructions and upgrading of different road works in ward no:-1 of Birtamode municipality, 01 | 4,500,173 | 3,442,547 | 23.50% |
| BTMMUN/WORKS/NCB-17/080/81 | Maintenance and upgrading of sanichare road to athitisadan-Krishna hall-Mahendra highway-Newton School-St.Xavier school Ring Road Asphalt concrete Road works | 12,175,944 | 9,106,723 | 25.21% |
| BTMMUN/WORKS/NCB-18-080/81 | हर्चनाबाट किरण तिम्सिनाको घर हुदै हल्दीबारी सिमाना जोड्ने कालोपत्रे | 3,428,648 | 3,125,941 | 8.83% |

८४ **डोमलाल रंगशाला नगर अस्पताल सडक**

ठेक्का नं. BTMMNU/WORKS/NCB- 8/2079-80, विर्ताबजार डोमलाल रंगशाला नगर अस्पताल कालोपत्रे सडक रु.१,१३,३७,०१०।१५ लागत अनुमान रहेकोमा ॐ साई निर्माण सेवासँग रु.८४,७३,३१५।६१ मा २०८०।२।३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको छ। यस योजनाको सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन्।

८४.१ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा कम्तिमा एक्काईस दिन अगावै निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्यादथप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। निर्माण व्यवसायीले दोश्रो पटक म्याद थपको लागि

पेश गरेको निवेदन अध्ययन गर्दा मिति २०८०।५।७ मा कार्यालयमा दर्ता भएको निवेदनमा वर्षातको कारण काम तोकिएको समयमा सम्पन्न गर्न नसकेको जनाई पौष मसान्त सम्म अवधि थपको लागि माग गरेको देखिन्छ। पुनः २०८०।५।१८ मा कार्यालयमा दर्ता भएको निवेदनमा असोज मसान्त सम्म अवधि थपको लागि अनुरोध गरेको देखिन्छ। पालिकाले भने उपर्युक्त निवेदन उपर तत्काल कारवाही नगरी २०८०।१०।१२ मा मिति २०८०।९।३० सम्मको लागि अवधि थप गर्ने निर्णय गरेको देखियो। निर्माण कार्य सम्पन्न पश्चात (नापी लिए पछि) निर्माण व्यवसायीको वचावटको मनसायले म्याद थप सदर गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रति दिन शुन्न दशमलव शुन्न पाँच प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था वमोजिम सम्झौतामा उल्लेख भएको काम सम्पन्न गर्नुपर्ने मिति २०८०।२।३० देखि सम्पन्न भएको २०८०।९।१२ सम्म १९४ दिन ढिला गरी काम सम्पन्न भएकोले मु.अ.कर वाहेकको सम्झौता रकम रु.७३,३०,३९५। को प्रति दिन रु.३६६५।१९ ले १९४ दिनको हुने रु.७,११,०४६।८६ असूल नगरी भुक्तानी दिएको अनियमित देखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ७,११,०४६ |

८४.२ **सबबेस** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दर विश्लेषण गरी निर्धारण गरिएको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र उक्त लागत अनुमान किफायती समेत हुनुपर्ने उल्लेख छ। पालिकाले यस योजनामा सवबेसको मोटाई २० सेन्टीमिटर रहने गरी दर बिश्लेषण सहित लागत अनुमान तयार गरेको र सोही बमोजिम १८ सेन्टीमिटर नापी गरी निर्माण सेवालाई भुक्तानी गर्ने गरेको पाइयो। सडक निर्माणको सम्पूर्ण कार्य Embankment देखि Premix carpeting सम्म एउटै समयमा गर्दा Formation of embankment including compaction पछि Subbase को मोटाई सामान्यतया १५ सेन्टीमिटर राख्नुपर्नेमा सडकको भारबहन क्षमताको परीक्षण (Load calculation) नगरी १८ सेन्टीमिटर मोटाई राखेको कारण बढी लागत पर्न गएको देखिन्छ। अत: सडकमा सवबेस कार्यको मोटाई बढीमा १५ सेन्टीमिटर दिनुपर्नेमा १८ सेन्टीमिटर दिएको कारण चेनेज ०+००० देखि ०+३२७.५ सम्ममा ७४.५१ घनमिटर वढी सवबेस प्रयोग भएको छ। मुल्य अभिबृद्धि कर थप समेत प्रति घनमिटर रु.१,०७३।५० हुने रु.७९,९८६।४८ पालिकालाई थप व्ययभार परेको छ। यस सम्बन्धमा यकिन गरिनु पर्दछ।

८५ **बिर्ताबजार कृषि तथा सामुदायिक भवन**

ठेक्का नं. BTMMNU/BUILDING/NCB- 26/2078-79, बिर्ताबजार कृषि तथा सामुदायिक भवन निर्माणको रु.६,३०,७४,३८५।८३ लागत अनुमान रहेकोमा शिवालय आर.एस.जे.भी. सँग रु.५,०५,६५,३०८।४६ मा सम्झौता भएको छ। हाल पाँचौ रनिङ विलसम्म रु.४,४८,०८,६०७।२८ भुक्तानी भएको यस योजनाको सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

८५.१ **भेरिएशन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई सम्झौता भन्दा घटी बढी काम गराउनु पर्दा तोकिएको अधिकारीबाट प्राविधिक पुष्ट्याइ र कारण सहित प्रामाणीत गराई भेरिएशन आदेश जारी गराउनुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. BTMMUN/BUILDING/NCB-26/2078-79 को विर्ताबजार कृषि तथा सामुदायिक भवन निर्माणमा सम्झौताको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सृजना नभएको अवस्थामा पनि प्राविधिक पुष्ट्याई वेगर भेरिएशन आदेश स्वीकृत गरेको कारण शुरु सम्झौता रु.५,०५,६५,६३०।४२ बाट रु.२२,३७,६१२।०९ बृद्धि भई रु.५,२८,०३,२४२।५१ पुगेको देखिन्छ। आइटम नं.५.२ को PCC (1:1.5:3) ३६८.२९ घ.मि.र आइटम नं.५.३ को PCC (1:2:4) ४९३.५५ घ.मि.को लागत अनुमान स्वीकृत भएको यस योजनामा भेरिएशनबाट PCC (1:1.5:3) ३३६.९० घनमिटर थप भई ७०५.१९ तथा PCC (1:2:4) ४२३.५५ घनमिटर घटाई ७० कायम गरेको छ। कुनै प्राविधिक पुस्ट्याई वेगर PCC (1:2:4) को संरचनामा PCC (1:1.5:3) प्रयोग गर्नेगरी भेरिएशन गर्दा आइटममा २५ प्रतिशत भन्दा वढी थप भएको परिमाणको रेट नेगोशिएसनबाट प्रति घ.मि.रु.१०,६८०। दर कायम भएको देखिन्छ। PCC (1:1.5:3) मा सुरु सम्झौता प्रति घ.मि.रु.९,०००। कवोल भएकोले लागत अनुमान स्वीकृत गर्दै भेरिएशन पछि कायम भएको परिमाण समेतको खरिद सम्झौता गर्दा प्रति घ.मि.रु.१,६८०। वचत हुने देखिन्छ। निर्माण कार्यको पूर्व तयारी गर्दा पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण

निर्माणको क्रममा फरक रेसियोको PCC आवश्यक परी लागत बृद्धि भएको देखिएकोले विष्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदातालाई समेत थप जिम्मेवार बनाउनु पर्दछ। यसरी पर्याप्त अध्ययन तथा प्राविधिक पुस्ट्याई वेगर भेरिएशन गरी २३९.९२ घ.मि.को रु.१६८०। ले हुने रु.४,०३,०६५।६० मा मुल्य अभिबृद्धि कर थप समेत रु.४,५५,४६४।१३ पालिकालाई वढी व्ययभार परेको अनियमित देखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ४,५५,४६४ |

८५.२ **इटाको कामको भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार गर्नुपर्ने उल्लेख छ। भवन विभागको नर्म्स नं.५(१), ५(२) अनुसार इटाको साईज १२४*१०८*५७ मि.मि.लाई आधार मानी प्रति घनमिटर ५६० इटा प्रयोग हुने अवस्था रहेकोमा इटाँको साइज अनुसार इटाको संख्या थपघट गर्नुपर्ने उल्लेख छ। पालिकाले तयार गरेको लागत अनुमानमा सामान्तया प्रयोगमा आउने मुख्य ३ भट्टाको ईटाको औषत साइज २३३.११*११३.३३*६४.८९ मि.मि. रहेको र सोमा 10mm को मोर्टार लगाउँदा प्रति घ.मि. ४४५ ईटा लाग्ने र उक्त परिमाणमा १० प्रतिशत वेस्टेज अनुमान गर्दा पनि एक घनमिटर गारोमा वढिमा ४९० ईटा लाग्ने देखिन्छ। पालिकाले प्रति घनमिटर ५६० इटाको अनुमान गरी Brick work 1:4 को लागत अनुमान तयार गर्दा हुने प्रति घनमिटर रु.१४,४१२।७८ दर राखि विर्तावजार कृषि तथा सामुदायिक भवनको खरिद गर्दा ९.८० प्रतिशत घटी रु.१३,०००। मा सम्झौता भएको छ। नर्म्समा उल्लेख भएको परिमाण ४९० ईटाबाट दर विश्लेषण गर्दा Brick work 1:4 को प्रति घनमिटर रु.१३,२८५।७८ हुने देखिएकोले ठेक्कामा निर्माण व्यवसायीले घटेको प्रतिशतको आधारमा नयाँ दर कायम हुनु पर्दछ। निर्माण व्यवसायीले ९.८० प्रतिशत घटेको आधारमा प्रति घनमिटर रु.११,९८३।७७ ले भुक्तानी हुनुपर्नेमा रु.१३,०००। ले भुक्तानी भएकोले प्रति घनमिटर रु.१,०१६।२३ ले हाल सम्म भुक्तानी भएको ३२४.९२ घनमिटरको रु.३,३०,१०३।४५ मा मुल्य अभिवृद्धि कर थप समेत रु.३,७३,११८।६० वढी भुक्तानी भएको सम्वन्धित निर्माण व्यवसायीवाट असूल गरी दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७३,११९ |

८६ **नगर प्रशासकीय भवन**

असुली एवं प्रमाण पेश भई सम्परीक्षण ।

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३३९,५५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८७ **परिचय मार्ग रिङरोड**

ठेक्का नं. BTMMNU/WORKS/NCB- 18/2079-80, बोलबम मण्डी दुर्गा कम्प्लेक्स न्यूटन स्कुल परिचय मार्ग रिङरोड निर्माण तथा मर्मतको रु.७९,४६,७६४। लागत अनुमान रहेकोमा लालिगुरास निर्माण सेवासँग रु.६०,६६,२६७।७१ मा सम्झौता भएको छ। यस योजनाको सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

८७.१ **भेरिएशन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई पाँच प्रतिशत सम्मको भेरिएशन सम्वन्धित सार्वजनिक निकायको राजपत्रांकित द्धितीय श्रेणी वा सो सरहको प्रमुखले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्नु सक्ने व्यवस्था छ। त्यस्तै विर्तामोड नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८० को नियम ४१ मा पाँच प्रतिशत सम्मको भेरिएशन प्रमुख प्रशासकीय अधिकृतले, पाँच देखि दश प्रतिशत सम्म नगर प्रमुख र दश प्रतिशत भन्दा माथीको भेरिएशन कार्यपालिकाले स्वीकृत गर्न सक्ने व्यवस्था छ। यस योजनामा सम्झौता रकम रु.६०,६६,२६७।७१ भन्दा ८.६८ प्रतिशत थप हुने गरी रु.४,५४,८०६।९३ भेरिएशन कार्यालय प्रमुखबाट मिति २०८०।६।३० मा जारी भएको देखिन्छ। पालिकाको प्रमुख प्रशासकीय अधिकृतको लागि कानुनले तोकेको सीमा भित्र रहेर भेरिएशन स्वीकृत गर्नु पर्दछ। भुक्तानी विल परीक्षण गर्दा कार्य सम्पन्न भएको मिति २०८०।६।२५ र नापी

लिएको मिति २०८०।६।२६ देखिएकोले यस खरिद सम्झौतामा कार्यसम्पन्न पश्चात भेरिएशन जारी भएको देखिन्छ। सम्झौताको शर्त सरहको भेरिएशन स्वीकृत नगरी काम सम्पन्न पश्चात सम्पन्न भएको कामलाई बैधानिकता दिनको लागि भेरिएशन जारी गर्ने परिपाटीमा सुधार हुनु पर्दछ। कानूनले तोकेको सीमा भन्दा वढी र कार्यसम्पन्न पश्चात जारी भएको रु.४,५४,८०६।९३ भेरिएशन नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ४,५४,८०६ |

८७.२ **नापीमा त्रुटी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस खरिद सम्झौतामा अन्तिम विल सम्म रु.६५,९३,०७२।२४ भुक्तानी दिएको विल साथ सम्लग्न नापी किताव परीक्षण गर्दा Item no.3 मा रहेको Brushing and Scarifying on surface को १०,६५५.६६ वर्गमिटरको भुक्तानी दिएको देखियो। पुरानो पिच माथी ट्याककोट राखी Premix carpeting को लागि Brushing and Scarifying on surface को काम गरेको देखिन्छ। तर १६७२.२० वर्गमिटरमा भने नयाँ सवबेस, बेसको काम गरेको जसमा Brushing and Scarifying on surface गर्नु नपर्ने भएकोले सम्पूर्ण क्षेत्रफल १०,६५५.६६ मा १६७२.२० वर्गमिटर घटाई भुक्तानी दिनु पर्ने देखिन्छ। अत: नापीमा त्रुटी भई १६७२.२० वर्गमिटरको सम्झौता दर प्रतिघनमिटर रु.१०। ले हुने रु.१६,७२२। मा मुल्य अभिवृद्धि कर थप समेत रु.१८,८९५।८६ वढी भुक्तानी दिएकोले उक्त रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रू..

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,८९६ |

## ८८ तराई मधेश समृद्धि कार्यक्रम

तराई मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०८० को बुँदा ५(१) मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ। यस वर्ष सरस्वती माध्यमिक विद्यालय पश्चिम- कृष्ण ढुङ्गानाको घर- काली मन्दिर- दाताराम तिमल्सिनाको घर सम्म सडक कालोपत्रे योजनाको लागि रु.२५ लाख विनियोजन भएको देखियो। ठेक्का सम्झौता र कार्य सम्पन्न वमोजिम सत्तरी प्रतिशतले हुने रु.१४,६३,३९५।३६ खर्च लेख्न मिल्ने देखिएकोमा रु.१५,०७,२९७। लेखेको देखिन्छ। कार्यविधिले तोके भन्दा वढी तराई मधेश समृद्धि कार्यक्रमबाट खर्च भएको रु.४३,९०१।६४ संघीय सञ्चित कोष दाखिला फिर्ता गर्नुपर्ने देखिएको रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,९०२ |

## ८९ वढी भुक्तानी

भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत सडक सम्बन्धी नर्म्स Standard specification for Roads and Bridge work 2073 (With Amendment 2075) अनुसार कालोपत्रे सम्बन्धी काम गराउदा Bituminous Layer मा प्राइम कोट परिमाण प्रति वर्ग मिटर औषतमा ०.७५ लिटर खपत हुने उल्लेख छ। पालिकाले कालोपत्रेको काममा उक्त आइटमको नर्म्स अनुसार दैनिक २ पटक Tray Test गरेको रिपोर्ट बेगर प्रति वर्ग मिटर १ लिटरका दरले भुक्तानी गरेको देखियो। यसरी नर्म्स भन्दा वढी परिमाण राखि सोही वमोजिम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु..

| योजनाको नाम | निर्माण व्यवसायी | क्षेत्रफल ( व . मि .) | वढी विटुमिन ( लि .) | दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| गरामनी वजार- त्रिवेणी चौक दक्षिण देवकोटा स्कुल केरकेरुवारी सडक कालोपत्रे | एस. के . निर्माण सेवा | २१४३.६ | ५४४.९ | १३० | ७०८३७. |
| मु. अ . कर | | | | | ९२०८.४३ |
| जम्माः | | | | | ८००४५.८१ |

| असुल गर्नुपर्ने | ८०,०४६ |
|---|---|

९० **नगर अस्पताल भवन**

विर्तामोड नगर अस्पताल भवन निर्माण, ठेक्का नं. BTMMNU/BUILDING/NCB- 04/2079-80 को रु.१८,४६,५६,२०८।६३ लागत अनुमान रहेकोमा विवश इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग रु.१५,००,३४,२०८।६३ मा सम्झौता भएको छ। हाल चौथो रनिङ विलसम्म रु.४,४८,६२,७९२।९४ भुक्तानी भएको यस योजनाको सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन्।

९०.१ **थप जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा बोलपत्र मुल्याँकन गर्दा बोलपत्रदाताले सन्तोषजनक रूपमा कार्य गर्न नसक्ने गरी अस्वभाविक रुपमा न्यून कबोल अङ्क उल्लेख गरेको वा फ्रन्ट लोडिङ गरे नगरेको सम्वन्धमा बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने र त्यस्तो अवस्था देखिएमा बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्ने र स्पष्टीकरण सन्तोषजनक भएमा बोलपत्र दाताको कबोल अङ्कको ८ प्रतिशतले हुने रकम बराबर थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृतको सिफारिस गर्न सक्ने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा स्वीकृत गरेको अस्पताल स्तरोन्नतीको लागत दर र कबोल अङ्क तुलना गर्दा प्रारम्भिक चरणमा हुने आर.सी.सी. M15, M20 लगायतका कार्यमा लागत अनुमान भन्दा बढि वा लागत अनुमानको हाराहारीमा र अन्तिम चरणका काम रङ्गरोगन, मोजाईक लगाएतका केही महत्वपूर्ण आईटमा ९२ प्रतिशतभन्दा न्यून कबोल गरेकोले फ्रण्ट लोडिङको अवस्था समेत देखिन्छ। पालिकाले उपर्युक्त प्रक्रिया बमोजिम मूल्याङ्कन गरी कबोल अङ्क रु.१५,००,३४,३३६।४० को ८ प्रतिशतले हुने रु.१,२०,०२,७४६।९१ थप जमानत माग गरेको देखिएन भनि गतबर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको भए तापनि हाल सम्म उक्त जमानत पेश गरेको छैन। सुरु सम्झौताको करिव ९१.३० प्रतिशत अवधि समाप्त भैसकेको यस खरिद सम्झौतामा हाल चौथो रनिङ विल सम्म रु.४,४८,६२,७९२।९४ भुक्तानी भएकोले १६.५७ प्रतिशत मात्र वित्तीय प्रगति र त्यसैको हाराहारीमा भौतिक प्रगति पनि भएको देखिन्छ। तोकिएको अवधिमा काम नसकिने स्पष्ट देखिएको र घटी कबोल गरेका ठेक्काको अन्तिम चरणमा गर्ने कार्य निर्माण व्यवसायीले नगर्ने जोखिम रहेकोले नियम बमोजिमको थप जमानत पेश गराउनु पर्दछ।

९०.२ **इटाको कामको भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार गर्नुपर्ने उल्लेख छ। भवन विभागको नर्म्स नं.५(१), ५(२) अनुसार इटाको साईज १२४*१०८*५७ मि.मि.लाई आधार मानी प्रति घनमिटर ५६० इटा प्रयोग हुने अवस्था रहेकोमा इटाँको साइज अनुसार इटाको संख्या थपघट गर्नुपर्ने उल्लेख छ। पालिकाले तयार गरेको लागत अनुमानमा सामान्तया प्रयोगमा आउने मुख्य ३ भट्टाको ईटाको औषत साइज २३३.११*११३.३३*६४.८९ मि.मि. रहेको र सोमा 10mm को मोर्टार लगाउँदा प्रति घ.मि. ४४५ ईटा लाग्ने र उक्त परिमाणमा १० प्रतिशत वेस्टेज अनुमान गर्दा पनि एक घनमिटर गारोमा वढिमा ४९० ईटा लाग्ने देखिन्छ। पालिकाले प्रति घनमिटर ५६० इटाको अनुमान गरी विर्तामोड नगर अस्पताल भवन निर्माणको खरिद सम्झौता गर्दा Brick work 1:4 प्रति घनमिटर रु.१४,४१२।७८ मा ९.८० प्रतिशत घटी रु.१३,०००।०० र Brick work 1:6 प्रति घनमिटर रु.१३,८६२.६५ मा ६.२२ प्रतिशत घटी रु.१३,०००।०० मा सम्झौता भएको छ। नर्म्समा उल्लेख भएको परिमाण ४९० ईटाबाट दर विश्लेषण गर्दा Brick work 1:4 प्रति घनमिटर रु.१३,२८५।७८ र Brick work 1:6 प्रति घनमिटर रु.१२,७३५।६५ हुने देखिएकोले ठेक्कामा निर्माण व्यवसायीले घटेको प्रतिशतको आधारमा नयाँ दर कायम हुनु पर्दछ। निर्माण व्यवसायीले Brick work 1:4 मा ९.८० प्रतिशत घटेको आधारमा प्रति घनमिटर रु.११,९८३।७७ ले भुक्तानी हुनुपर्नेमा रु.१३,०००।०० ले भुक्तानी हुने तथा Brick work 1:6 मा ६.२२ प्रतिशत घटेको आधारमा रु.११,९४३।४९ ले भुक्तानी हुनुपर्नेमा रु.१३,०००।०० दरमै भुक्तानी हुने देखिएकोले सो रकम घटाई भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ। आइटम नं. २.१.८ को १ मा रहेको ९९.९४ घनमिटर Brick work 1:6 र आइटम नं. २.१.८ को २ मा रहेको ९३१.८६ घनमिटर Brick work 1:4 मध्ये चौथो रनिङ विल सम्म २१२.६९ घ.मि. Brick work 1:4 को भुक्तानी भएको देखिन्छ। प्रति घनमिटर रु.१,०१६।२३ ले हाल सम्म भुक्तानी भएको २१२.६९ घनमिटरको रु.२,१६,१४१।९५ मा मुल्य अभिवृद्धि कर थप समेत रु.२,४४,२४०।४० वढी भुक्तानी भएको सम्वन्धित निर्माण व्यवसायीवाट असूल गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | २,४४,२४० |
|---|---|

९१ **कार्यसम्पादन जमानत**

प्रमाण पेश भई सम्परीक्षण ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१७२,०८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९२ **परामर्श तथा डि.पि.आर.खर्च**

९२.१ पालिकाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस पालिकाले यसवर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कामको विवरण | परामर्शदाता | स्वीकृत रकम।लागत अनुमान ( रु .) | खर्च रकम( रु .) | अध्यायनबाट निर्धारिण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| डोमलाल रंगशाला निर्माण कार्यको डी. पी . आर . | कुन्ती इन्जिनियरिङ्ग कन्सल्ट प्रा . लि | १९४८३२३ | १९४४७३० | १ अर्व १२ करोड ६५ लाख २६ हजार |
| बिर्तामोड न. पा . को चक्रपथ निर्माण डी . पी . आर . | मुन लाइट इन्जिनियरिङ्ग एण्ड रिसर्च प्रा. लि . | १४९३०१३ | ७४२४१०( ड्राफ्ट प्रतिवेदन ५०प्रतिशत ) | १ अर्व ७० करोड ७९ लाख |
| वोटानिकल गार्डेन विथ चिल्ड्रेन एण्ड वल्ड एज पार्क रामचोक डी. पी . आर . | आरम्भ इन्जिनियरिङ्ग कन्सल्टेनसी प्रा. लि . | ७९९८९३ | ७९८९९० | ४ करोड २१ लाख ५१ हजार |

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

९२.२ उपर्युक्त प्रतिवेदन मध्ये बिर्तामोड न. पा. को चक्रपथ निर्माण कार्यको योजनाका लागि आर्थिक वर्ष २०८१/०८२ मा कुनै रकम विनियोजन भएको छैन । सो डी.पी.आर. अनुसारको स्तरोन्नतीको कार्य आगामी योजनाहरुमा कार्यान्वयन हुने पालिकाले जनाएको छ । त्यसैगरी वोटानिकल गार्डेन विथ चिल्ड्रेन एण्ड वल्ड एज पार्क, रामचोक योजनाको कार्यान्वयन गर्न संघीय सरकारसँग आवस्यक वजेटका लागि डी.पी.आर पठाएको पालिकाले जनाएको छ । रु.१ अर्व १२ करोड ६५ लाख २६ हजार लागत आवस्यक पर्ने डोमलाल रंगशाला निर्माण कार्यको लागि हाल सम्म १ करोड ५० लाख विनियोजन भई कार्य भैरहेको पालिकाले जनाएको छ । पालिकाले स्रोत सुनिश्चत हुन नसक्ने योजनाको डी.पी.आर. गरी खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

९२.३ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिम नै तयार गरी खर्च गरेको उपयुक्त देखिएन । त्यसैगरी डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनेतर्फ ध्यानदिनु पर्दछ ।

९३ **वीमा नगराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले तपशिल वमोजिमका ठेक्कामा वीमा नै नगराइ निर्माण कार्य गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी/ उपभोक्ता समिति | कामको विवरण | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|---|
| BTMMUN/WORKS/NCB-18/2079/80 | लालिगुरास निर्माण सेवा | वोलवम मण्डी दुर्गा कम्प्लेक्स न्यूटन स्कुल परिचय मार्ग रिङरोड निर्माण तथा मर्मत | ६५९३०७२.२४ | ० | वीमा नगरेको |
| BTMMUN/WORKS/NCB-13/2080/81 | मन्तरे निर्माण सेवा | वडा नं७ र ८ को पुल र कल्भर्ट मर्मत आयोजना | २२२०६८६.४६ | ० | वीमा नगरेको |
| उपभोक्ता समिति | विराट भरत विश्रान्ती | विराट भरत विश्रान्ति ज्येष्ठ नागरिक भवन तथा उद्यान निर्माण | ९९४५६६१.२५ | ० | वीमा नगरेको |

९४ **म्याद थप**

बिर्तामोड नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८० को नियम ४२(३) मा निर्माण व्यवसायीले पेश गरेको निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा ६ महिना सम्मको अवधि वोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा वढी अवधिको हकमा एक तह माथिको अधिकारीले थप गर्न सक्ने व्यवस्था छ। नमूना परीक्षणबाट छनौट गर्दा पालिकामा अधिकांश योजनाहरुको म्याद ६ महिना भन्दा वढी अवधि वोलपत्र स्वीकृत गर्ने अधिकारीबाट थप भएको देखियो। निर्माण व्यवसायीले अवधि थपको लागि पेश गरेको निवेदनहरुमा केही अंश निर्माण कार्य अधुरो रहेको, तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको जस्ता सामान्य कारणको आधारमा पनि निजहरुले माग गरेको पुरा अवधि थप भएको देखिन्छ। निर्माण व्यवसायीको कारण निर्माण कार्य ढिला भएको तथा अवधि थपको लागि मनासिव कारण नदेखिएको खरिद सम्झौता पूर्वनिर्धारित क्षतिपुर्ति सहित म्याद थप वा अन्त्य गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ। पटक पटक गरी नियमावलीमा भएको व्यवस्था भन्दा वढी अवधि वोलपत्र स्वीकृत गर्ने अधिकारीले थप गरेको देखिएकोले नियमावलीको व्यवस्था वमोजिम गर्नु पर्दछ। सीमा भन्दा वढी अवधि वोलपत्र स्वीकृत गर्ने अधिकारीले थप गरेका योजनाहरु देहाय वमोजिम रहेका छन्।

| ठेक्का नं. | योजनाको नाम | सुरु सम्झौताको म्याद | अवधि थप | कैफियत |
|---|---|---|---|---|
| 26-078/79 | विर्तावजार कृषि तथा समुदायिक भवन निर्माण | २०८०।६।६ | २०८१।९।३० | तेश्रो पटक म्याद थप वोलपत्र स्वीकृत गर्ने अधिकारीबाट |
| 09-079/80 | सैनिक वजार भुतेनी नगर गौरव रोड गोलधाप रोड | २०८०।२।१५ | २०८०।८।३० | वोलपत्र स्वीकृत गर्ने अधिकारीबाट ६ महिना १५ दिनको म्याद थप |
| 20-077/78 | लोकबन्धु मार्ग कालोपत्रे | २०८९।१।१८ | २०८०।११।१० | २२ महिना म्याद थप |
| 13-078/79 | त्रिवेणी चोक दक्षिण देवकोटा स्कुल हुदै जाने सडक कालोपत्रे | २०७९।४।२१ | २०८०।६।३० | दोश्रो पटक म्याद थप |
| 8-079/80 | विर्तावजार डोमलाल रंगशाला नगर अस्पताल सडक कालोपत्रे | २०८०।२।३० | २०८०।९।३० | वोलपत्र स्वीकृत गर्ने अधिकारीले ७ महिना अवधि थप गरेको |

९५ **त्रुटि सच्याउने अवधिको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी. मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो

अवस्थामा डि.एल.पि. समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

९६ **बुङ्गावारी प्याकुरेल चोक सडक निर्माण कार्यको परामर्श सेवा**

पालिकाले विश्व बैंकको ऋण सहयोगमा निर्माण गरिरहेको बुङ्गाबारी प्याकुरेल चोक सडक निर्माण कार्यको डिजाइन र सुपरभिजन गर्न रु.२,३९,६५,२००।०० को लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट छनौट भएको परामर्शदाता D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. सँग २०८२।४।१ मा कार्यसम्पन्न गर्नेगरी २०७९।५।८ मा रु.२,३०,४१,५९४।०० को सम्झौता भएको थियो । परमर्शदातालाई गत वर्षसम्म रु.५३,०२,३८९।०० भुक्तानी भएकोमा यसवर्ष देहाय बमोजिम रु.१,१०,३७,७९५।२० भुक्तानी भएको छ । परामर्श सेवा सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

| भौ. नं ./ मिति | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|
| ५।२०८०।७।२ | D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. | २११९५८३ |
| ३९।२०८०।१२।७ | D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. | २२३२८९५ |
| ५६।२०८१।२।४ | D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. | ३१९९८९३ |
| ७७।२०८१।३।१८ | D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. | ३४८५४२२ |
| जम्मा | | ११०३७७९३ |

९६.१ **प्रमाणित नगरेको** – पालिकाले भौ.नं. ५६।२०८१।२।४ बाट परामर्शदातालाई २०२४ मार्च र अप्रिल २ महिनाको (ipc-11) रु. ३१,९९,८९३।०० तथा भौ.नं. ७७।२०८१।३।१८ बाट २०२४ मे र जुन २ महिनाको (ipc-12) रु. ३४,८५,४२२।०० समेत रु. ६६,८५,३१५।०० भुक्तानी गरेकोमा परामर्शदाताले पेश गरेको टाइम सिटमा पालिकाको प्राविधिक तथा कार्यालय प्रमुखबाट प्रमाणित गरेपनि भुक्तानीका लागि तयार गरेको प्राविधिक विल तथा IPC-Summary of costs मा प्राविधिकको मात्र हस्तक्षर भएपनि कार्यालय प्रमुखबाट प्रमाणित गरेको छैन । कार्यालय प्रमुखबाट समेत प्रमाणित गराई अभिलेख राख्नुपर्दछ ।

९६.२ **परामर्श अवधि र खर्च** – बुङ्गाबारी प्याकुरेल चोक सडक निर्माण कार्यको डिजाइन र सुपरभिजन कार्यका लागि २०८२।४।१ सम्म परामर्श सेवा उपलब्ध गराउने गरी २०७९।५।८ मा रु.२,३०,४१,५९४।०० को सम्झौता भएकोमा २०८० असार मसान्त सम्म करिब ६३ प्रतिशत अवधि सम्पन्न भएको छ भने सो अवधिसम्म सम्झौता रकम मध्ये रु.१,६३,४०,१८२।०० (७०.९२ प्रतिशत) खर्च भएको देखिन्छ । परामर्शका लागि तोकिएका विज्ञ टिम लिडर कम रोड डिजाइन इन्जिनियरको लागि सम्झौता भएको रकम मध्ये ६४ प्रतिशत खर्च भैसकेको छ भने अर्का मुख्य विज्ञको रूपमा रहेका सुपरभिजन एण्ड क्वालिटी कन्ट्रोल ईन्जिनियरका लागि सम्झौता भएको रकम मध्ये ६७ प्रतिशत खर्च भएको छ । त्यसैगरी अर्वान प्लानर, इन्भायरोमेन्टल स्पेसलिस्ट, सोसियल डेभलपमेण्ट स्पेसलिस्ट एवं रोड सेफ्टी ईन्जिनियरको ८० प्रतिशत खर्च भएको छ भने स्ट्रकचरल ईन्जिनियर, खरिद विज्ञ, जियो टेक्निकल ईन्जिनियर, क्वान्टिटी सर्भेयरको शत प्रतिशत खर्च भैसकेको देखिन्छ । निर्माण कार्यको फिल्डमा बाँकी रहेको काम र सोका लागि आवस्यक पर्ने विज्ञहरु समेतलाई विश्लेषण गरी परामर्शका लागि सम्झौता गरिएको रकम खर्च हुनुपर्दछ ।

९६.३ **बढी भुक्तानी** – परामर्शदातालाई भुक्तानी गर्दा सम्झौता तथा Time Base अनुरुप भुक्तानी गर्नुपदछ । पालिकाले भौ.नं. ७७।२०८१।३।१८ बाट परामर्शदाताका टिम लिडर भुबनेश्वर देवलाई २०२४ मे र जुन २ महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु. ४,५०,००० मात्र भुक्तानी गर्नुपर्नेमा रु. ४,६८,०००।०० भुक्तानी गरी रु. १८,०००।०० बढी भुक्तानी गरेकोले मु.अ.कर समेत भुक्तानी गरेको रु.२०,३४०।०० परामर्शदाता D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,३४० |

९६.४ **बढी भुक्तानी** – परामर्शदातालाई भुक्तानी गर्दा सम्झौता तथा Time Base अनुरुप भुक्तानी गर्नुपदछ । पालिकाले भौ.नं. ५६।२०८१।२। ४ बाट परामर्शदातालाई २०२४ मार्च र अप्रिल २ महिनाको रु. ३१,९९,८९३।०० भुक्तनी गरेको मध्ये देहाय बमोजिमको रकम बढी भुक्तनी गरेकोले परामर्शदाता D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. बाट उक्त रकम असुल हुनुपर्ने रु. ७६१९३०.७५

| क्र. सं . | विवरण | भुक्तानी रकम | बढी भुक्तानी | भ्याट सहित |
|---|---|---|---|---|
| १ | टिम लिडर भुबनेश्वर देवलाई Time Sheet तथा सम्झौता अनुसार मासिक रु . २२५००० का दरले अप्रिल र मार्च २ महिनाको मात्र भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी | ९००००० | ४५०००० | ५०८५०० |
| २ | SQCE अमित कुमार गुप्तालाई Time Sheet तथा सम्झौता अनुसार मासिक रु . १४३४७२।२२ का दरले अप्रिल र मार्च २ महिनाको मात्र भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी | ४५६२४१ | १६९२९७ | १९१३०५।६१ |
| ३ | Time Sheet वेगर सर्भेयर कम क्याड ईन्जिनियर दिपेन्द्र भट्टको परिश्रमिक | २०४०० | २०४०० | २३०५२ |
| ३ | D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. को नाममा बीमा शुल्क तिरेको कागजात बेगर बीमा भुक्तानी | ३४५७८ | ३४५७८ | ३९०७३।१४ |
| जम्मा | | | ६७४२७५ | ७६१९३०।७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६१,९३१.७५ |

९६.५ **वर्कशप/कन्सल्टेसन मिटिङ्ग** – पालिकाले रिम्वर्सेबल खर्च अन्तर्गत वर्कशप/कन्सल्टेसन मिटिङ कार्यका लागि आइपिसि १२ बाट परामर्शदाता D.B Multi-SILT- Ganga- R.I.D.A.R.C. Nepal- Uday J.V. लाई रु. २,००,०००।०० भुक्तानी गरेको छ । तर उक्त कार्य भएको देखिने प्रगति प्रतिवेदन तथा पुष्ट्याई गर्ने थप प्रमाण कागजात संलग्न नभएकोले सो काम भएको पुष्टी हुन सकेन । तसर्थ वर्कशप/कन्सल्टेसन मिटिङ गरेको पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा मु.अ.कर समेत भुक्तानी गरेको रु. २,२६,०००।०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२६,००० |

९६.६ **Unallocated Experts –** सम्झौताको प्रोभिजनल सम अन्तर्गत Unallocated Experts for any unforeseen additional volume of work or addition of unidentified sector etc., which is covered by current scope or works का लागि लमसममा रु.३,६०,०००।०० राखिएकोमा परामर्शदाताले आइपिसि ११ र १२ बाट उक्त सेवा वापतको पुरै रकम मु.अ.कर रु.४६,८००।०० समेत रु.४,०६,०००।०० भुक्तानी लगेको छ । यस किसिमको अप्रत्यासित अतिरिक्त काम वा परामर्श सेवा दिन थप विशेषज्ञको सेवा लिँदा/दिँदा उक्त आयोजनाको कुन कामका लागि सो आवस्यक परेको हो सोको प्रस्ताव सहित पालिकासँग समन्वय गरी स्वीकृत गराएर गर्नुपर्नेमा सो बमोजिम गरेको पुष्टी हुने प्रमाण पेश नभएकोले यस सम्बन्धमा पालिकाले परामर्शदाताबाट उक्त काम गराएको पुष्ट्याई हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०६,००० |

९६.७ **मुल्य अभिबृद्धि कर** – मुल्य अभिबृद्धि कर ऐन, २०५८ को दफा १८ मा भुक्तानी प्राप्त मुल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा अर्थ मन्त्रालयको च.नं. ३२७ मिति २०७७।८।९ को पत्रले आयकर तथा मुल्य अभिबृद्धि कर दुबैतर्फ बिबरण पेशगर्न बाँकी

नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको छ । पालिकाबाट परामर्शदाता D.B Multi-SILT- Ganga-R.I.D.A.R.C. Nepal- Uday J.V. (VAT NO.619216298) लाई यसवर्ष रु.१,१०,३७,७९३।०० भुक्तानी गर्दा मुल्य अभिबृद्धि कर वापतको रु. १२,६९,८३५।०० मध्ये ३० प्रतिशत कट्टा गरी रु. ८,८८,८८४।०० भुक्तानी दिएकोमा उक्त परामर्शदाता आयकर तर्फ Income Tax Non-filer 2079.080 तथा मुल्य अभिबृद्धि कर तर्फ Non-filer since 2079/m/12 रहेकोले मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

| विजक नं र मिति | जम्मा भुक्तानी रकम | जम्मा मु.अ.कर | भुक्तानी मु.अ.कर |
|---|---|---|---|
| 3/2023-10-19 | २११९५८३ | २४३८४६ | १७०६९२ |
| 4/2024-03-21 | २२३२८९५ | २५६८८२ | १७९८१७ |
| 5/2081-02-04 | ३१९९८९३ | ३६८१२९ | २५७६९० |
| 6/2081-03-17 | ३४८५४२२ | ४००९७८ | २८०६८५ |
| जम्मा | ११०३७७९३ | १२९६८३५ | ८८८८८४ |

९७ **बुट्टावारी प्याकुरेल सडक स्तरोन्नती (ठेक्का नं. NP-DUDBC-273141-CW-RFB)**

पालिकाले रु.६२,३६,१८,६२१।७४ लागत अनुमान रहेको बुट्टावारी प्याकुरेल सडक स्तरोन्नती कार्य ७३० दिन भित्र सम्पन्न गर्ने तर Commencement letter जारी भए पछि मात्र सम्झौता सुरु हुने गरी ईन्टरनेशनल कम्पिटिटिभ विडिङबाट छनौट भएको निर्माण व्यवसायी AARPEE-SAP-SAMATA J.V. सँग २०७९।८।१६ मा रु.५१,२९,६१,३७२।०० को खरिद सम्झौता गरेको छ। पालिकाबाट २०८०।१।२९ मा Commencement letter जारी भएकोले २०८२।१।२८ भित्र सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको देखिन्छ। निर्माण कार्यमा यो वर्ष IPC-4 सम्म रु.१५,१२,९९,३७२।६२ भुक्तानी भएको छ। उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्।

९७.१ **काम ढीलो सुरु गरेको** - सम्झौतामा भएको व्यवस्था अनुसार निर्माण व्यवसायीले निर्माण कार्य २०२२ डिसेम्बर २ देखि शुरु गर्नु पर्ने देखिन्छ। विश्वबैकबाट ५ महिना ढीलो अर्थात् १२ मे, २०२३ मा मात्र Commencement Letter प्राप्त भएकोले निर्माण व्यवसायीले १२ मे, २०२३ बाट शुरू गरी ११ मे, २०२५ मा कार्य सम्पन्न गर्ने गरी सम्पन्न गर्ने मिति सँशोधन गरेको छ। समयमा कार्य सम्पन्न गर्न यो वर्ष सम्म निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका वमोजिम ४७.६३ प्रतिशत कार्य सम्पन्न गर्नु पर्नेमा २८.११ प्रतिशत मात्र प्रगति भएकोले सेडुलमा १९.५२ प्रतिशत घटी प्रगति भएको देखिन्छ। निर्माण कार्यमा हुने ढीला सुस्तिले निर्माण लागत तथा सुपरीवेक्षण लागतसमेत बृद्धि हुँदै जाने र आयोजनाको लागत बृद्धि हुने भएकोले काममा तीव्रता ल्याउनु पर्ने देखिन्छ ।

९७.२ **आयोजना छनौट तथा स्वीकृती** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली, २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानिय तहमा कर्यन्वयन गरिने योजनाको पहिचान वर्गीकरण, छनौट तथा प्राथमिकिकरण गरी योजना स्विकृत गर्नुपर्ने व्यवस्था रहेको छ। विकास आयोजनाको वजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्विकृत भएको हुनुपर्दछ । कुल ६.२ कि.मि लम्बाईको बुट्टाबारी प्याकुरेल सडकको लागि रू.६२,३६,१८,६२१।७४ को लागत अनुमान तयार गरेको देखिन्छ। उक्त योजनाको एनपिभी, आईआरआर तथा योजना फिजिबल रहेको आधार खुल्ने संभाव्यता अध्ययन प्रतिवेदन पेश हुन सकेन। योजनाको छनौट नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बाट भई स्थानीय निकायलाई कार्यान्वयनको लागि हस्तान्तरण भएको देखिन्छ। यो सडकको छनौट आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको दृष्टीलेसमेत उपयुक्त भएको देखिने आधार पेश हुन सकेन।

९७.३ **मुल्य समायोजन** – Bidding Documents मा Letter of bid भित्र रहेको Appendix to bid, Schedule of cost Indexation मा “Ln”, “En”, “Mn” are the current cost indices which is applicable to the relevant tabulated cost elements on the

date 49 days prior to the last day of the period (to which the particular payment certificate relates) भनि उल्लेख गरेको छ। पालिकाले मुल्य समायोजनको गणना गर्दा सम्झौता वमोजिम बर्तमान सुचकाङ्क (Current Index) IPC पेश गरेको ४९ दिन अगाडीको राख्नुपर्नेमा सम्झौता देखि IPC पेश भए सम्मको सवै महिनाको सुचकाङ्कलाई औषत गरी गणना गरेकोले देहाय वमोजिम वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु..

| विल | मुल्य समायोजन फ्याक्टर | विल रकम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको |
|---|---|---|---|---|
| IPC-1 | ०.०११८८२ | १०३००२३६.५६ | १२२३८७.४२ | २१२२०५.४८ |
| IPC-2 | ०.१४१५६ | २९५८७२२७.२१ | ४१८८३६.७९ | ३६०२२४.५ |
| PIC-3 | ०.००९०८८ | ३०००१४४०.९१ | २७२६५३.१ | ३७३९९७.९७ |
| | जम्माः | | ८१३८७७.३१ | ९४६४२७.९५ |
| | वढी भुक्तानी | | | १३२५५०.६४ |
| | मु. अ . कर | | | १७२३१.५८ |
| | कुल जम्माः | | | १४९७८२.२२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४९,७८२ |

९७.४ **भेरिएशन र मुल्य समायोजन** - आर्थिक वर्ष २०७८।०७९ मा नगरपालिकाले रु.६२,३६,१८,६२१।७४ लागत अनुमान, नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना समन्वय कार्यालय बबरमहल काठमाण्डौंको २०७९।३।२९ को पत्रानुसार Bidding Document, Cost Estimates, Project को विस्तृत आयोजना प्रतिवेदन (DPR) परामर्शदाता CEMECA-BEAM-HOMELAND ले तयार गरी पठाएकोमा पालिकाले सोही कागजात वर्षान्तको अवधिमा स्वीकृत गरी २०७९।३।३१ गते सुचना प्रकाशन गरी खरिद कार्य अगाडि बढाएको छ। तर २०८१।२।२२ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार १४.१३ प्रतिशत वढ्ने गरी स्वीकृत भएको भेरिएशनमा आर्थिक वर्ष २०८०।८१ को दर बिश्लेषण प्रयोग गरी १० प्रतिशत भन्दा वढी भएको आइटम र सम्झौतामा नभएको नयाँ आइटमहरुको लागत अनुमान तयार गरिएको र सोही दर विश्लेषणको आधारमा बार्ताबाट निर्माण व्यवसायीको दर कायम गरिएको छ। खरिद सम्झौतामा मुल्य समायोजनको पनि प्रावधान रहेकोमा दुई आर्थिक वर्षको दर बिश्लेषणबाट लागत कायम गर्दा मुल्य समायोजनको गणनामा पनि असर पर्ने देखिन्छ। एउटै खरिद सम्झौतामा दुई आर्थिक वर्षको दर विश्लेषणबाट कायम दरमा मुल्य समायोजन भुक्तानी गर्न नमिल्ने भएकोले ठेक्का सम्झौता हुँदाकै वखतको दर विश्लेषणबाट रेट नेगोशिएसन गरी नयाँ दर कायम हुनु पर्दछ। भेरिएशन स्वीकृत भएको मिति २०८१।२।२२ देखि ठेक्का सम्पन्न गर्ने अवधि २०८२।१।२८ एक बर्षभन्दा घटी अवधि रहेको तथा भेरिएशन स्वीकृत गर्दा ठेक्का सम्झौता गर्दाका वखतको दर विश्लेषण प्रयोग नगरी आर्थिक वर्ष २०८०।८१ को दरमा बार्ताबाट कायम गरीएकोले भेरिएशनबाट थप भएको आइटममा मुल्य समायोजन दिन मिल्ने देखिदैन। भेरिएशन पछि सुरु लागत अनुमान रु.६२,३६,१८,६२१।७४ को १३.३३ प्रतिशतले हुने रु.८,३१,४५,९५०।५२ वृद्धि भई रु.७०,६७,६४,५७२।२७ कायम भएकोमा सम्झौता तर्फ सुरु सम्झौता रु.५१,२९,६१,३७३।०३ को १४.१३ प्रतिशतले हुने रु.७,२४,६९,८४२।३० बृद्धि भई रु.५८,५४,३१,२१५।३२ कायम भएको देखिन्छ। सुरुमा १७.७४ प्रतिशत घटीमा कवोल भएको खरिद सम्झौता भेरिएशन स्वीकृति पछि १७.१७ प्रतिशतमा कायम भएको देखिन्छ। भेरिएशन स्वीकृत गर्दा लागत र सम्झौता रकम विचमा हुने परिवर्तनलाई पनि ख्याल गरी सोको प्रभाव मुल्याङ्कन गरेर मात्र गर्नुपर्छ। सो विषयलाई मध्यनजर नगरी पालिकाले भेरिएशन स्वीकृत गर्दा सुरु सम्झौतामा घटेको भन्दा ०.५७ प्रतिशत वढी कवोल अंक हुन पुगेको देखिएकोले पालिकाले यस सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ।

९७.५ **शर्त विपरित भुक्तानी** - नगरपालिका र निर्माण व्यवसायी AARPEE-SAP-SAMATA J.V. सँग भएको सम्झौतामा ठेकेदारबाट ३ करोड (मु.अ. कर र पि एस वाहेक) को कार्य सम्पन्न भै डिएससी मार्फत कार्य प्रगति विवरण प्रमाणित भै प्राप्त भएपछि रनिङ्ग बिलको भुक्तानी दिने शर्त रहेको देखिन्छ। पालिकाको ३७ औं बैठक २०८०।६।६ को निर्णय नं. १० बाट उधारोमा सामान पाउन नसकेकोले

कार्यसम्पादनको आधारमा भुक्तानी व्यवस्था हुन अनुरोध गरेको आधारमा कार्य प्रगति र डिएससीको प्रतिवेदनको आधारमा भुक्तानी दिँदै जाने निर्णय गरी IPC-1 वाट रु.१,१९,९३,१६२।०० र IPC-2 बाट रु.२,९५,८७,२२७।२१ (मु.अ. कर र पि एस वाहेक) मा मुल्य अभिवृद्धि कर र पि एस समेत रु.३,४२,९७,३३५।०० भुक्तानी भएको छ। बिश्व बैकबाट नो अब्जेक्सन प्राप्त भई कार्यान्वियन भएको ठेक्का पुन नो अब्जेक्सन प्राप्त नगरी पालिकाको निर्णयका आधारमा दुई IPC वाट भुक्तानी गरेको रु.४,६२,९०,४९७।०० नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ४,६२,९०,४९७ |

९७.६ **आइटम रिप्लेसमेन्ट** - आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए वमोजिम S.N.१४ Catch pit works को S.N.१४.३ मा भएको NP3 300mm dia RCC pipe को कार्य गर्नुपर्नेमा उक्त कार्यलाई ११०mm dia को PN-10 HDPE पाइपको नयाँ आइटम राखि रिप्लेस गरेको देखियो। Description of major works contributing variations को IX. (b) मा स्पष्ट कारण उल्लेख नगरी item 300mm pipe is replaced with 110mm HDPE of PN-10 उल्लेख गरेको छ। खरिद सम्झौतामा S.N.१४ Catch pit works को लागत अनुमान दर प्रति मिटर रु.४,१३८।११ रहेकोमा निर्माण व्यवसायीले १७.८४ प्रतिशत घटी रु.३,४००।०० कवोल गरेको छ। पछि रिप्लेस गरिएको ११०mm dia को PN-10 HDPE पाइपको नयाँ आइटमको लागत अनुमान दर प्रति मिटर रु.१,२७५।७५ रहेकोमा निर्माण व्यवसायीले २.०२ प्रतिशत घटी रु.१,२५०।०० कवोल गरेको देखिन्छ। भेरिएशनमा रिप्लेसमेन्ट आइटमको रुपमा ८३० मिटर ११०mm dia को PN-10 HDPE पाइप राखिएको र सो आइटममा २.०२ प्रतिशत मात्र घटेको छ, जुन रिप्लेसमेन्ट अगाडी रहेको आइटममा भने १७.८४ प्रतिशत घटेको देखिन्छ। पालिकाले रेट नेगोशिएसन गर्दा खरिद सम्झौतामा घटेको प्रतिशतको आधारमा घटाई रिप्लेसमेन्ट गरेको आइटमको दर कायम गर्नु पर्नेमा सो वमोजिम गरेको देखिएन। रिप्लेस गरिएको ११०mm dia को PN-10 HDPE पाइपको लागत अनुमानमा खरिद सम्झौता वमोजिम १७.८४ प्रतिशत घटाउदा प्रति मिटर रु.१,०४८।१५ सम्म दर कायम गर्नुपर्ने देखिएकोले ८३० मिटरको रु.८,६९,९६९।६५ सम्म भुक्तानी दिन मिल्ने देखिन्छ। तर भेरिएशन पछि हाल सम्म भुक्तानी नभएको यस आइटममा रु.१०,३७,५००। भुक्तानी हुनेगरी सम्झौता भएकोले रु.१,६७,५३०।३५ वढी भुक्तानी हुने देखिएकोले सो रकम घटाई भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।

९७.७ **ग्याविन जाली** - आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख भए वमोजिम २*१*१ को Gabion Structure work S.N.11.6, 12.6 र 13.9 को लागत अनुमान प्रति घ.मि.रु.५,७७०।०६ रहेकोमा क्रमशः १६.०३ प्रतिशत घटी रु.४,८४५।००, ३३.७१ प्रतिशत घटी रु.३,८२५।०० र १८.९८ प्रतिशत घटी रु.४,६७५।०० मा कवोल भएको देखिन्छ। भेरिएशनबाट S.N.11.6, 12.6 मा रहेको ९८ घ.मि.लाई घटाई १९.८ घ.मि. कायम गरेको छ। तर २*१*१ को Gabion Structure work लाई रिप्लेस गर्न २*१*०.३० को Gabion Structure work नयाँ आइटमको रुपमा १४१.०१ घ.मि. थप गरी भेरिएशन स्वीकृत भएको देखिन्छ। भेरिएशनको लागि तयार गरिएको लागत अनुमानको आधारमा २*१*०.३० को Gabion Structure work प्रति घ.मि. रु.९,४४२।८८ रहेकोमा १.०९ प्रतिशत घटी रु.९,३४०। कवोल गरेको देखिन्छ। खरिद सम्झौताका वखत वि.ओ.क्यू. मा रहेको २*१*१ को Gabion Structure work लाई हटाई २*१*०.३० को Gabion Structure work कायम गर्नु पर्नाको कारण स्पष्ट भएन। भेरिएशन पछि आयोजनाको विभिन्न ठाँउमा प्रयोग हुने Gabion Structure work मा फरक साईजको Gabion Box राखे तापनि एउटै आयोजनामा प्रयोग हुने Gabion Box रेट नेगोशिएसनबाट सामान्यतया हटाइएको आईटममा खरिद सम्झौता गर्दा घटेको प्रतिशत वरावर घटाई दर कायम गर्नु पर्दछ। भेरिएशनमा २*१*०.३० को Gabion Structure work को रेट नेगोशिएसन हुँदा लागत अनुमानमा १.०९ प्रतिशत मात्र घटेर दर कायम गरी सम्झौता भएको छ। Gabion Structure work २*१*१ नै प्रयोग गर्न सकिने अवस्थामा सो लाई रिप्लेस गरी ७६.२ घ.मि. Gabion Structure २*१*०.३० को भुक्तानी गर्दा प्रति घनमिटर रु.४,४९५।ले रु.३,४२,५१९। वढी भुक्तानी हुने देखिएकोले सो रकम घटाई भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।

९७.८ **कामको गुणस्तर** - STANDARD SPECIFICATION FOR ROAD AND BRIDGE WORKS, Section 2400 को Sub-Section 2416 अन्तर्गत clause 2 मा प्लममा प्रयोग गर्ने निर्माण सामग्रीको गुणस्तर सम्वन्धमा उल्लेख गरेको छ। यस सेक्सनमा “The

size of the stone/rock shall not be larger than 200 mm measured in any direction” उल्लेख गरेको देखिन्छ। निर्माण कार्यको सुपरिवेक्षण गर्न नियुक्त परामर्शदाताले २०२३ नोभेम्बरमा पालिकालाई दिएको प्रतिवेदनमा प्लम कंक्रीटको काममा स्पेशिफिकेशन भन्दा ठूलो आकारको ढुँगा प्रयोग भएकोले भत्काउनु पर्ने व्यहोरा उल्लेख गरी प्रतिवेदन पेश गरेको छ। यसै सन्दर्भमा विर्तामोड नगरपालिकाबाट खटिएका ईन्जिनियर प्रबास थापा मगरले मिति २०८०।१०।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई वुझाएको प्रतिवेदनमा चेनेज ४+१५० देखि ४+२५० सम्म ढुङ्गाको साईज ठुलो प्रयोग गरेको, प्लम वालमा क्युरिङ नगरेको, कंक्रिट कमसल भएको, गिटीको साईज आवश्यकता भन्दा सानो देखिएको भनि प्रतिवेदन पेश गरेको छ। सो पश्चात May, 2024 मा VISWA CONSULT PVT.LTD. वाट प्राप्त ल्याव रिपोर्टमा चेनेज ४+२१० मा Core cutting गरी एक स्याम्पल लिई परीक्षण गरिएकोमा आवश्यक गुणस्तरको काम भएको प्रतिवेदन पेश गरेको जनाएको छ। तर नगरपालिकाबाट खटिएको इन्जिनियरले चेनेज ४+१५० देखि ४+२५० सम्म गुणस्तरिय काम नभएको प्रतिवेदन दिएको अवस्थामा चेनेज ४+२१० को मात्र स्याम्पल लिई सोबाट प्राप्त प्रतिवेदनको आधारमा सवै काम गुणस्तरिय भएको भनि काम अगाडी वढाएको विषयमा आश्वस्त हुन सकिएन। यसै क्रममा लेखापरीक्षणको क्रममा मिति २०८१।९।१९ मा गरीएको स्थलगत अनुगमनको क्रममा निर्माणाधिन प्लम वालमा Specification ले तोकेको 200mm भन्दा ठुलो साइजका ढुङ्गा प्रयोग भएको देखियो। यसबाट VISWA CONSULT PVT.LTD. वाट प्राप्त ल्याव रिपोर्टले गुणस्तरिय काम भएको जनाए तापनि सो पश्चातको काममा स्पेसिफिकेशन वमोजिमको निर्माण सामग्री प्रयोग गरी निर्माण कार्य भएको विषयमा विश्वस्त हुन सकिएन। कामको गुणस्तरको सम्वन्धमा डिएससी र पालिकाले ध्यान दिनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ९७.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९७.९ **Specifications विपरित Weep Holes र Geotextile Filter in Weepholes को New Items VO-1 मा समाबेश** - सडक विभागबाट स्वीकृत STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS, 2073 (2nd Amendment 2078) को SECTION 3100: MISCELLANEOUS WORKS को 3109.2 Measurement मा Unless otherwise specified, Weep holes shall not be measured separately. No deduction in the volume of structures shall be made for weep holes र 3109.3 Payment मा Unless otherwise specified, Weep holes shall not be paid separately. The contract unit rate for respective items shall be deemed to include costs for providing such holes हुने उल्लेख छ। मिति २०८१।२।२२ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार स्वीकृत भेरिएशनमा नयाँ आइटम थप भनि N-1.2, N-2.2 मा Providing and laying weep holes in wing wall and retaining wall with 110mm dia HDPE pipe र N-1.3, N-2.3, N-5.3 मा Providing and laying geotextile filter in weep holes मा रु.२०,६१,५३०।५० राखेको देखिन्छ। STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS, 2073 (2nd Amendment 2078) मा भएको व्यवस्था वमोजिम उपर्युक्त आइटममा भुक्तानी दिन मिल्ने देखिदैन।IPC-4 सम्म N-2.2 मा ११९२ मिटरको रु.५,८४,०८०। र N-2.3 मा १०७.२८ वर्गमिटरको रु.१२,८७३।६० समेत रु.५,९६,९५३।६० मा मुल्य अभिवृद्धि कर रु.७७,६०३।९७ थप समेत रु.६,७४,५५७।५७ भुक्तानी भएको देखिएकोले नपाउने रकम भुक्तानी भएको असूल हुनुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७४,५५८ |

९७.१० **भेरियसन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने तथा विर्तामोड नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को नियम १८ मा २० करोड भन्दा वढि लागत अनुमान भएको निर्माण कार्यको लागत अनुमानको स्विकृति कार्यपालिकाबाट गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०७८।०७९ मा नगरपालिकाले रु.६२,३६,१८,६२१।७४ लागत अनुमान नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना समन्वय कार्यालय बबरमहल काठमाण्डौंको २०७९।३।२९ को पत्रानुसार Bidding Document, Cost Estimates, Project को विस्तृत आयोजना प्रतिवेदन (DPR) परामर्शदाता CEMECA-BEAM-HOMELAND ले तयार गरी पठाएकोमा पालिकाले सोही कागजात वर्षान्तको अवधिमा स्वीकृत गरी २०७९।३।३१ गते सुचना प्रकाशन गरी खरिद कार्य अगाडि बढाएको छ। लागत अनुमानमा BOQ S.N.४ RCC side drain & Kerb stone works को S.N.४.५ Reinforcement को परिमाण १५ मेट्रिकटनको दर रु.१,११,९१९।१५ भएकोमा निर्माण व्यवसायीले रु.११५,६००।००

मा कबुल गरेको छ। त्यस्तै BOQ S.N.१३ Box culverts works को S.N.१३.६ Reinforcement को परिमाण ४० मेट्रिकटनको दर रु.१,११,९१९।१५ भएकोमा निर्माण व्यवसायीले रु.११४,७५०।०० मा कबुल गरेको छ। आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा लागत अनुमानमा Reinforcement (डण्डी) को परिमाण छुट भएको व्यहोरा सहित २०८१।२।२२ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार S.N.४.५ मा ४३५.४८ (मे.ट.) र S.N.१३.६ मा ३५.८२ (मे.ट.) समेत Reinforcement (डण्डी) मा मात्र जम्मा ४७१.३० मेट्रिक टन भेरिएसन आदेश (VO) स्वीकृत गरेको छ। यसमा निर्माण व्यवसायी र पालिकाको २०८१।२।२२ को वार्ताद्धारा S.N.४.५ को १६.५ (मे.ट) को रु.११५,६००.०० र S.N.१३.६ को ४४ (मे.ट) को रु.११४,७५०।०० मा गर्ने र बाँकी ४६५.८० (मे.ट) र नयाँ आइटम थप भएको public waiting shelter मा रहेको १.६७ (मे.ट) समेत ४६७.४७ मेट्रिकटनको रु.११७,८००।०० नयाँ दर निर्धारण गर्दा भेरिएशनबाट आयोजनामा रु.५,५०,६७,९६६।०० मा मुल्य अभिवृद्धि कर समेत रु.६,२२,२६,८०१।५८ थप व्ययभार परेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क. (२) मा लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नुपरेमा बाहेक एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन सुरुको लागत अङ्कमा पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाईन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था छ। पालिकाले यस आयोजनाको कार्यमा Reinforcement (डण्डी), Filling by Stone, Precast M20/20 for RCC side drain cover, HDPE पाईप लगायतका आईटमहरु छुट हुन गएको भनी परिमाण थप गर्दा १४.१३ प्रतिशत अर्थात रु.७,२४,६९,८४२.३० (मु.अ.कर समेत) को थप व्ययभार पर्न गएको छ। यस किसिमको कार्यमा पालिकाले ध्यान दिनु दिनु पर्दछ।

### ९८ बुट्टावारी प्याकुरेल सडक स्तरोन्तीमा लमसम भुक्तानी

खरिद सम्झौताको वि ओ क्यू को S.N.2.1.1.4 मा रहेको Provide Health and safety equipment, First aid tools and medicine for the Engineer at the site office मा राखिएको रु.३,४०,०००। मध्ये IPC-4 सम्म ६० प्रतिशत अर्थात् रु.२,०४,०००। भुक्तानी भएको देखियो। पालिकामा डिएससिले पेश गरेको Monthly Progress Report मा रहेको फोटोहरु हेर्दा Saftey equipment हरु प्रयोग गरेको नदेखिएकोले मिति २०८१।९।१९ मा स्थलगत निरिक्षण गर्दा पनि सोही वमोजिम निर्माणाधिन खण्डमा Warning sign, Barricades, Safety Helmets, gloves आदी प्रयोग भएको देखिएन। यसरी रु.२,०४,०००। लमसम आइटममा भुक्तानी भई सकेको अवस्थामा निर्माणाधिन खण्डमा Warning sign, Barricades, Safety Helmets, gloves लगायतको प्रयोगमा डिएससी र पालिकाले कडाई गर्नु पर्ने देखिन्छ।

### ९९ अन्य निकायको खर्च

पालिकाले आफ्नो क्षेत्रमा रहेका सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका अन्य सार्वजनिक निकाय/कार्यालयहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरेपछी मात्र खर्च व्यहोर्नु पर्दछ । तर पालिकाले भौ. नं. ३२। २०८१।३।७ (कन्टिजेन्सी) बाट भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको पत्रानुसार उक्त कार्यालयको गाडी मर्मत गर्दा लागेको खर्च रु.३,२०,६६४।०० मध्ये रु.१,००,०००।०० भुक्तानी गरिदिन अनुरोध भए बमोजिम गाडी मर्मतको विजक जारी गर्ने युनाइटेड ब्रदर्श एलाइन्सलाई भुक्तानी गरेकोमा तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरेको देखिएन । यसरी छुट्टै वजेट व्यवस्थापन हुने अन्य कार्यालयको खर्च भुक्तानी गरेको कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

### १०० विपद व्यवस्थापन (३३-२०८१-३-२४):

पालिकाले योजना तथा कार्यक्रममा भएको खर्चको भुक्तानी गर्दा वार्षिक स्वकृत बजेट तथा कार्यक्रम अनुसार जुन कार्यक्रमका लागि बजेट विनियोजन गरिएको हो सोहि बमोजिम खर्चको भुक्तानी गर्नुपर्दछ । यसवर्ष वडा नम्बर ९ कार्यालयको विपद व्यवस्थापन तथा भैपरी आउने सानातिना कार्यक्रमका लागि रु. ४ लाख बजेट विनियोजन भएको र उक्त वडाले सो कार्यका लागि रु.४,०४,९२३।०० को लागत अनुमान तयार गरी वडा कार्यालयको तर्फबाट रु.३,२३,५००।०० तथा बाँकी रु.८०,७३९।०० उपभोक्ता समितिबाट व्यहोर्ने गरी कार्य सम्पन्न गराए पश्चात वडा कार्यलयलाई सम्बन्धित शीर्षकमा छुट्याइएको बजेटबाट खर्च लेख्नु पर्नेमा पालिकाको प्रकोप

व्यवस्थापन कोषमा रहेको रकमबाट रु.३,२३,३३४।०० भुक्तानी दिएको छ । यसरी फरक बजेटबाट भुक्तानी गरी खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,२३,३३४ |

१०१ **विपन्न आवास कार्यक्रम**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्बजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्रविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक नापजाँचका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साथै यस्तो कार्यको दर निर्धारण गर्दा स्कृत नर्म्स तथा जिल्ला दररेट समेतका आधारमा दर विश्लेषण गरी कायम गर्नुपर्दछ । पालिकाले वडा नम्बर ८ को स्वीकृत योजना तथा कार्यक्रम अनुसार विपन्नका लागि आवास निर्माण कार्यका लागि वडा कार्यालयले छनोट गरेका ३ जना विपन्न परिवरका लागि रु.९,४६,२०९।०० को लगत अनुमान तयार गरी पालिकाबाट रु.७,५०,०००।०० तथा उपभोक्ता समितिबाट रु.१,९६,२०९।०० व्यहोर्ने गरी सम्झौता गरी रु.९,४७,५१३।००को कार्य सम्पन्न पश्चात भौ. नं. ७१६।२०८१।३।१८ बाट पालिकाको अंश रु.७,५०,०००।०० विपन्न आवास निर्माण समिति वडा नं. ८ लाई भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको सि.नं. १२मा रहेको Local Wood beam, roofing, purlin कार्यको दर प्रति क्यू. मि. रु. ५५,८६८।०० निर्धारण गरी सोहि बमोजिम भुक्तानी भएको छ । उपभोक्ता समितिले पेश गरेको विल भर्पाई अनुसार उक्त काठको कार्यका लागि चिलाउनेको काठ प्रयोग भएको र जिल्ला दररेट अनुसार उक्त काठको दर विश्लेषण गर्दा प्रति क्यू. मि. रु. ११,६४४।०० हुने देखिन्छ । सो दर अनुसार २.१९ क्यू. मि. कार्यका लागि रु. २५,५०२।३१ मात्रको कार्य हुने देखिएको तर रु. ५५,८६८।०० का दरले रु.१,२२,३५१।६४ भुक्तानी भएकोले २० प्रतिशत उपभोक्ताको लागत सहभागिताको अंश घटाइ बढी भुक्तानी भएको रु.७७,४७९।४६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,४७९.४६ |

१०२ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैला वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाले पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१०३ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेकोमा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण पेश गरेको देखिएन । त्यसैगरी पालिकाबाट सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गर्ने गरेको जवाफ दिएतापनि अनुगमन गरी लिखित रुपमा तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१०४ **सामुदायिक वनवाट आय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

## १०५ फोहोरमैला व्यवस्थापन

१०५.१ बिर्तामोड नगरपालिका (पहिलो पक्ष) र निराकार सरसफाई सेवा प्रा. ली. काठमाण्डौ (दोस्रो पक्ष) विच २०७८।१।१५ मा नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि, २०७७ बमोजिम फोहोरमैला व्यवस्थापन सम्बन्धी ३ वर्षे (मिति २०७८।३।१५-२०८१।१।१५ सम्म) सम्झौता भएको देखिन्छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१०५.२ सम्झौताको बुँदा नंबर १.४ मा दोस्रो पक्षले पहिलो पक्षबाट भाडामा लिएको मेशिन तथा ट्याक्टरहरुको भाडा हरेक ३/३ महिनामा नगरपालिकामा बुझाउनु पर्ने तथा बुँदा नंबर ३.१३ मा फोहोरमैला सङ्कलनका लागि दोस्रो पक्षले प्रयोग गरेका ४ वटा ट्याक्टरको प्रति महिना प्रतिगोटा रु.१५०००।०० का दरले पहिलो पक्षलाई बुझाउनु पर्ने उल्लेख छ । दोस्रो पक्षले नियमित रुपमा बुझाउनुपर्ने भाडा बापतको रकम नबुझाए पश्चात पालिकाले मिति २०८०।७।२२ मा दोस्रो पक्षले राखेको पेश्की जमानत बापतको रकम रु.१०,००,०००।०० असुल गरी पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको छ । उक्त सम्झौतामा ट्याक्टर भाडा बाहेक अन्य थप शुल्क, दस्तुर दोस्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेगरी कुनै प्राबधान राखेको देखिएन । दोस्रो पक्षले मिति २०७९।५।२१ मा पालिकामा पत्र दर्ता गराई पहिलो पक्षले उपलब्ध गराएका चालक सहितका ३ वटा ट्याक्टर सोहि मितिबाट फिर्ता गरेको जनाएकोमा पुन: २०७९।६।२८ मा फोहोरमैला सङ्कलनका लागि समस्या भएकोले २ वटा ट्याक्टर उपलब्ध गरादिन पत्र लेखेको तथा नगर प्रमूखबाट तिहार सम्मका लागि उपलब्ध गराईदिनु भनि तोकादेश भए बमोजिम प्रमूख प्रशासकीय अधिकृतले पहिले निर्धारित भाडा भुक्तानी हुनेगरी उपलब्ध गराउने भनि प्रशासन शाखालाई तोक लगाएको समेत देखिन्छ । तत्पश्चात कतिवटा ट्याक्टर कहिलेसम्म दोस्रो पक्षलाई उपलब्ध गराइयो सो सम्बन्धमा कुनै अभिलेख पेश भएन । साथै दोस्रो पक्षले पहिलो पक्षलाई थप भाडा बुझाएको समेत देखिएन । सम्झौताका बखत ४ वटा ट्याक्टर दोस्रो पक्षलाई उपलब्ध गराएकोमा दोस्रो पक्षले ३ वटा फिर्ता गरेको पत्र दर्ता गराएको र पछि कति समयका लागि कतिवटा ट्याक्टर पठाएको हो सो खुल्नेगरी अभिलेख नराखेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । तसर्थ यस सम्बन्धमा पालिकाले थप छानविन तथा एकिन गरी हालसम्म दोसो पक्षलाई उपलब्ध गराएका ट्याक्टरको भाडा बापतको रकम पेश्की जमानतबाट असुल गरेको रु.१०,००,०००।०० बाट पुरा भए नभएको सुनिश्चित गरी नपुग भए थप रकम असुल गर्नुपर्दछ ।

१०५.३ सम्झौता नविकरण – मिति २०७८।१।१५ मा भएको सम्झौताको बुँदा नम्बर ५.१ मा ३ वर्षपछि कार्यसम्पादनका आधारमा २ वर्ष थपगर्न सकिनेछ भनि उल्लेख भए बमोजिम बिर्तामोड नगरकार्यपालिकाको २०८१।१।२६ गतेको बैठकबाट २ वर्षका लागि म्याद थप गर्ने निर्णय भई २०८१।१।१५ देखि २०८३।१।१५ सम्मका लागि पुन: सम्झौता नविकरण गरेको छ ।यस सम्झौतामा पालिकाका ट्याक्टर भाडामा लिने दिने बारे कुनै उल्लेख गरेको नभएतापनि सम्झौताको बुँदा नंबर १.३ मा दोस्रो पक्षले विर्तामोड नगरपालिकाको नाममा रु. ५ लाखको १ वर्ष अवधिको बैंक ग्यारेन्टी उपलब्ध गरानु पर्नेछ र हरेक वर्षको अन्त्यमा बैंक ग्यारेन्टी नविकरण गर्नुपर्नेछ भनि उल्लेख भए बमोजिम दोस्रो पक्षले लुम्विनि विकास बैंकबाट जारी भएको रु. ५ लाखको २ वर्ष (मिति २०८३।२।२८ सम्मको) बैंक ग्यारेन्टी पेश गरेको छ ।

१०५.४ शर्त, जिम्मेवरी र दायित्व – सम्झौताको बुँदा नंबर ३ अन्तर्गत ३.१ देखि ३.१२ सम्म दोस्रो पक्षले पालना गर्नुपर्ने शर्त, जिम्मेवारी र दायित्व सम्बन्धमा उल्लेख गरेको छ । जस अनुसार दोसो पक्षले फोहोर उत्सर्जनको अवस्था हेरी शहरी क्षेत्रमा कम्तिमा हप्तामा ३ पटक र ग्रामिण क्षेत्रमा हप्ताको २ पटक फोहोर सङ्कलन गरी विसर्जन गर्नुपर्ने, फोहोरलाई श्रोतमै बर्गिकरण गर्न आवस्यक प्रबन्ध गर्नुपर्ने, फोहोर सङ्कलन केन्द्रमा लामो समयसम्म फोहोर नराखी विसर्जन गर्नुपर्ने, सम्पादित कार्यको प्रभावकरिताको मूल्यांकन गर्दा प्राप्त पृष्ठपोषणको आधारमा वडा कार्यालय र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्ने लगायतका कुराहरु उल्लेख गरेको छ भने बुँदा नंबर २ मा २.१ देखि २.७ सम्म पहिलो पक्षको शर्त, जिम्मेवारी र दायित्व सम्बन्धमा उल्लेख गरेको छ । जस अनुसार पहिलो पक्षले ल्याण्डफिल्ड तोक्ने देखि नगरपालिका तथा वडा कार्यालय समेतले फोहोरमैलाको व्यवस्थापनका लागि आवस्यक निर्देशन, सहजीकरण, अनुगमन गरी पृष्ठपोषण दिने सम्मका शर्तहरु राखिएकोले दुबै पक्षबाट सम्झौताको प्रभावकारी रुपमा कार्यान्वियन गरी फोहोरमैलाकको उचित व्यवस्थापन गर्नुपर्दछ ।

१०६ **कन्काई बिर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन**

१०६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यताको अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजनाको कार्यान्वयन तालिका र अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कन्काई बिर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन संयुक्त लगानी परियोजना प्रस्तव, २०७९ बमोजिम उक्त संस्थामा शेयर लगानी गर्न यसवर्ष वित्तिय खर्च शीर्षकबाट कन्काई बिर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडलाई रु. १,३४,०१,५९४।०० भुक्तानी गरेको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

१०६.२ **बढी भुक्तानी** – कन्काई, बिर्तामोड तथा अर्जुनधारा नगरपालिका झापाको फोहोरमैला व्यवस्थापन संयुक्त लगानी परियोजना प्रस्ताव, २०७९ को बुँदा नंबर ९.१ लगानी साझेदारी प्रस्तावमा बिर्तामोड नगरपालिकाको लगानी रु. २,५४,०१,५९४।४७ रहने उल्लेख छ । यस नगरपालिकाले उक्त कम्पनी लिमिटेडमा गत आर्थिक वर्षसम्म रु. १,२५,००,०००।०० र यस वर्ष रु. १,३४,०१,५९४।०० समेत रु. २,५९,०१,५९४।०० भुक्तानी गरिसकेको छ । पालिकाले परियोजना प्रस्ताव, २०७९ मा उल्लेख गरेको भन्दा रु. ४,९९,९९९।५३ बढी भुक्तानी गरेकोले उक्त बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९९,९९९.५३ |

१०६.३ **शेयर प्रमाणपत्र** – बिर्तामोड नगरपालिकाको २०७९ भाद्र २५ गते बसेको बैठकको निर्णय अनुसार सो निर्णय भन्दा अगाडी उक्त कम्पनीलाई भुक्तानी गरी सकेको रु. १५,००,०००।०० समेत परियोजनाको कुल स्थिर पूँजिमा समाबेश गर्ने तथा परियोजनाको अन्तिम लेखापरिक्षण गराई उक्त प्रतिवेदन समेतलाई MOU को अंग बनाउने उल्लेख छ । हालसम्म पालिकाको तर्फबाट परयोजना प्रस्तावमा उल्लेख भएको सम्पूर्ण रकम भुक्तानी गरिसकेको अवस्थामा कन्काई बिर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी पब्लिक लिमिटेडबाट प्रमाणपत्र नं.६३९ बाट रु. १००।०० दरको नं. ६४८६३३ देखि नं. ८८७६३२ सम्मको जम्मा २३९००० कित्ता संस्थापक शेयर अर्थात रु. २,३९,००,०००।०० को शेयर मात्र यस नगरपालिकाको नाममा जारी भएको देखिन्छ । नगरकार्यपालिकाको निर्णय तथा परियोजना प्रस्ताव अनुसार बाँकी रु.१५,०१,५९४।४७ को शेयर प्रमाणपत्र समेत यस नगरपालिकाको नाममा प्राप्त भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,०१,५९४.४७ |

१०६.४ फोहोरमैलाको दिगो व्यवस्थापनको लागि लगानी साझेदारी गर्ने सम्बन्धी गरिएको साझेदारी पत्र बमोजिम उक्त कम्पनीले २०७९ पौष महिनाभित्र परियोना सञ्चालन तथा व्यवस्थापन गर्नेगरी सम्झौता भएकोमा लेखापरीक्षण अवधी २०८१ पौषसम्म सोको कार्यसञ्चालन सुचारु भएको पाइएन । जैविक फोहोरमैलाबाट वायोग्याँस तथा कम्पोष्ट मलको परीक्षण उत्पादन भएको एवं अजैविक फोहोर व्यवस्थापन गरी प्लाष्टिक पेभमेन्ट ब्लक उत्पादन कार्य समेत शुरु भएको जनाएपनि स्थानीयको अवरोधका कारण उक्त पेभमेन्ट उत्पादन हाल रोकिएको भन्ने ले. प. क्रममा जवाफ प्राप्त भएको छ । यसरी परीक्षण उत्पादन शुरु गरेको जनाएतापनि उक्त कम्पनीले वायोग्याँस, कम्पोष्ट मल, प्लाष्टिक पेभमेन्ट लगायतका वस्तु नियमित उत्पादन गरी उत्पादित वस्तुको बजारीकरणका लागि स्पष्ट कार्ययोजना सहित कार्य सुचारु गर्न सकेको नदेखिएकोले यस सम्बन्धमा सम्पूर्ण लगानी साझेदारहरुले तदारुकता देखाई परियोजना प्रताव अनुरुप परियोजना सञ्चालन गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

१०७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा २९ योजना सञ्चालन गरी यस वर्ष ६२ जनालाई औसत ८४।०६ दिनले ५२१२ दिन रोजगारी उपलव्ध गराई रु.३४,८१,६१६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका

योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## १०८ सामाजिक सुरक्षा भत्ता

१०८.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले यस वर्ष रु.२९,८६,६६,६०२।- सामाजिक सुरक्षा वापतको रकम निकाशा गरेकोमा लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरी ४ वटै किस्तामा EFT मार्फत निकासा गरेको देखिन्छ।

१. गत वर्षको सामाजिक शुरक्षा खर्च रकम रु.३२,२३,२६,००७।- यस वर्षको प्रथम किस्ता रु.७,७६,०२,०२२।- र दोश्रो किस्ता रु.७,९९,५८,९८४।- तेश्रो किस्ता रु. ८,१५,७४,८८९।- र चौथो किस्ता वापत रु. ८,३१,९१,०९८।- EFT गरी जम्मा खर्च रु.३२,२३,२६,९९३।- सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ। यस वर्ष बढी खर्च भएको रकम रु.२,३६,६०,३९१।- लाभग्रहीहरुको कुल संख्या ४३३ जना वृद्धि भएको कारण गत बर्षको भन्दा वढी खर्च भएको पालिकाको भनाई रहेको छ। गत वर्ष र यस वर्षको लाभग्राहिको विवरण देहायबमोजिम छनः-

| सामाजिक सुरक्षा प्रकार | आ.व. ०७९-८० चौथो त्रैमासिक | | आ.व. ०८०-८१ चौथो त्रैमासिक | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ४५९४ | ५४५४३७७७ | ४९३१ | ५८६०८०८० |
| जेष्ठ नागरिक भत्ता (दलित) | १७७ | १३९००६५ | १७८ | १३९११८० |
| जेष्ठ नागरिक एकल महिला | ६२४ | ४९१०४४६ | ५७७ | ४५८०५२० |
| विधवा | १२०६ | ९५२६८३३ | १२९६ | १०२३८३४० |
| पूर्ण अपाङ्गता भत्ता | ३०९ | ३६५९०९६ | ३२२ | ३८०९६६५ |
| अति अशक्त अपाङ्गता भत्ता | ३४० | २१५२७८१ | ३५७ | २२४९२९६ |
| दलित बालबालिका | २२७ | ३४८८८७ | २३८ | ३६२९०७ |
| लोपन्मुख जाति | १४७ | १७५९५९० | १६३ | १९५१११० |
| जम्मा | ७६२४ | ७८२९१४७५ | ८०६२ | ८३१९१०९८ |

सामाजिक सुरक्षा भत्ता वितरणको वार्षिक विवरण

**(विस्तृत विवरण बेरूजु दफा १०८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०८.२ बढी निकासा- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १५(२) अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था गरेको छ । यस वर्ष नगरपालिकावाट निकासा भएको सामाजिक सुरक्षा भत्ताको परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरुको मृत्यु पश्चात पनि भत्ता वापतको रकम निकासा

भएको पाइएकोले त्यस्तो निकासा भएको रकम फिर्ता गरिसकेको भएमा प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बैंकबाट फिर्ता माग गरी तथा वितरण भएको पाईएमा बुझिलिनेबाट असुल गरि संघीय सञ्चितकोषमा जम्मा गर्नु पर्ने रु.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९९२१२०१००१०९ | खिन माया कार्की | १४०/२२२७ | ४००० | ६६१५३ | चौथो त्रैमासिकमा १ महिना २१ दिनको बढी भुक्तानी | ६६२५ |
| १९९३०६२९००२६६ | अमृता बस्नेत | ०४-०१-७८-०३४७३ | ४००० | ६६०८५ | तेस्रो त्रैमासिकमा २५ दिनको बढी भुक्तानी | ३३३३ |
| वडा नं २ | | | | | | |
| १९९९०८१५००६७२ | केन्द्र प्रसाद पराजुली | १३०५/११२ | ४००० | ६५९१५ | दोस्रो त्रैमासिक पुरै र प्रथम त्रैमासिक १२ दिनको | १३६०० |
| २०१००११७००१९९ | राधिकादेवी संग्रौला | १९२७१०९ | ४००० | ६५८९६ | दोस्रो त्रैमासिक पुरै र प्रथम त्रैमासिक १ महिना १ दिनको | १६१२९ |
| १९९१०९०१००२२२ | गोपिनाथ हेमरम | ०४१०१३/३० | ४००० | ६६१७४ | चौथो त्रैमासिकमा २७ दिनको बढी भुक्तानी | ३४८४ |
| १९९१०४०१०७१७८ | तुलसी प्रसाद थपलिया | १९२७८२८ | ४००० | ६५८९९ | प्रथम त्रैमासिकमा २८ दिनको बढी भुक्तानी | ३७३३ |
| २०१२१२०६०५८२२ | गिता देवि आचार्य | ३२३५८३८२ | ४००० | ६६१७२ | चौथो त्रैमासिकमा २९ दिनको बढी भुक्तानी | ३७४२ |
| वडा नं ३ | | | | | | |
| २०१११२१७०३६५१ | कृष्ण बहादुर मगर | ५७८१०६९४ | ४००० | ६६१०१ | तेस्रो त्रैमासिकमा ९ दिनको बढी भुक्तानी | १२०० |
| २००१०२२८००३५९ | उमा देवी पोखरेल | १२८१७२२ | ४००० | ६५८३७ | प्रथम त्रैमासिकमा ३१ दिनको बढी भुक्तानी | ११८७५ |
| २०१०११०१००२१८ | निर्मला ढुंगेल | ५७०९२७१९ | ४००० | ६६१६० | चौथो त्रैमासिकमा १८ दिनको बढी भुक्तानी | २२६६ |
| २००७०७०५०३६०५ | लिला अधिकारी | ०४१०१३।९९७ | ४००० | ६६००५ | दोस्रो त्रैमासिकमा १३ दिनको बढी भुक्तानी | १७९३ |
| वडा नं ४ | | | | | | |
| १९७८०४०५००२८८ | कौशिला देवी सिलवाल | ४५९३२८३७ | ४००० | ६५९९७ | दोस्रो त्रैमासिकमा २१ दिनको बढी भुक्तानी | २८९७ |
| १९८८०४०२००८३९ | धन माया पुरी | ८९८९१ | ४००० | ६५८९३ | दोस्रो त्रैमासिक पुरै र प्रथमको १ महिना ४ दिन बढी भुक्तानी | १६५१६ |
| २००६१२२४००१०९ | शान्तामाया निरौला | ७६१५ ३३५४ | ४००० | ६५९४८ | दोस्रो त्रैमासिकमा २ महिना ९ दिनको बढी भुक्तानी | ९२०० |
| २००२११०१०१७८३ | लाल प्रसाद काफ्ले | ११८०१७३६ | ४००० | ६५८९३ | प्रथम त्रैमासिकमा १ महिना ४ दिनको बढी भुक्तानी | ४५१६ |
| २००४०७२८००८६५ | रुद्र प्रसाद संग्रौला | ४५९८ | ४००० | ६६१८५ | चौथो त्रैमासिकमा १६ दिनको बढी भुक्तानी | २०६५ |
| वडा नं ५ | | | | | | |
| २००६१००५०३९१६ | खग प्रसाद अधिकारी | ८८५०६ | ४००० | ६५९५५ | दोस्रो त्रैमासिकको पुरै भुक्तानी | ८२६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २००८१०२४०१७९२ | राज कुमार अग्रवाल | ०४३०१५।३४९ | ४००० | ६५९४६ | दोस्रो त्रैमासिकको पुरै भुक्तानी | ९४६७ |
| वडा नं 6 | | | | | | |
| २०११०८०२०२३८३ | चन्द्र कुमारी लावती | ३५७४३३५ | ४००० | ६५९८८ | दोस्रो त्रैमासिक सम्म पुरै भुक्तानी | ४००० |
| वडा नं ८ | | | | | | |
| १९९४०६१९००१२५ | उमानाथ पौडेल | ६५८४१०३५३६ | ४००० | ६६०८६ | तेस्रो त्रैमासिकमा २४ दिनको बढी भुक्तानी | ३२०० |
| २०१२०४०१०३१३३ | राधा कुमारी खड्का | ३५७४३२२३ | २६६० | ६५८४४ | दोस्रो त्रैमासिक पुरै र प्रथम त्रैमासिकको २ महिना २४ दिनको बढी भुक्तानी | १५२९५ |
| वडा नं ९ | | | | | | |
| १९९४०४०१२७३९४ | फुलमाया सार्की | १६१६९०३५ | ४००० | ६५८७४ | दोस्रो त्रैमासिक पुरै र प्रथम त्रैमासिक १ महिना २३ दिनको बढी भुक्तानी | १८९६८ |
| १९९३०९२३०००९९ | तल माया बुढाथोकी | ३५७४४०५६ | ४००० | ६५९०४ | दोस्रो, तेस्रो त्रैमासिक पुरै र प्रथम त्रैमासिकको २३ दिनको बढी भुक्तानी | २७०६७ |
| १९८८०५१२०००८२ | शिव प्रसाद आचार्य | ३५७४६८२ | ४००० | ६५९१९ | दोस्रो त्रैमासिक पुरै र प्रथम त्रैमासिक ८ दिनको बढी भुक्तानी | १३०६७ |
| वडा नं 10 | | | | | | |
| १९९९०८१६००२४१ | भीम बहादुर राई | ११२६४४१ | ४००० | ६६०६९ | तेस्रो त्रैमासिकको पुरै भुक्तानी | ५४६७ |
| जम्मा | | | | | | १९७८१४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९७,८१४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : विर्तामोड नगरपालिका, झापा , बिर्तामोड नगरपालिका , झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विनोद कुमार न्यौपाने | २०७८-१०-२१ | २०८०-११-३० |
| कार्यालय प्रमुख | राधाकृष्ण खतिवडा | २०८०-१२-१ | २०८१-६-२० |
| कार्यालय प्रमुख | सागर मिश्र | २०८१-११-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तेजिन्द्र तामाङ | २०७८-७-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,७०७,१४८.०८ | ८८,६८८,६२२ | १०,१५५,४६६.४७ | ० | ० | ८,५९६,६४१ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११५,१४७,८७७.५५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ९,६२०,२१७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १०५,५२७,६६०.५५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३१९९१९१०६.३२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ७४९१७०००० | चालु खर्च | ५५४११६३३१.३५ |
| प्रदेश सरकारबाट अनुदान | ३३२५३०१४ | पूँजीगत खर्च | ४६००१३७८६.९७ |
| राजश्व बाँडफाँट | २११८३८७३२.१३ | वित्तीय/अन्य व्यवस्था | ५६८२७७२७७.४३ |
| आन्तरिक आय | १८२१५३४२३.३९ | | |
| अन्य आय | ४९७९९७२७६.७९ | | |
| कुल आय | १६७४४१२४४६.३१ | कुल खर्च | १५८२४०७३९५.७५ |
| बाँकी मौज्दात | | ४११९२४१५६.८८ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ३१,४२,८७,३३८.९३ | ०.०० | ३१,४२,८७,३३८.९३ | २७,३१,३५,२३२.३२ | ०.०० | २७,३१,३५,२३२.३२ |
| १३००० | अनुदान | | ७०,२२,२५,४५५.९१ | ०.०० | ७०,२२,२५,४५५.९१ | ७२,२२,८३,५३९.७९ | ०.०० | ७२,२२,८३,५३९.७९ |
| १४००० | अन्य राजस्व | | ८,९२,४८,२२५.०७ | ०.०० | ८,९२,४८,२२५.०७ | ९,७५,००,८५१.०३ | ०.०० | ९,७५,००,८५१.०३ |
| १५००० | विविध प्राप्ति | | १७,३९,०८२.०० | ०.०० | १७,३९,०८२.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | १,१०,७५,००,१०१.९१ | | १,१०,७५,००,१०१.९१ | १,०९,२९,१९,६२३.१४ | | १,०९,२९,१९,६२३.१४ |
| ३ | चालु | | ५५,४१,१६,३३१.३५ | ०.०० | ५५,४१,१६,३३१.३५ | ५८,८४,१५,०९१.२९ | ०.०० | ५८,८४,१५,०९१.२९ |
| २१००० | पारिश्रमिक / सुविधा | | २७,५२,८१,३५९.९२ | ०.०० | २७,५२,८१,३५९.९२ | २८,२९,८२,९२०.०० | ०.०० | २८,२९,८२,९२०.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | २३,३४,४१,५२६.१८ | ०.०० | २३,३४,४१,५२६.१८ | २७,९२,४३,०५६.२९ | ०.०० | २७,९२,४३,०५६.२९ |
| २५००० | सहायता (Subsidy) | | ३,२१,४६,०२८.२५ | ०.०० | ३,२१,४६,०२८.२५ | ६०,७८,३१९.०० | ०.०० | ६०,७८,३१९.०० |
| २६००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | ३४,८२,८९९.०० | ०.०० | ३४,८२,८९९.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,१२,४२,८२४.०० | ०.०० | १,१२,४२,८२४.०० | १,३१,२९,६७६.०० | ०.०० | १,३१,२९,६७६.०० |
| २८००० | अन्य खर्च | | २०,०४,५९३.०० | ०.०० | २०,०४,५९३.०० | ३४,९८,२२१.०० | ०.०० | ३४,९८,२२१.०० |
| ४ | पूंजीगत | | ४६,००,१३,७८६.९७ | ०.०० | ४६,००,१३,७८६.९७ | ४१,६१,८८,९५४.०० | ०.०० | ४१,६१,८८,९५४.०० |
| ३१११० | भवन तथा संरचना | | ४,२६,१८,०१०.०० | ०.०० | ४,२६,१८,०१०.०० | ७,७२,९९,४९३.०० | ०.०० | ७,७२,९९,४९३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५५,८८,९६९.०० | ०.०० | ५५,८८,९६९.०० | १,१६,५४,५३५.०० | ०.०० | १,१६,५४,५३५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ०.०० | ०.०० | ०.०० | १२,००,८५८.०० | ०.०० | १२,००,८५८.०० |
| ३११४० | सुरक्षा उपकरण | | ०.०० | ०.०० | ०.०० | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ३९,९३,००,४४४.०० | ०.०० | ३९,९३,००,४४४.०० | ३२,४५,३२,०६८.०० | ०.०० | ३२,४५,३२,०६८.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,२५,०६,३६३.९७ | ०.०० | १,२५,०६,३६३.९७ | १०,०२,०००.०० | ०.०० | १०,०२,०००.०० |
| ५ | वित्तीय | | १,३४,०१,५९४.०० | ०.०० | १,३४,०१,५९४.०० | १,०५,००,०००.०० | ०.०० | १,०५,००,०००.०० |
| ३२१५२ | अन्य संस्थामा शेयर लगानी | | १,३४,०१,५९४.०० | ०.०० | १,३४,०१,५९४.०० | १,०५,००,०००.०० | ०.०० | १,०५,००,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | १,०२,७५,३१,७१२.३२ | | १,०२,७५,३१,७१२.३२ | १,०१,५१,०४,०४५.२९ | | १,०१,५१,०४,०४५.२९ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ७,९९,६८,३८९.५९ | | ७,९९,६८,३८९.५९ | ७,७८,१५,५७७.८५ | | ७,७८,१५,५७७.८५ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | २,९०,४२,०१५.४५ | | २,९०,४२,०१५.४५ | ३,१३,१९,४२८.४२ | | ३,१३,१९,४२८.४२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १०,९०,१०,४०५.०४ | | १०,९०,१०,४०५.०४ | १०,९१,३५,००६.२७ | | १०,९१,३५,००६.२७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३०,२९,१३,७५१.८४ | | ३०,२९,१३,७५१.८४ | १९,३७,७८,७४५.५७ | | १९,३७,७८,७४५.५७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४१,१९,२४,१५६.८८ | | ४१,१९,२४,१५६.८८ | ३०,२९,१३,७५१.८४ | | ३०,२९,१३,७५१.८४ |

## बेरूजु दफा ९७.८ सँग सम्बन्धित विवरण - अनुसूची -४

प्लम कंक्रीट र सोलिङमा प्रयोग भएको ढुङ्गाः











बेरूजु दफा १०८.१ सँग सम्बन्धित विवरण - अनुसूची -५

| वर्गिकरण | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौँथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| Senior citizen’s allowance-Others | ४५९६ | ५४५६२३५० | ४५९६ | ५४५६२३५० | ४७४० | ५६१३७५७४ | ४७३६ | ५६०८९५७४ | ४८४० | ५७२६३९८२ | ४८३७ | ५७२३९०१६ | ४९३६ | ५८६५६२०९ | ४९३१ | ५८६०८०८० |
| Senior citizen’s allowance-Dalit | १६४ | १२९८०८० | १६४ | १२९८०८० | १७५ | १३६९९०० | १७५ | १३६९९०० | १७८ | १३९६५०० | १७८ | १३९६५०० | १७८ | १३९११८० | १७८ | १३९११८० |
| Senior Citizen's Single women’s allowance | ५७८ | ४५८८५०० | ५७८ | ४५८८५०० | ५९१ | ४६५७६६० | ५९१ | ४६५७६६० | ५९० | ४६७५७१४ | ५९० | ४६७५७१४ | ५७७ | ४५८०५२० | ५७७ | ४५८०५२० |
| Senior Citizenship Area | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Widow | ११७८ | ९२५४२२६ | ११७८ | ९२५४२२६ | १२३९ | ९६७९५५७ | १२३९ | ९६८७५३७ | १२६८ | ९९९३६२० | १२६८ | १०००१६०० | १२९९ | १०२६२२८० | १२९६ | १०२३८३४० |
| Full Disability | ३०० | ३५६५१९८ | ३०० | ३५६५१९८ | ३१३ | ३६८८५५३ | ३१३ | ३६८८५५३ | ३१८ | ३७६३०४७ | ३१८ | ३७६३०४७ | ३२३ | ३८२१६३५ | ३२२ | ३८०९६६५ |
| Severely Disabled Grant | ३३८ | २१३०१२८ | ३३८ | २१३०१२८ | ३४८ | २२०३९७२ | ३४७ | २१९७५८८ | ३५० | २२१७३७६ | ३४९ | २२१०९९२ | ३५८ | २२५५६८० | ३५७ | २२४९२९६ |
| Child Nutrition Grant(Area) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Child Nutrition Grant-Endangered | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Child Nutrition Grant(Dalit) | २०५ | ३१६२७० | २०५ | ३१६२७० | २२३ | ३४१००२ | २२३ | ३४१००२ | २३४ | ३४८८८० | २३४ | ३४८८८० | २३८ | ३६२९०७ | २३८ | ३६२९०७ |
| Endangered Indigenous | १५९ | १८८७२७० | १५९ | १८८७२७० | १६० | १९१५२०० | १६० | १९२७१७० | १६१ | १९२७१७० | १६१ | १९३९१४० | १६४ | १९६३०८० | १६३ | १९५१११० |
| Total | ७५१८ | ७७६०२०२२ | ७५१८ | ७७६०२०२२ | ७७८९ | ७९९९३४१८ | ७७८४ | ७९९५८९८४ | ७९३९ | ८१५८६२८९ | ७९३५ | ८१५७४८८९ | ८०७३ | ८३२९३४९१ | ८०६२ | ८३१९१०९८ |
| | | | | | | | | | | | | | | | | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- स्थानीय तहमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।